## अध्याय:एक

## परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

नेपालको विभिन्न राजनीतिक आन्दोलन २००७ साल २०४६ साल र २०६२/६३ सालमा महिलाहरूको अहम भूमिका पाइन्छ । त्यस्तै २०५२ सालमा माओवादी पार्टीले सुरू गरेको माओवादी जनयुद्धमा पनि महिलाको उलेख्य रहेको पाइन्छ । नेपालमा माओवादी सशस्त्र द्वन्द २०५२ फाल्गुन १ मा सुरु भयो, भने २०६३ मङ्सिर ५ मा नेपाल सरकार र माओवादी पार्टी बीच विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरेसंगै यस युद्धको समाप्त भएको थियो (कार्की र सेडन, २००३) ।

जनयुद्ध सुरु गर्नुअघि तत्कालीन राज्यपक्षलाई नेकपा (माओवादी) ले बुझाएको ४० बुँदे मागपत्रमा महिलासम्बन्धी बुँदामा यस्तो थियो "महिलामाथिको पितृसत्तात्मक शोषणको अन्त्य गरिनु पर्छ । छोरीलाई छोरासरह पैतृक सम्पत्तिमाथि समान अधिकार दिइनुपर्छ" । यो नेपाली कानूनको विशेष मुद्दामा केन्द्रित छ । "पितृसत्तात्मक शोषण र महिलामाथि हुने भेदभाव बन्द गर्नुपर्छ । छोरीहरूलाई पैतृक सम्पत्तिमा पहुँच दिनु पर्छ ।" यहाँको दोस्रो वाक्यले सुझाव दिए अनुसार, नेपाली कानूनले ऐतिहासिक रूपमा महिलाहरूलाई अविवाहित र ३५ वर्षभन्दा माथिको उमेर नहुँदासम्म सम्पत्तिको हकमा प्रतिबन्ध लगाएको थियो । यद्यपि, नागरिक संहिताको यो सिद्धान्तलाई काठमाडौंको मूलधारका नारीवादी संगठनहरूले लामो लडाइँपछि सन् २००१ मा परिवर्तन गरेको थियो । सिद्धान्तमा महिलाहरूलाई समान सम्पत्ति अधिकार प्रदान गर्दछ (pettigrew and shneiderman, 2004) ।

नेपालको माओवादी विचारधारा, जसले महिलाहरूको मुक्ति, लैङ्गिक विभेदको अन्त्य र पितृसत्तात्मक सोचमा परिवर्तन ल्याउनमा जोड दिएको थियो । यसले गर्दा ठूलो संख्यामा महिलाहरू लडाकु बन्न पुगेको देखिन्छ । विभिन्न अध्ययनका अनुसार जनयुद्धमा उलेख्य रूपमा महिलाहरूको सहभागिता रहेको थियो । कुल माओवादी लडाकुको ३०-४० प्रतिशत महिला रहेका थिए (के.सी, २०१८) ।

नेपालको पितृसत्तात्मक व्यवस्थाले ऐतिहासिक रूपमा महिलाहरूलाई पुरुषको तुलनामा समाजको कम नागरिक ठानेर सीमान्तकृत गरेको छ । महिलालाई शक्तिको स्थिति र ज्ञानको उत्पादन बाट वञ्चित गरिएको छ जसले पुरुष विचारधारालाई नेपाली समाजमा

विश्वव्यापी ज्ञानको रूपमा कायम राख्न सक्षम बनाएको छ । यस प्रकारको विचारधाराले महिलालाई पुरुषभन्दा आश्रित र निष्क्रिय मानेको छ । महिलालाई पुरुषको अधीनमा राख्ने कुरालाई पनि कानुनले वैधता दिएको थियो । अधिकांश महिलासँग नागरिकता छैन । अप्रिल २००६ मा लागु भएका कानुनले महिलालाई नागरिकता प्रदान गरेको भए पनि गाउँ तहमा महिलाका लागि ३३ प्रतिशत आरक्षण लागु हुन सकेको छैन । महिलाहरूले देशमा पारिवारिक विरासत हुँदाहुँदै पनि नागरिकतामा अनौपचारिक बाधाहरूको सामना गरिरहन्छन् (असमान नागरिक, २००६) ।

नेपाली महिलाको पितृसत्तात्मक सम्बन्ध बाहिर कहिल्यै पनि आफ्नो पहिचान हुँदैन । उसको आफ्नै जीवनमा अधिकार छैन । यसले समाजको उत्पीडनकारी जातीय र वर्गीय विभाजनलाई धेरै तहमा महिलासहित प्रतिबिम्बित गरेको छ । पुरुषद्वारा महिलामाथिको उत्पीडन शक्ति र ज्ञानमा तिनीहरूको धमिलो पहुँचले २०५२ देखि २०६३ सम्म नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को नेतृत्वमा भएको जनयुद्धको रूपले हिंसात्मक रूप पाएको थियो । महिलाको अधिनताको युग लामो विचारधारालाई चुनौती दिइएको थियो (शर्मा, २००१) ।

आफू सदियौंदेखि शोषणमा परेको कुरा थाहा पाउन थालेपछि, महिलाहरू माओवादी जनयुद्धमा बन्दुक बोकेर घर, व्यवहार, भान्सा, परिवार, छोडेर पार्टी कमिटीमा आफ्नो भूमिका निर्वाह गरेका थिए । माओवादी जनयुद्धले विशेष गरी ग्रामीण भूभागमा रहेका महिलाहरू, दलित, जनजाति महिलाहरू, उत्पीडनमा परेका महिलाहरू, पहाडी भूभागमा रहेका महिलाहरूलाई बढी मात्रमा आकर्षित गरेको थियो (चन्द,२०२२) । हिसिला यमी ( २०६३) का अनुसार “महिलाहरूको दोहोरो शोषणको सामना गरिरहेका थिए । जसका कारण उनीहरूमा प्रतिरोधको क्षमता पनि दोब्बर थियो । माओवादीले त्यही दोब्बर क्षमता देखेर लडाकु दस्तामा महिलाहरूलाई सहभागिता गराएको थियो (यमी,२०६३) ।

यसै सन्दर्भमा जनयुद्धको उदगम थलोको रूपमा रहेको पश्चिम नेपालको रोल्पा र रुकुममा जनयुद्धमा महिलाहरूको सहभागिता कस्तो थियो भनेर अध्ययन गर्नु महत्वपूर्ण छ । जनआन्दोलन २०६२/६३ पछि जनयुद्ध समाप्त भई राजतन्त्र हटेर गणतन्त्र आउन सफल भयो, धर्मनिरपेक्षता भयो, संघीयता स्थापना भयो, समाजमा उत्पीडनमा परेका जाती, वर्ग, लिङ्गहरूले आफ्नो दबिएको आवाज उठाएर बोल्न पाउनु अधिकार प्राप्त गरेका थिए । त्यसैको सकारात्मक नतिजा स्वरूप रोल्पा र रुकुमबाट ठुलो संख्यामा महिला लडाकुको

सहभागिता देखिएको थियो । युद्ध पहिलाको समाजमा महिला प्रति गरिने व्यवहार र जनयुद्धपछि गरिने व्यवहारमा फरकहरू आयो ।

यस ऐतिहासिक घटनापछि जनयुद्धले ल्याएको महिला अधिकारमा के कस्तो परिवर्तन भयो, दिगो भयो कि भएन भनी जान्नु आवश्यक छ । यस अनुसन्धान को क्षेत्र पश्चिम रुकुमको आठसिकोट नगरपालिका रहेको छ । यस अनुसन्धानमा जनयुद्धले लैङ्गिक भूमिका र मूल्य मान्यतामा ल्याएको परिवर्तन र जुन जनयुद्धमा आएको परिवर्तन युद्ध समाप्ति पछि कत्तिको दिगो हुन सक्यो भन्नेमा आधारित छ ।

## १.२ समस्याको कथन

इतिहासलाई केलाएर हेर्यौं भने दास युगदेखि आजसम्म महिला समुदाय ऐतिहासिक रूपमा नै पछि पर्दै आएको छ । सम्पूर्ण सामाजिक परिवर्तनहरू महिलाको सहभागी बिना सम्भव छैन । रुसको सफल क्रान्तिको नेतृत्व गर्ने साम्यवादी नेता लेनिनले क्रान्तिको सफलता उक्त क्रान्तिमा महिलाको कस्तो सहभागिता छ, त्यसले निर्धारण गर्छ भनेका थिए । लेनिनले भनेजस्तै नेपालको जनयुद्धको सफलताका पछाडि महिलाहरूको महत्वपूर्ण भूमिका थियो भन्ने यथार्थमा कसैको दुईमत हुन सक्दैन (यमी, २०५७) ।

नेपालमा गृहयुद्धको समयमा महिलाहरूको संलग्नता बाक्लो रहेको थियो । नेपाल कम्युनिष्ट माओवादीले ४०% महिलाको सहभागिता रहेको दावी गरेको छ (शर्मा,२०१९) । जनयुद्धको सबैभन्दा उल्लेखनीय पक्ष मध्यको एउटा ठूलो संख्यामा महिलाहरूको उपस्थिति हो । जनयुद्धको दशकमा महिला लडाकुको ठूलो सहभागिता रहेको थियो । सामन्तवाद  समाजमा जहाँ महिलाहरू आधिकारिक रूपमा सैनिक थिएनन् । जहाँ महिलाले लड्न सक्दैनन् भन्ने धारणा थियो त्यहाँ महिलाको संग्लनता ठुलो थियो । किन माओवादी आन्दोलनले यति धेरै संख्यामा नेपाली महिलालाई आकर्षित गर्यो भने माओवादीको मुख्य श्रेय लैङ्गिक एजेण्डा र महिला सशक्तीकरणको सम्भावना पनि रहेकोले थियो (के.सी र जिम्मा,२०१८) ।

समाज परिवर्तनकोलागी द्वन्द्व आवश्यक छ । द्वन्द्व पश्चात भएका हानिहरूको क्षतिपूर्ती र व्यवस्थापन गर्नु राज्यको कर्तव्य हुन आउँछ । यदि त्यसो गरिदैन भने फेरी त्यहिबाट अर्को द्वन्द्वको सुरुवात हुन्छ जो आत्मघाति र विध्वंसकारी हुन सक्छ (लामा, २०७६) ।

आजसम्म जति पनि पूर्व लडाकु महिलाको बिषयमा खोज अनुसन्धान, शोधपत्र तथा पुस्तकहरू रहेका छन् । त्यसमा जनयुद्धको दौरान भएका लैङ्गिक परिवर्तनको विषयमा

विभिन्न खोज, अध्ययन, अनुसन्धान भएको पाइन्छ । तर, जनयुद्धले लैङ्गिक भूमिका र मूल्य मान्यतामा आएको परिवर्तन र त्यसको दीर्घकालिन भए नभएको विषयमा अनुसन्धान भएको पाएको छैन । माओवादी पार्टी र सरकार बीच  वार्तालाप भयो । माओवादी  शान्ति प्रकृयामा फर्किएपछि जुन लैङ्गिक परिवर्तनहरू जनयुद्धमा पार्टीभित्र देखिएका थिए । समाजमा लडाकुहरू फर्केर आउँदा त्यो लैङ्गिक परिवर्तनले निरन्तरता पायो कि पाएन ? उनीहरूले घर व्यवहार, भान्छा, परिवार सबै छोडेर बन्दुकको सहाराले व्यवस्था परिवर्तन गर्न गएका थिए तर शान्ति प्रकृया भएपछि ती परिवर्तनहरूले निरन्तरता पाए वा पाएनन् ? तर ती परिवर्तन भएका कुराहरू दीर्घकालीन हुन सके वा सकेनन् ? अहिलेसम्म ती परिवर्तनहरू यथावत छन् या छैनन् ? जनयुद्ध अन्त्य वा शान्ति सम्झौतापछिको निरन्तरतामा त्यति  धेरै खोज अनुसन्धान भएको दखिदैन । त्यसैले म यसलाई मुख्य विषयको रूपमा लिई निम्न अनुसन्धान प्रश्नका आधारमा यो अध्ययन गरिएको छ ।

यस अध्ययनको अनुसन्धान प्रश्न निम्नलिखित छन् ।

- पश्चिम रुकुममा जनयुद्धले लैङ्गिक भूमिका र मूल्यमान्यतामा कस्तो परिवर्तन ल्यायो ? परिवर्तन भएका वा नभएका लैङ्गिक सवालहरू के के छन् ?
- लैङ्गिक भूमिकामा जनयुद्धले ल्याएका परिवर्तनहरू कत्तिको दिर्घकालीन भए ? शान्ति सम्झौतापछि निरन्तरता पाउन सके वा सकेनन् ?

### १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको सामान्य उद्देश्य पश्चिम रुकुममा जनयुद्धले लैङ्गिक सम्बन्धमा ल्यायको परिर्वतनको बारेमा खोजी गर्नु रहेको छ ।

अध्ययनको विशिष्ट उद्देश्य निम्नानुसार हुनेछन् :

१  माओवादी विद्रोहले लैङ्गिक सम्बन्धमा ल्याएको परिर्वतन पत्ता लगाउनु ।

२  ती परिर्वतनहरूले शान्ति सम्झौतापछि निरन्तरता पाउन सके वा सकेनन् पत्ता लगाउनु ।

### १.४ अध्ययनको औचित्य

विभिन्न संघसंस्था तथा सरकारी निकायहरूले माओवादी विद्रोहद्वारा महिलाहरूको समाजिक रूपान्तरण, प्रभावहरू र परिणामको बारेमा अध्ययन अनुसन्धान गरे पनि माओवादी विद्रोहले

लैङ्गिक सम्बन्धमा ल्याएका परिवर्तन र आएका परिवर्तनहरूले शान्ति सम्झौतापछि निरन्तरता पाउन सके कि सकेनन् भनेर अध्ययन अनुसन्धान गरिएको छैन । यस अध्ययनले माओवादी विद्रोहले लैङ्गिक सम्बन्धमा ल्याएका परिवर्तन र आएका परिवर्तनहरूको शान्ति सम्झौतापछि निरन्तरता पाउन सके कि सकेनन् भनेर खोजी गर्ने यस अध्ययनको औचित्य रहेको छ ।

# अध्याय दुई

# साहित्यको पुनरावलोकन

यस अध्ययनले माओवादी विद्रोहले लैङ्गिक सम्बन्धमा ल्याएको परिवर्तनको संक्षिप्त विवरण दिन्छ । कुनै पनि अनुसन्धान गर्दा सो अनुसन्धानसँग सम्बन्धित विषय वा शीर्षकमा संस्थागत, व्यक्तिगत र स्वतन्त्र रुपमा अघि नै के कस्ता अध्ययन-अनुसन्धान भएका छन र के कति हुन बाँकी छन र थप सूचनाहरु प्राप्त गर्न विभिन्न लेख र रचना, प्रतिवेदन, पत्रपत्रिका, पुस्तक, शब्द वा ज्ञान कोषहरु, प्रकाशित तथा अप्रकाशित शोधपत्र तथा अभिलेख र जर्नलहरु आदिको गहन अध्ययन गर्नुलाई नै साहित्य पुनरावलोकन भनिन्छ (वैद्य, २०७३) । यस अध्यायमा मैले व्यवहारिक र सैद्धान्तिक अध्ययनको समीक्षा गरेकि छु ।

## २.१ व्यवहारिक समीक्षा

### २.१.१. विश्वमा महिलाको अवस्था

संगठित रुपमा आन्दोलनको सुरुवात सबैभन्दा पहिले महान फान्सेली क्रान्तिको बेला भयो । महिला समानताको पक्षमा आवाज उठाउने पत्रिकाहरु निस्कन थाले महिला समानताको कुरा उठाउने महिला क्लवहरुको प्रचार प्रसार भएपछि महिला समितिहरु अस्तित्वमा आए । सन १७४८ मा ओलिम्पप द गाउजेस' ले नागरिक अधिकारको घोषणा पत्रमा महिला अधिकारको कुरा उठाएर सन् १७९१ मा राष्ट्रिय सभामा प्रस्तुत गयो । त्यस घोषणा पत्रमा महिला र पुरुष विचमा पूर्ण सामाजिक, राजनितिक समानताको माग गरिएको थियो । फान्समा महिला सम्बन्धी केहि कानून ल्याए पनि त्यसलाई पछि न्यून बनाइदिए (नारी आव्हान, २०६०) ।

विश्वमा महिला मुक्ति आन्दोलनको इतिहास हेर्दा मजदुर आन्दोलन सँगै महिला मुक्ति आन्दोलन अगाडि बढ्दै गएको देखिन्छ । विश्व स्तरमा उठेका महिला आन्दोलनले नै महिलाहरुको अवस्था सुधार गर्नमा मद्दत गरेको छ । केहि मूलुकमा महिला आन्दोलन विश्वको सर्वाहारा आन्दोलन सँग जोडिन थाल्यो । आन्दोलनको विकास सँगसँगै महिलाहरुको अधिकारको निम्ती महिलाहरुलाई नै अगाडि बढाउनु पर्छ । भन्ने आवश्कताको महशुस भइरहेको अवस्थामा सन् १८०७ मा जर्मनीको नेतृत्वमा 'श्रमिक महिला संगठन' नामक संघ गठन भयो । महिला आन्दोलन विश्वभर फैलदै गयो । यस समयमा पहिलो पल्ट फिनल्याण्डका महिलाहरुले समान अधिकार प्राप्त गरे । सन् १९०८ मा अमेरिकाको सिकागो

सहरमा महिलाहरुले दिनको १० घण्टा काम निर्धारित गरिनु पर्ने साथै अन्य महिलाका हक हितका माग राखि आन्दोलन गरे यस आन्दोलनमा हजारौं महिलाहरु सहभागि भए । यसलाई जनताहरुले समर्थन र स्वागत गरेका थिए (ANMS, 2060) ।

यूरोपमा भएको सन् १८४८/४९ मा कान्तिहरुले तथा जुन १८४८ मा पेरिसमा भएको पहिलो सर्वाहारा विर्दोह सहित विभिन्न देशहरुमा उठेका मजदुर आन्दोलनले महिलाहरुको राजनिति एवम् नागरिक अधिकारहरुको संघर्षलाई नयाँ उजा प्रदान गर्यो । १८४८ मा फ्रान्समा महिला क्लवहरुको गठन भए । जसले राजनितिक क्षेत्रमा महिलाहरुलाई समान अधिकारको मागहरुलाई लिएर नयाँ ढंगवाट संघर्षको सुरुवात गर्यो । त्यस्तै गरि जर्मनी र अस्ट्रियामा पनि राजनिति अधिकारीहरुको प्राप्तीको उद्देश्य लिएर महिलाहरुको यूनियनको गठन भयो । यसरी हेर्दा एउटा निश्चित कार्यक्रम र आधार बनाई महिलाहरुको आन्दोलन १८४८ लाई मान्न सकिन्छ । यसलाई अगाडि बढाउन लागि ऐलिजा वेद कैडि स्टेन्टन, लुभेयी कफिन मोर मिलि न्यूर्योकमा पहिलो महिला काग्रेसको आयोजना गरि महिला स्वतन्त्रताको घोषणा पत्र जारी गयो । यो घोषणा पत्रमा पूर्ण कानुनी समानता, पर्ण शैक्षिक एवम् व्यावसायिक अवसर, समान काम पाउने अधिकार र भोट दिने अधिकार माग गरिएको थियो । यो आन्दोलनले सबै क्षेत्र भित्र तिव्रता लिदै गयो । सन् १८६७ मा पार्लियामेन्टमा महिलालाई मताधिकार दिने भन्ने प्रस्ताव रद्ध भए पछि धेरै सहरहरुमा मताधिकार सोसाइटीहरु गठन भए । १८०९ मा दुइवटा संगठन एकता राष्ट्रिय अमेरीकी महिला मताधिकार संघ अस्तित्वमा आयो । जसले प्रत्येक वर्ष संसारमा महिला हितका विषयहरु उल्लेख गर्दै समान मतधिकारको माग पत्र पेश गर्ने काम निरन्तर रुपमा गर्दै रह्यो ( ANMS, 2059) ।

भारतमा सन् १८२४ मा इष्ट इन्डिया कम्पनी विरोधि आवाजलाई उठाएर पहिलो पटक महिलाको अवस्थामा सुधार होस भनेर महिलाहरु अगाडि बढेका थिए । महिला शिक्षाको लागि भारतमा सन् १८४९ मा जनस्तरबाट प्रयास सुरु भएको थियो । यसका साथै सन् १९१७ मा एनी बसेन्टको अध्यक्षतामा भारतिय महिला समिति गठन भयो । यहि समितको गठन देखि नै भारतमा महिला आन्दोलन व्यवस्थित र संगठित हुन थाल्यो । त्यसपछि सन् १९२१ मा "राष्ट्रिय स्त्री सभा" गठन गरियो । यसले महिलाहरुको गतिविधि अगाडि बढाउन थालियो । यसबाट आत्तिएर अग्रेजलले सन् १९३० मा प्रतिवन्ध लगायो । यसैबिचमा सन्

१९२७ सम्म आइपुग्दा अघि भारतिय महिला सम्मेलन नामक महिला संघहरुको निर्माण भयो (अनेमासंघ, २०५९) ।

पहिलो र दोस्रो विश्व युद्धमा विशेषतः युरोपका महिलाहरू युद्धको पृष्ठभूमिमा बसेर नर्सको रूपमा, मोटर चालकको रूपमा तथा कोही औद्योगिक मजदुरको रूपमा काम गर्न थाले। पहिलोचोटि ती महिलाहरू आ-आफ्ना निजी जिन्दगी छोडेर पुरुषहरूले सम्हाल्दै आएको काम तिनीहरूको अनुपस्थितिमा क्रियाशील हुन पाए। अर्कोतिर पहिलो र दोस्रो विश्व युद्धको दौरानमा कतिपय देशहरूमा चल्दै गरेको वर्गीय युद्ध र राष्ट्रिय युद्धमा त्यहाँका महिलाहरू सिधै हातहतियारले लैस भएर युद्धमा होमिएका उदाहरणहरू पनि पाइन्छन । विशेषगरी भियतनाम, चीन, कोरियाको गृहयुद्धमा महिलाहरूको भूमिका उल्लेखनीय छ । दोस्रो युद्धपछि भएका गृहयुद्धहरू जस्तै निकारागुआ, एल साल्भाडोर, पेरू, फिलिपिन्स, श्रीलकाभित्र तामिल टाइगरले चलाएको गृहयुद्ध हुँदै नेपालमा चलेको जनयुद्धमा महिलाहरूको ठूलो संख्या सिधै योद्धाका रूपमा अगाडि बढ्दैछ । हाल विश्वमा चर्कदै गएको संकट, आर्थिक अराजकता, असमानताले दुनियाँका विभिन्न भागमा चर्कदै गएको गुरिल्ला युद्धमा महिलाहरूको सहभागिता बढ्दै गइरहेको छ । विशेषगरी कम्युनिष्ट पार्टीको नेतृत्वमा चलेको वर्गीय जनयुद्धमा महिलाहरूको सहभागिता सचेत रूपमा बढ्दै गएको छ । जनयुद्ध सिधै प्रतिक्रियावादी सत्ताको विरूद्ध लक्षित छ । र, यही प्रतिक्रियावादी सत्ता नै वर्गीय शोषण र लिङ्गगिय शोषणको प्रतिक हो । साथै जनयुद्धले शोषित महिलाहरूलाई भोलि बन्ने नौलो जनवाद अर्थात समाजवादको सत्तामा साझेदार बनाउने नीति अपनाएको छ । यही परिप्रेक्षमा हालै नेपालमा सन १९९६ बाट नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को नेतृत्वमा शुरू गरेको जनयुद्धमा महिलाहरूको बढदै गएको भूमिकालाई बुझ्नु जरूरी छ । तर यो बुझ्नको लागि नेपालभित्रको आर्थिक, सामाजिक र राजनैतिक संरचना र त्यसले गरेको शोषणबारे बुझ्नु जरूरी हुन्छ (यमि, २०६३) ।

### २.१.२.नेपालमा महिला आन्दोलनको इतिहास

नेपालमा महिला आन्दोलनको इतिहास हेर्ने हो भने योगमाया न्यौपानेलाई छुटाउन मिल्दैन । योगमायले १९८९ असार ३१ मा लिएको जलसमाधि विद्रोहलाई महिला आन्दोलनको थालनीको रूपमा लिन सकिन्छ । २००३ सालमा रेमन्तकुमारी आचार्यको अध्यक्षतामा आदर्श महिला समाज भारतको जयनगरमा स्थापना भएको थियो । २००४ सालमा मंगलादेवी सिंहको अध्यक्षतामा काठमाडौंमा नेपाल महिला संघको गठन भयो । आदर्श महिला समाज

र नेपाल महिला संघ दुवै संगठनले राणाशासन र समाजमा व्याप्त बालविवाह र अशिक्षा विरुद्ध दबाब दिने काम गरे । २००७ सालको परिवर्तनपछि मंगलादेवी सिंहको अध्यक्षतामा रहेको नेपाल महिला संघ नेपाली कांग्रेसको विचारसँग नजिक रह्यो भने कामक्षदेवीको अध्यक्षतामा रहेको नेपाल महिला संगठन नेपाल कम्युनिस्ट पार्टीसँग आबद्ध हुन पुग्यो । त्यसैगरी २०१५ सालको पहिलो प्रतिनिधिसभाको निर्वाचनमा एक सय पाँच स्थानका लागि १५ जना महिला उमेदवार भएकोमा एकजना द्वारिकादेवी ठकुरानी मात्रै निर्वाचित भई नेपालको इतिहासमा पहिलो महिला मन्त्री बनेकी थिइन । नेपालको मन्त्रिपरिषद महिलाको प्रतिनिधित्वको सुरुवात यही थियो । तीसबर्से पञ्चायती शासनमा निर्माण भएका मन्त्रिपरिषदहरूमा एकजनाभन्दा बढी महिलामन्त्रीको सहभागिता भएको देखिँदैन । पहिलो र दोस्रो जनआन्दोलन बीच निर्माण भएका विभिन्न मन्त्रिमण्डलमा कुल ४६ जना महिलाको सहभागिता देखिन्छ (स्रोत राष्ट्रिय तथ्याङ्क विभाग, २०७५) ।

नेपालको सन्दर्भमा महिला राजनैतिक इतिहासलाई हेर्दा नालापानीको देखि २००७, २०३६, २०४६ र २०६२/०६३ को जनआन्दोलको क्रममा शुरुका दिन देखि नै महिलाहरू संघर्षमा सक्रीय रूपमा अग्रपंक्तिमा भाग लिदैं आएको थिए । २००३ साल फाल्गुणमा विराटनगर जुटमिलमा भएको मजदुर आन्दोलनमा महिलाहरूको योगदान कथनीय छ । तर पनि महिलाहरू हरेक तह र ओहदामा पुग्नबाट बञ्चित हुनु परेको छ । साथै राज्यका नीति निर्माण तहमा नगन्य रूपमा सहभागी हुन पाएका छन । तथापी महिला अधिकारकर्मीहरूको आन्दोलन चर्किरहेको छ, जसको प्रतिफल विस्तारै महिलाको अवस्था विगतमा भन्दा सुधारात्मक तवरले अगाडि बढेको छ । नेपालको संविधान जारी भए पश्चात संवैधानिक ब्यवस्था अन्तर्गत नेपालको राजनीतिक इतिहासमा पहिलो पटक राष्ट्र प्रमुखमा महिला ( राष्ट्रपति) र ब्यवस्थापिका संसदको सभामुखमा पनि महिलाको प्रतिनिधित्व भएको छ । त्यस्तै गरी न्यायपालिकाको प्रमुखमा पनि महिला पुग्ने अवसर मिल्यो । नेपालको राजनीतिक इतिहासको अध्ययन गर्ने हो भने नेपाल एकिकरण होस वा राणा विरुद्धको क्रान्ति, पञ्चायत विरोधी आन्दोलन, बाह्र वर्षे जनयुद्ध एवं गणतन्त्रको स्थापना लगायतका हरेक राजनीतिक परिर्वतनको लडाईमा महिलाको उल्लेख्य मात्रामा योगदान रहेको छ । वास्तवमा महिलाहरू मुलुकको आर्थिक सामाजिक विकास, राजनीतिक र सामाजिक रूपान्तरणमा पुरूष जस्तै समान हैसियतका नागरिक हुन । पितृसतात्मक मानसिकता, धर्म र संस्कृतिका नाममा विधमान विभेद शासन र प्रशासनको निर्णायक तहमा महिलालाई पुग्नबाट अवरोध गर्नु

जस्ता ब्यवहार लामो समय ब्यतित रह्यो । सामाजिक विचार, ब्यवहार, संस्कार लगायत समग्र चिन्तन नै महिला मैत्री हुन सकेन । केहि सिमित महिला नेतृत्व तहमा पुगे पनि समग्र महिलाहरूको सामाजिक जीवनमा रूपान्तरण हुन सकेको छैन, नत उनीहरूमा अन्तर्निहित सक्षमताको सम्मान र सदुपयोग नै भएको छ ।

नेपालमा युद्धमा महिलाको सक्रिय सहभागिता १८ औं शताब्दीको अन्त्य र १९ औं शताब्दीको शुरुमा केन्द्रीकृत सामन्ती राज्य विस्तार अभियानका दिनहरूमा, विशेष गरी सन १८१५ मा देहरादूनको नालापानीको लडाइमा देख्न सकिन्छ । जहाँ नेपाली महिला र बालबालिकाहरू सँगै थिए । त्यसैगरी सन १९४७-५० मा विभिन्न राणा विरोधी राजनीतिक दलहरुद्वारा राणा विरोधी आन्दोलनमा महिलाहरु परिचालन भएका थिए , जसको परिणत सन १९५० मा राणा शासनको अन्त्य भएको थियो । १९९० को प्रजातन्त्र आन्दोलनमा महिलाहरुले सक्रिय सहभागिता जनाएका थिए । ३० वर्षको निरंकुश राजतन्त्रको गैरदलीय 'पञ्चायत' शासन व्यवस्थालाई विस्थापित गर्दै राजतन्त्रात्मक संसदीय व्यवस्था । यद्यपि, त्यस्ता सबै आन्दोलनहरूमा संलग्न अधिकांश महिलाहरू ज्ञात राजनीतिक पारिवारिक पृष्ठभूमिबाट वा सहरी शिक्षित महिलाहरूबाट खिचिएका थिए र मुख्य रूपमा सहरी क्षेत्रमा आधारित थिए भने  जनयुद्ध सुरु भएपछि मात्रै तल्लो तहका महिलाहरू, खासगरी ग्रामीण महिलाहरू परिचालन हुन थालेका थिए । तिनीहरू नै छापामार युद्धमा पेशेवर लडाकुहरू थिए (कार्की र सेडान,२००३) ।

वि.सं. २०१५ मा १०५ निर्वाचन क्षेत्रमा भएको प्रथम  निर्वाचनमा जम्मा १ जना महिला निर्वाचित भएका थिए । त्यस्तै गरी २०४७ सालको संविधानले प्रत्येक दलले निर्वाचनमा कम्तीमा ५ प्रतिशत महिला उम्मेद्वार उठाउनै पर्ने ब्यवस्था गरेको थियो । जसमा २०४८ सालमा भएको आमनिर्वाचनमा विभिन्न दलहरूबाट ६ जना महिला निर्वाचित भएका थिए । त्यस्तै २०५१ को मध्यावधी निर्वाचनमा ७ जना र २०५६ सालको निर्वाचनमा १२ जना महिलाहरू निर्वाचित भएका थिए । नेपालको अन्तरिम संविधान, २०६३ को ब्यवस्था अन्तर्गत २०६४ सालमा भएका पहिलो संविधान सभाको निर्वाचनमा संविधान सभा सदस्यको रूपमा १९१ जना महिला निर्वाचित र ६ जना महिला मनोनित भई जम्मा

१९७ जनाले (३२.८ प्रतिशत) संविधान सभामा प्रतिनिधित्व गरेका थिए । दोस्रो संविधान सभाको निर्वाचनमा भने यो संख्या १७६ मा झरी यो संख्या २९.९ प्रतिशतमा खुम्चिन पुग्यो । २०५४ को स्थानीय निकायको निर्वाचनमा जिल्ला विकास समितिमा १९.५ प्रतिशत

गाउँविकास समितिमा ६.७ प्रतिशत र नगरपालिकामा ६.७ प्रतिशत महिला प्रतिनिधित्व भएको थियो । हाल स्थानीय तह निर्वाचन २०७४ मा भने नेपालको संविधानमा व्यवस्था भए अनुरूप गाउपालिका तथा नगरपालिकाको वडा सदस्यमा ४० प्रतिशत महिला सुनिश्चिता कायम भएको छ भने गाउपालिका र नरपालिका प्रमुख वा उपाध्यक्षमा ५० प्रतिशत महिला सुनिश्चित गरेको छ (स्रोत राष्ट्रिय तथ्याङ्क विभाग, २०७५) ।

### २.१.३. माओवादी जनयुद्धको परिचय, उद्देश्य र समय अवधि

नेपालको सन्दर्भमा देशको राजतन्त्र, सरकार र अर्थतन्त्रमा शासक वर्गको नियन्त्रणको प्रतिक्रियाको रूपमा सन १९९० मा माओवादी आन्दोलनको उदय भयो । नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले समाजवादी गणतन्त्र स्थापनाको माग गर्दै राज्यविरुद्ध दशक लामो विद्रोह गरेको थियो । आन्दोलनले किसान, मजदुर र अन्य उत्पीडित समूहहरूलाई परिचालन गर्न र अन्य वामपन्थी राजनीतिक दल र संगठनहरूसँग गठबन्धन गर्न माओवादी विचारधारालाई आकर्षित गर्यो । नेपालको माओवादी आन्दोलनले नयाँ संविधानको मस्यौदा, राजतन्त्रको उन्मूलन र सीमान्तकृत समूहहरूलाई राजनीतिक प्रक्रियामा समावेश गर्नेलगायत देशको राजनीति र समाजमा महत्वपूर्ण प्रभाव पारेको थियो (ओनेस्टो,२००५) ।

बि.स. २००६ सालमा नेपालमा कम्युनिष्ट पार्टीको गठन भयो । नेपालमा साम्यवादी बिचारधारा र कम्युनिष्ट पार्टीहरू प्रति ठुलो जनमत निर्माण भएपनि तिनीहरूले जनमतको मनलाई सङ्गठित गर्न खोजिएपनी त्यो सफल हुन सकेन । झापा विद्रोह पछि कम्युनिष्ट आन्दोलन विस्तारै संसदीय तथा गैर संसदीय कित्तामा विभाजन हुदै गयो तर पनि विद्रोहनात्मक आन्दोलन हुन सकेन । बि.स. २०४६ साल पछि बि.पी.कोइराला , पुष्पलालको विरासतको दाबी गर्ने कांग्रेस, एमाले संयन्त्र र पुरानो राज्यप्रणाली भित्र भ्रष्ट्रीकरण हुदै गैरहेको थियो । यो पुष्ठभुमिमा नेपाली समाज र राज्य व्यवस्थालाई हल्लाएर पुँजीवादी लोकत्रान्तिक क्रान्तिलाई पूर्णता दिन ने.क.पा. (माओवादी) पार्टीको पुन : गठन र वि.स.२०५२ फाल्गुन १ गते बाट जनयुद्ध थालनी भएको थियो (सापकोटा, २०६६) ।

बि.स. २०५२ साल फाल्गुन १ गते देखि बि.स. २०६३ साल मङ्सिर ५ सम्म जनयुद्ध चलेको थियो । यो जनयुद्द एक दशक चलेको थियो । सर्वहारा वर्गको अधिनायकत्व अन्तर्गत निरन्तर क्रान्तिको सिद्धान्तका आधारमा सांस्कृतिक क्रान्तिको माध्यमले लगतै समाजवादतर्फ लम्किनु र समस्त मानव जातिको सुनौलो भविष्य अर्थात साम्यवादी समाजतर्फ अघि बढ्नु मूल उद्देश्य हो (इन्टरनेसनल काइसिस गुरुप,२००५) । राजतन्त्रको

अन्त्य गरि गणतन्त्र स्थापना, राज्यसत्ता कब्जा गरेर "नौलो जनवाद" को स्थापना गर्नु हो । सम्भ्रान्त वर्ग र सर्वहारा वर्ग विचको असमानता हटाउने, उत्पीडन, पिछडीएको वर्गको हातमा पहुँच र राजनीतिक शक्ति हस्तान्तरण गर्ने, जात-जनजाती, लिङ्ग, धर्म, क्षेत्र, पेशा र विपन्नताको आधारमा पछाडी पारिएको वर्गहरूको मुक्तिको लागि, संघीय लोकतान्त्रिक गणतन्त्र राज्य प्रणाली निर्माण गर्दै वैज्ञानिक साम्यवाद तर्फ उन्मुख हुने जस्ता उदेश्यहरु रहेका थियो । यसलाई "नेपाल संघर्षको नवयुग" पनि बनाउन थालिएको थियो (सापकोटा, २०६६) ।

### २.१.४. माओवादी जनयुद्धमा महिला सहभागिता

२०५२ मा जनयुद्धको घोषणा गर्ने क्रममा १९ जनाको केन्द्रीय समितिमा एक जना केन्द्रीय सदस्य महिला थिइन र पूर्णकालीन भएका करिव एक सयजना अगुवा कार्यकर्ताहरुमा एक दर्जनजति महिला थिए । जनयुद्ध घोषणा गर्न आयोजित विभिन्न प्रहरी चौकीहरुमा कारवाहीको क्रममै महिला सहभागिता भएको थियो । जनयुद्ध अघि बढदै जाँदा सरकारी दमन र माओवादीको योजना अनुसार महिलाहरु दिन प्रतिदिन जनयुद्धमा लामबद्ध हुँदै गए । खासगरी महिला र विद्यार्थी संगठनमा काम गरेका युवती पार्टीको योजनामा पूर्णकालीन हुन्थे । अन्य खासगरी पारिवारिक शोषणमा परेकाहरु थिए । कैयौं महिलाहरुले तिनका श्रीमान र परिवारविरुद्ध विद्रोह गरे र जनयुद्धको प्रक्रियामा हेलिए । प्रहरी वा सेनाबाट हत्या गरिएका पुरुषका श्रीमति, अभिभावक वा दाजुभाइ गुमाएका महिला पनि आफ्ना मान्छेकाको हत्याको बदला लिन जनयुद्धमा सहभागी भए । यो अभियानमा राजनीतिक रुपमा सचेत महिलाहरु मात्र होइन सबैभन्दा उत्पीडित क्षेत्रका जस्तै थारु तथा मधेसी, दलित एवं जनजाति समुदायबाट पनि उल्लेख्य उत्साह र सहभागिता थियो (सापकोटा, २०६६) ।

माओवादी जनयुद्ध यति व्यापक विस्तार हुन र महिलाहरुको सहभागिता सुनिश्चित हुनका लागि माओवादीको महिलाहरुप्रतिको वैज्ञानिक दृष्टिकोण, नीति र व्यवहार नै जिम्मेवार थियो । पुँजीवादीहरु जस्तो कम्युनिष्टहरु महिलालाई वस्तु र मनोरञ्जनको साधनका रुपमा व्यवहार गर्दैनन बरु उनीहरुलाईै जीवनका सबै आयामहरुमा समान हिस्सेदार ठान्छन । माओवादीको यस्तै नीति मन पराएर शिक्षा, सम्पत्ति र अवसरको मौका छोडेर 'उत्पीडित जनताको मुक्ति'को उद्देश्य बोकी सयौं 'हुनेखाने' परिवार र वर्गका युवती पनि जनयुद्धमा होमिए । माओवादी जनयुद्धमा संलग्न भएका महिलाहरुमा अधिकांश किशोरीहरु तथा युवती थिए । यसो हुन किन पनि स्वभाविक थियो भने युवा नै बढी विद्रोही र परिवर्तनमुखी

हुन्छन । त्यसैगरी बिहेवारी गरेर 'घर बसाइसकेका' महिलालाई परिवार सन्तान छाडेर हिंड्न त्यति सजिलो कुरा हुँदैन जति अविवाहित युवती वा किशोरीहरुलाई हुन्छ । जनयुद्धमा सहादत प्राप्त गरेका महिलाहरुको जीवनी समेटेर अखिल नेपाल महिला संघ (क्रान्तिकारी) ले २०६२ चैत्रमा प्रकाशित गरेको 'महिला सहिद गाथा' नामक पुस्तक हेर्दा अधिकांश महिलाहरु वि.सं. ३०को दशकको उत्तरार्ध र ४० को पूर्वार्धमा जन्मिएका थिए जो १८ देखि २५ वर्षभित्रका थिए (सापकोटा, २०६६) ।

वर्षौ देखि पृतिसत्तात्मक संरचनाले गर्दा महिलाहरु आर्थिक, सामाजिक र राजनितिक उत्पिडनमा पर्दै आएका छन । समाजमा विभिन्न खाले भेदभावको अन्त्य गरेर एउटा सुनौलो विहानिको सपना देख्दै प्राय ग्रामिण भेगका, पिछडिएका वर्गका र आफु उत्पिडनमा परेका महिलाहरुले आन्दोलन लाई अंगाल्न पुगेका थिए (यमि,२०५७) । उनले महिलाको सन्दर्भमा पार्टीको सफलतालाई जोड दिन्छिन । सन् २००२ सम्ममा पार्टीको केन्द्रीय समितिमा धेरै महिला, क्षेत्रीय तहमा दर्जनौं र जिल्ला, क्षेत्र र कक्ष तहमा पनि धेरै महिला थिए । जनमुक्ति सेनाले धेरै महिला सेक्शन कमाण्डरहरू, र उपकमान्डरहरू साथै महिला मात्र स्क्वाडहरू, प्लाटुनहरू र स्थानीय स्तरका महिला कार्यकर्ताहरूको बाक्लो सहभागिता रहेको कुरा लाइ गर्व गर्दछ । उनले अखिल नेपाल महिला संघ (क्रान्तिकारी) ले समुदायको स्तरमा महिलालाई परिचालन गर्नको साथै सम्पूर्ण आन्दोलनको अग्रपंक्तिमा प्रभावकारी जनसंघटनको उदाहरणको रूपमा काम गरिरहेको कुरा पनि प्रकाश पारिन । फेब्रुअरी २००२ मा "प्रचण्डपथ" नामक नेपाली माओवादको नयाँ रूप ग्रहण गरेपछि महिला नेतृत्वको विकास गर्ने प्रश्नले प्रमुखता पायो र महिलाको क्षमता विकास गर्न छुट्टै विभागको स्थापना भयो (यमि,२०६३) ।

हिसिला यमी (२००७) ले आफ्नो पुस्तकमा भनिन । "नेपालको विशिष्ट अवस्थामा, आत्मनिर्भर कृषक अर्थतन्त्रको मेरुदण्ड भएर पनि राज्यले गरेको घोर लापरवाहीका साथसाथै महिलाको सम्पत्ति न्यून हुने अवस्थाले जनमुक्ति सेनामा महिलाहरुको बाक्लो उपस्थिति रहेको छ ।" (पे,१२१)

शर्मा र परसाईं (२००४) ले जनयुद्धका लागि जेन्डर डाइमेन्सन नामक लेखमा महिलाको सक्रिय सहभागिता नेपालमा माओवादी विद्रोहको सबैभन्दा चर्चित पक्ष भएको बताए । यो प्रमाणित गर्न निकै गाह्रो भएता पनि माओवादीको सैन्य बलमा तीस देखि चालीस प्रतिशतसम्म महिला रहेको बताइएको छ । जुन रूढिवादी अनुमान अनुसार, कम्तिमा

१०००० व्यक्तिहरू जम्मा छन । महिला सैनिकमा धेरैजसो जातीय र दलित समुदायबाट आएका तर बाहुन र क्षेत्री जातका महिला पनि रहेको बताइएको छ । सन २००२ को डिसेम्बरमा मध्यपश्चिम पहाडको सबैभन्दा बलियो माओवादी समर्थन केन्द्र रोल्पाको १४ मा भ्रमणका क्रममा माओवादी कार्यकर्ताहरूले जनयुद्धमा महिलाको सहभागिता हालै झनै बढेको दाबी गरे । रोल्पामा अहिले झण्डै ५० प्रतिशत माओवादी कार्यकर्ता महिला रहेको उनीहरुको दाबी छ ।

त्यस्तै यमि (२०५७) का अनुसार माओवादी जनयुद्धमा महिलाको सहभागिताको प्रभाव त्यसको सैन्य संगठनमा पनि पर्नु स्वभाविकै थियो । नेपालको पुरानै राज्यव्यवस्थाको सैन्य संरचनामा स्वास्थ्यकर्मी र कार्यालय सहयोगी बाहेक लड्ने मोर्चामा महिलालाई भर्ती लिइन्नथ्यो। त्यसकारण औपचारिक रुपमा महिलालाई सैन्य संरचनामा समावेश गर्ने नीति नेपालमा माओवादीले लियो। माथि उल्लेख गरिएजस्तै जनयुद्धअघिदेखि नै प्रतिरोध र सैन्य कारवाहीमा महिला सहभागी भए। पछि लडाकू दल र छापामार दलहरुमा महिला सदस्य तथा नेता हुँदै गए । नेपालमा गृहयुद्धको समयमा महिलाहरुको संलग्नता बाक्लो रहेको थियो । नेपाल कम्युनिष्ट माओवादीले ४०% महिलाको सहभागिता रहेको दावी गरेको छ । सन् २००३ सम्म शाही नेपाली सेनामा महिलाहरुलाई लड्न प्रतिबन्ध लगाइएको थियो तर पनि कसरी माओवादी आन्दोलनमा यति ठूलो संख्यामा महिला सहभागिता हुन गयो त भन्दा माओवादिले लिङ्ग, जातीय, क्षेत्रिय, वर्गीय वा जातिय विभेद लाई अगाडि सारेर समान व्यवाहार गर्ने विचार धारालाई अगाडि सारेको हुनाले ठूलो मात्रमा महिला सर्मथन जुटाउन सफल भएको हो (यमि, २०५७) ।

नेकपा-माओवादीका केन्द्रीय सदस्य तथा महिला विभाग प्रमुख पार्वतीले नेपालको जनयुद्धमा महिला नेतृत्वको प्रश्नमा महिला नेतृत्वको विकासमा पार्टीले भोग्नुपरेको समस्याको बारेमा बताउनुभयो । उनी भन्छिन कि महिलाहरू असाधारण संख्यामा पीएलएमा सामेल भएका छन र यी महिलाहरूले धेरै त्याग र समर्पण देखाएका छन, तर थोरैले मात्र सैन्य संघर्षमा नेताको रूपमा विकास गर्न सक्षम भएका छन् र महिलाहरूले उनीहरूको सहभागिताको गुणस्तरमा प्रश्न उठाइरहेका छन (ओनेस्टो, २००५) ।

यमि (२००४) का अनुसार महिलाले बिहे गरेर सन्तान जन्माउँदा उनीहरुको सहभागिता सामान्यतया घट्ने वा रोकिने गरेको भन्दै विवाह भन्ने संस्थाले हामीलाई पछाडी पार्न ठूलो भूमिका खेलेको छ भन्छिन । पुरुषहरूले पीएलएमा भाग लिन क्रम जारी हुदा २५ वा सोभन्दा माथि पुगेपछि पनि महिलाहरू गुरिल्ला श्रेणीमा बस्छन । उनी थप भन्छिन कि महिलाहरू संलग्न हुन र क्रान्तिकारी सङ्घर्षमा संलग्न रहनका लागि धेरै कुराहरूले काम गर्छ , विशेष गरी पीएलएमा, जसका लागि ठूलो त्याग चाहिन्छ । माओवादीको नियन्त्रणमा रहेका क्षेत्रमा महिलालाई समाजमा समान सहभागिताबाट रोक्ने संस्था र विचारका विरुद्ध संघर्ष भइरहेको छ । प्रवर्द्धित सामन्ती परम्परा र विचारधाराले महिलालाई उत्तराधिकार वा जमिनको स्वामित्वमा राख्नु हुँदैन वा महिलाहरूलाई विशेष कार्यहरूमा प्रतिबन्धित गरिनु पर्छ र अन्य कामहरू गर्न दिनु हुँदैन भन्ने दृष्टिकोणमा अझै पनि क्रान्तिकारीहरू आफैं लगायत धेरै शक्तिशाली शक्ति प्रयोग गर्छन । यमि (२००४) भन्छिन कि कहिलेकाहीँ महिला कार्यकर्ताहरूलाई विवाह गर्न गोप्य वा खुला दबाब पनि हुन्छ । अविवाहित महिलाहरूलाई पुरुषसँगै महिलाहरूले पनि शंकास्पद व्यवहार गर्छन । उनीहरुले महिला कार्यकर्तालाई नियन्त्रण गर्ने माध्यम विवाहले पार्टी छाड्न गाह्रो बनाएको तर्क गर्छन । पुरुष कार्यकर्तालाई 'पितृसत्तात्मक संरचनाले दिएको विशेषाधिकार त्यागने' समस्या छ ।

युद्ध पछि यी महिलाहरूको वैकल्पिक वाहक के हुनेछ भन्ने बारे लगभग कुनै जानकारी छैन । उनीहरूले आफ्नै परिवार र समुदाय फर्काएमा उनीहरूलाई कस्तो व्यवहार गर्ने, उनीहरूको परिवार र समुदायले उनीहरूलाई कसरी बुझ्ने र उनीहरूले आफ्नो पहिचानलाई कसरी पुनर्निर्माण र समायोजन गर्ने भन्ने प्रश्नहरू छन । माओवादीकी शीर्ष नेतृ हिसिला यमीलेभन्छिन 'छोरालाई खुल्ला स्वागत गर्ने तर छोरीलाई स्वागत गर्न न सक्ने हुनसक्छ (यमि, २००१) ।

समाज, युद्ध पुरुसप्रधान भयता पनि महिलाहरु ले आफ्नो पहिचान खोज्ने क्रममा जनयुद्धमा लडाकु बनेर सहभागी जनाएका थिए । सम्पुण मानव समाज देखि सामान्य स्थानिय तहको युद्ध ग्रसित समाजको हालस्म्मको अध्ययन ले छोरालाई सामाजिक तवरमा नै प्रभुत्वसालि तथा हत्याको लागी हुर्काउने गरिन्छ भने छोरिलाई शारिरिक हिंसा वाट टाढा राखिन्छ र उनिहरुलाई पुरुष प्रास्त बनाइन्छ । पुरुष महिला विचको यो अभ्यास ठाँउ अनुसार फरक भएपनि उनीहरुमा रहेको लैङ्गिक विभेद भने उस्तै छ (फ्रगसन, २००१) ।

जनयुद्धबाट पुरुषले भन्दा महिलाले धेरै फाइदा लिन्छन । त्यसकारण महिलाहरू, विशेष गरी तिब्बती-बर्मन र गैर-आर्य महिलाहरू आन्दोलनको महत्वपूर्ण भाग हुन । महिलाहरु जनयुद्धका सबै तहमा देखिन्छन । जनयुद्धमा महिलाहरू प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सांस्कृतिक कार्यकर्ता, प्रचारक, गाउँ रक्षक समूहका सदस्य, कुरियर, गाइड, नर्स, जेलमा आगन्तुक र शहीदका परिवार र हिरासतमा रहेकाहरूका रूपमा संलग्न छन महिलाहरू लडाकु र जासुस पनि हुन (शर्मा, २००१) ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा सबैको चासोको विषय हो, महिलाहरू आन्दोलनमा किन लागे ? एक धार्मिक पवित्र संस्कृतिमा जहाँ महिलाहरू संरचनात्मक रूपमा राजनीतिक, आर्थिक र सांस्कृतिक डोमेनबाट बहिष्कृत छन् । महिलाहरूको सहभागिताका लागि नयाँ पुस्तकालय ठाउँ खोल्ने चाहना र अपेक्षाका कारण आन्दोलनप्रति महिलाको अभिप्राय हुन सक्छ । यो लैङ्गिक भेदभाव उन्मूलन र उत्पीडित राष्ट्रियता र पिछडिएका क्षेत्रहरूमा नयाँ भूमिका र जिम्मेवारीहरू त्याग्ने आशाको लागि पनि हुन सक्छ । माओवादी आन्दोलनमा धेरैजसो महिलाहरू तिब्बती-बर्मन र गैर-आर्य जाति समूहका छन, तर तथाकथित उच्च जात ब्राह्मण-क्षेत्री र नेवार-बौद्ध समुदायका महिलाहरू पनि माओवादी आन्दोलनमा आकर्षित भएका छन । जनयुद्धमा सामेल हुने उच्च जातका महिलाहरूका लागि वनमा गएर धर्मले पवित्र पारिएको दमनकारी सामाजिक-सांस्कृतिक युगबाट मुक्ति पाउने सम्भावना यी महिलाहरूका लागि सशक्तिकरणको सम्भावना हो (शर्मा, २००१) ।

महिलाहरू घरपरिवार भित्र नै शोषित भएकोले उनिहरूलाई बाहिरी काममा कम ज्याला दिइन्छ । पुरुष सरह काम गर्दा पनि ज्याला पाउदा आधा मात्र पाउने यस किसीमको तिव्र शोषण बढि ग्रामिण क्षेत्रमा हुन्छ, जहाँ महिलाहरू संगठित हुँदैनन । र एक्ला एक्लै अवस्थामा काम गर्छन । माओवादीका अनुसार महिलाहरूले सबै प्रकारका भेदभावको निन्दा गरेका छन । महिला विरुद्ध भएका लैङ्गिक असमानता र सबै खाले लैङ्गिक समानताका लागि उनीहरू ठुलो संख्यामा आफ्नो अवस्था परिर्वतन गर्न कान्तिमा सामेल भए । जनयूद्धले समाजका विभिन्न पक्षहरूमा परिवर्तन ल्याउनमा एकल जिम्मेवारी नभए पनि यसको महत्वपूर्ण भूमिका भने रहेको छ (सापकोटा, २०६६) ।

### २.१.५. राजनीतिमा महिला सहभागिता

बि.स २००७ साल अघिसम्म राजनीतिमा महिलाहरुको सहभागिता न्यून रहेको थियो । महिलाहरु सामाजिक, राजनीतिक, आर्थिक, सबै खाले अधिकार बाट बन्चित रहेका थिए । हालका दिनहरुमा नीतिनिर्माण तहमा महिलाहरुको सहभागिता पहिलाको तुलनामा बढ्दै गएको देखिन्छ । २०४६ सालको परिवर्तन पश्चात संसदको निर्वाचनमा कम्तिमा ५% महिला उम्मेदवार हुनुपर्ने साथै राष्ट्रिय सभामा कम्तिमा ३ जना महिला सदस्य हुनुपर्ने संबैधानिक ब्यवस्था गरेको पाइन्छ । बि.स २०६२/६३ को जनयुद्ध पश्चात संसदमा महिला को सहभागिता सुनिश्चिततामा उल्लेखनीय प्रगति देखिन्छ। उदाहरणको रूपमा संविधान सभा - १ मा महिला सदस्य को प्रतिनिधित्व ३२.७८% रहेको थियों भने दोस्रो संबिधान सभामा महिला सदस्यको प्रतिनिधित्व २९.२८ रहेको देखिन्छ। २०७४ मा गठन भएको संघीय संसदको प्रतिनिधि सभा र राष्ट्रिय सभामा कुल ३३४ सदस्य मध्य ११२ जना अर्थात ३३.५३% महिला सदस्यहरुको सहभागिता रहेको थियो । २०७९ को स्थानीयमा महिला सहभागिता ४१%, प्रदेश मा ३६.३६% र संघीय संसद ३३.८४% महिला प्रतिनिधित्व रहेको छ (निर्वाचन आयोग नेपाल, २०७९) ।

नेपालको पुरानै राज्यव्यवस्थाको सैन्य संरचनामा स्वास्थ्यकर्मी र कार्यालय सहयोगी बाहेक लडने मोर्चामा महिलालाई भर्ती लिइनथ्यो । त्यसकारण औपचारिक रुपमा महिलालाई सैन्य संरचनामा समावेश गर्ने नीति नेपालमा माओवादीले लियो । माथि उल्लेख गरिएजस्तै जनयुद्धअघिदेखि नै प्रतिरोध र सैन्य कारवाहीमा महिला सहभागी भए । पछि लडाकू दल र छापामार दलहरुमा महिला सदस्य तथा नेता हुँदै गए । माओवादी जनयुद्धभरि सैन्य क्षेत्रमा जिम्मेवारी निर्वाह गरेका जनसेनाका कमाण्डर नन्द किशोर पुन "पासाङद्वारा लिखित 'इतिहासका रक्तिम पाइला' पुस्तकमा केही प्रतिनिधिमूलक कारवाहीमा कति महिला सहभागी थिए भन्ने उल्लेख गरिएको छ ।" पासाङका अनुसार (२०५६) को वैसाखमा रोल्पाको जेलवाङ गाविसमा रहेको दङ्गा प्रहरीको बेस क्याम्पमा आक्रमण गर्दा ६ जना महिला एसल्टमा थिए भने रुकुमको तकसेरामा सोही सालको चैत्रमा कारवाही गर्दा २१ जना थिए । उता जाजरकोटको पाँचकटियमा आक्रमण गर्दा २५ जना महिला सहभागी थिए । २०५८ मंसिरमा दाङको सदरमुकाम घोराहीमा आक्रमण गर्दा ६८ जना महिला एसल्टमा खटिएका थिए । २०५८ कार्तिकमा माओवादीले देशभरिका छापामार प्रतिनिधिहरुको केन्द्रीय भेलाले आयोजना गऱ्यो र औपचारिक रुपमा जनमुक्ति सेना, नेपाल

गठन गऱ्यो । सो केन्द्रीय भेलामा २० प्रतिशत जति महिला थिए । भेलापछि औपचारिक रुमा बनेको सैन्य संरचनामा केही महिलाहरुले प्लाटुन कमाण्डर र कमिसारको जिम्मेवारी पाए । विस्तारै महिलाहरु माथिल्लो ओहदामा पुग्दै गए । २०६२ को उत्तरार्धतिर महिलाहरु बिग्रेड कमिसार र बिग्रेड भाइस कमाण्डरसम्म बन्न सफल भएका थिए । २०६३ मंसिर ५ मा काठमाडौंमा शान्ति सम्झौता हुँदै गर्दा देशभरिका जनसेना अस्थायी शिविरमा जम्मा भए । केही महिना पछि तिनको दर्ता हुँदा करिब ३० प्रतिशत महिला थिए । २०५८ पछि जनसेनामा महिलाहरुको अनुपात ३०-३५ प्रतिशतका बीचमा रहिरह्यो । २०६३ बैशाखमा शान्ति प्रक्रियामा आएपछि धेरै महिलाहरुको जनसेनाको जिम्मेवारीबाट राजनीतिक जिम्मेवारी लिए  (सापकोटा, २०६६) ।

३३ प्रतिशत आरक्षणका बाबजुद पनि साधारण बहुमतीय प्रणालीमा ३३ प्रतिशत महिला उम्मेदवारलाई अगाडि बढाउन असफल भएका राजनीतिक दलहरूमा अझै पनि प्रतिबद्धताको अभाव छ । यो समस्यालाई समाधान गर्न संविधानसभाको निर्वाचनमा भाग लिने महिलाले आफूलाई कम मूल्याङ्कन गरेको बताए । धेरैले भने कि उनीहरूलाई पुरुष उम्मेद्वारहरूले प्राप्त गर्ने प्रकारको समर्थन नदिइएको र कहिलेकाहीं अनुचित व्यवहार गरिएको थियो (शर्मा, २०१९) ।

देशको मूलधारको राजनीतिमा महिला पछाडि परेका छन । यदि महिलाहरु भएपनि एकदम कम सहभागिता रहेको हुन्छ । राजनीतिमा महिलाको न्युन सहभागिता हुनुमा हामीकहाँ रहेको सामाजिक व्यवस्था पनि उत्तिकै जिम्मेवार छ । यस विषयमा शीला रुथ लेख्छिन राजनीतिक प्रक्रियामा महिलाको न्यून सहभागिताका विभिन्न कारण छन । निःसन्देह, मताधिकार र कानुनी भेदभाव सहित लागू दमनको लामो इतिहासले पूर्वाग्रहपूर्ण मनोवृत्ति र नीतिहरूको विरासत छोडेको छ । अनौपचारिक दमन, औपचारिक भूमिका र लिङ्ग स्टेरियोटाइपको प्रभाव ले प्रभावकारी रूपमा काम  गर्दछ । अधिकार सम्पन्न महिलाको नकारात्मक छवि, बालबालिकाको पालनपोषण र घर निर्माणको बोझ र तोकिएको ‘स्थान’ बाहिरका ४४ कार्यका लागि सामाजिक सहयोगको अभावले महिलालाई संगठित र एकताबद्ध हुनबाट जोगाउन एकजुट भएर लागेको राजनीतिक क्षेत्र र व्यापक समाज । नारी मुक्ति आन्दोलनमा महिलाहरू संलग्न भएसँगै उनीहरू राजनीतिक रूपमा सचेत भए र कानुन बनाउने निकायमा पनि आउन सफल भए । दिपक सापकोटा(२०६६) ले आफ्नो उथलपुथलको दश वर्ष नामक पुस्तकमा लेखेका छन जनयुद्धको ऐतिहासिक उपलब्धि

मध्येको एउटा राजनीतिक चेतना र महिला सहभागिता थियो । युद्धमा भाग लिने ४२ नेपाली महिला पार्टीका मोर्चा, संयुक्त मोर्चा र जनयुद्धका सबै मोर्चामा सामेल भए । नेपाली इतिहासमा पहिलो पटक महिला व्यावसायिक पूर्णकालिक क्रान्तिकारी बनेका छन । उनीहरूले नीति निर्माता, आयोजक, मिलिसिया, ब्रिगेड निर्माता, स्वास्थ्यकर्मी, रेडियो एङ्कर आदिको रूपमा पनि काम गरे । उनीहरूले सामन्ती राज्य संयन्त्र वर्गीय र लैङ्गिक उत्पीडनको साधन हो भन्ने बुझे । नेपाली महिलाले सामन्ती राज्यविरुद्ध पुरुषसँग लडने अवसर पाएका थिए । उनीहरू यूद्ध मोर्चामा मात्र होइन पार्टीका अन्य मोर्चामा पनि लडे । पहिलो पटक उनीहरु पार्टीमा पूर्ण रूपमा आबद्ध बनेका थिए । यदि हामीले गहिरो विश्लेषण गर्यौं भने, हामी नेपाली महिलाहरू राजनीतिमा पूर्ण रूपमा आबद्ध भएको धेरै दुर्लभ घटनाहरू पाउँछौ । त्यसपछि उनीहरूले सामन्ती राज्यहरूविरुद्ध लड्ने उपयुक्त अवसर पाए । क्रान्तिमा महिलाको महत्व कार्ल मार्क्सको विचारमा प्रतिबिम्बित हुन्छ । कार्ल मार्क्स (१८४६) "इतिहासको बारे बुझ्ने जो कोहीलाई पनि थाहा छ कि महिला बिना ठूलो परिवर्तन असम्भव छ" । यसले आन्दोलनमा महिलाको महत्वलाई उजागर गरेको छ । आन्दोलनको मुख्य उदेश्य सामन्ती राजतन्त्रको अन्त्य गरी नयाँ लोकतान्त्रिक व्यवस्थाको स्थापना गर्ने भएकाले महिलाको भूमिका महत्वपूर्ण बन्यो । हिसिला यमी (२००१)जनयुद्धमा महिलाको महत्व यसरी देखाउछिन "नौ वर्षअघि हाम्रो तेस्रो व्यय भेटघाटपछि हामीले प्रत्येक लडाइमा दुई जना महिलालाई अनिवार्य बनायौं" (१८)। यी रेखाहरूबाट यो स्पष्ट हुन्छ कि जनयुद्धले महिलाको सन्दर्भमा केही स्थान सिर्जना गरेको छ । पीएलएमा महिला भर्ना गर्ने यो पार्टीको प्रारम्भिक चरण मात्र थियो तर बिस्तारै संख्या बढ्दै गयो र यो ४० प्रतिशत सम्म मा पुग्यो । यसरी नीति निर्माण को माथिल्लो तहमा महिला सहभागिता वृद्धि हुनु राम्रो कुरा हो तर अहिले को चुनाव नतिजा हेर्दा जति परिवर्तन हुनू पर्ने हो उति हुन नसकेर खुम्चिदै गएको देखिन्छ ।

### २.१.६. जनयुद्ध र महिला शसक्तीकरण

पृतिसत्तात्मक समाजको कारणले गर्दा महिलाहरु नेपाली सेनामा भर्ना हुन नपाउँदा गृह युद्धमा महिलाहरुको सहभागीता धेरै देखिनु जनयुद्धको सकारात्मक पक्ष हो । महिलाहरु एकपल्ट छापामार भइसकेपछि उनीहरूलाई पुरुष सरहको सरसम्मान, पुरुष सरहको पदको लागि आग्रह गर्ने हुँदा उनीहरूको बढ्दो आकर्षण थियो । जनमुक्ति सेना (पि.अल.ए)लाई बास्तविक सामाजिक ईन्जिनियर भनिन्छ । यिनीहरू बहुजातीय, बहुक्षेत्रिय, बहुलिङ्गिय

चरित्रका, अन्तरजातीय, अन्तर-क्षेत्रीय, अन्तरजातीय विवाह गरेका व्यक्तिहरू थिए । पि.अल. ए. का पूर्व सदस्यहरु सँग कुरा गर्दा पुरूष र महिला समान छन । तिनीहरू सबैले माओवादी सेनामा लैङ्गिक समानतामा जोड दिए (यमी, २००७) ।

महिलाबिरुद्धका सबै प्रकारका बिभेद र हिंसाको अन्त्यगरी महिलाहरूको हक तथा अधिकारको सुरक्षा र प्रवर्दनको लागि राज्यले अधिकारमा आधरित विकास अवधारणाको अवलम्बन गरी नीतिगत, कानुनी र संस्थागत सुधारका साथै विकास कार्यक्रमहरू संचालनगरी बिभेदकारी कानुनहरू हटाई हरेक छेत्रमा महिलाहरूलाई सहभागिता गराई महिलाहरूमा भएको अन्तर्निहित क्षमतालाई बृद्दि गर्नु नै महिला सशक्तिकरण हो । महिला शसक्तिकरण को लागि धेरै आवाज उठाएतापनी माथिल्लो निकायबाट अनेक नियम कानुन बनेता पनि केवल उनीहरुलाई उपस्थितिलाई मात्र जोड दिने गरेको देखिन्छ उनीहरुलाई साच्चिकै प्रत्यक्ष रुपमा सक्रिय गराउनी हो भने समाजमा हुने विभिन्न क्रियाकलापमा प्रत्यक्ष संलग्न गराई उनीहरुलाई पनि जिम्मेवारी दिई जिम्मेवारी बोध गराउन सकिन्छ । पछिल्लो समयमा दक्षिण एसियाका महिलाहरुको अर्थव्यवस्थामा धेरै सुधार भएका छन । यसको अर्थ महिला सशक्तिकरणको विषयले विशिष्ट स्थान प्राप्त गरेका छन । पछिल्लो समय नेपालमा कैयौँ महिलाहरू पुरूष सरह सफल भएका छन । उनीहरु ठूला-ठूला व्यापारी घरानामा स्थापित भएर समाजमा आफनो नाम स्थापित गराउन सफल भएका छन । साथसाथै, महिलाहरु शैक्षिक क्षेत्रमा पनि अब्बल हुँदै गएका कैयौं दृष्टान्त स्थापित भइसकेका छन । पुरुषको तुलनामा महिलाहरु साहित्यीक क्षेत्रमा पनि उतिकै कलम चलाएर सफल हुँदैछन । उनीहरूको कारणले आर्थिक अवस्थामा समेत व्यापक परिवर्तन आएको छ । समाज जहिल्यै गतिशील हुन्छ । देखिएका केही कुरा स्थिर हुन्छन र परिवर्तन चलायमान भएर अगाडि बढेका हुन्छन । समाजमा महिलालाई रथको महत्वपूर्ण पाङ्गाको रूपमा स्थापित भएको समेत यथेष्ट प्रमाण छन (मंगोलियन, २०७९) ।

महिलालाई निर्णय गर्ने क्षमता र आर्थिक गतिविधिमा प्रत्यक्ष रूपमा सहभागी गराई महिला सशक्तिकरणको लागि महत्वपूर्ण योगदान दिन सकिन्छ । उद्यमशीलताले महिलालाई आर्थिक लाभ उठाउन र उनीहरुको सामाजिक अवस्था सुधार गर्न मद्दत गर्छ । महिलाले उद्यमीको विकास प्राप्त गरी सक्षम बनेपछि समाजले उनीहरूको क्षमता बुझी सराहना गर्छ । यसले समाजमा महिलाको उपस्थिति बढाउँछ । साथै, राष्ट्र निर्माण र आर्थिक स्थितिमा सुधार ल्याई महिला एकीकरणको नेतृत्वको भावना पैदा गर्दछ । साथै, महिलाहरुमा मनोवैज्ञानिक

सन्तुष्टिसमेत प्रदान गर्दछ । जसबाट उनीहरुको समाजमा बढेको पहिचान, सिर्जनसिलता र उपलब्धिहरुको गहिरो भावनासँग अनुशासन, मेहनत र जागरूकताको भावना पैदा गराई नयाँ ढँगले इच्छाशक्तिको उजागर गर्दछ भन्ने विश्वास महिलाहरूमा पैदा हुनेछ । जब महिलाहरूले आफ्नो परिवारको निम्ति राम्रो कदम उठाउँछन तब समाजलाई असल कार्यको लागि उत्प्रेरित गर्दछन र देशले प्रगतिको पथ समात्छ । आर्थिक, सामाजिक, र सांस्कृतिक स्थितिमा जब महिलाको पहुँच वृद्धि हुन्छ तब देशले समृद्धिको बाटो समात्छ । जबसम्म महिलाहरूले आफ्नो देशमा आउने चुनौतीलाई नयाँ अवसरको उचाइ मानेर डटेर अगाडि बढन सक्दैनन तबसम्म नेपालमा केही हुनेवाला छैन । आर्थिक, समाजिक र राजनीतिक शक्ति समाजको एक मनोवैज्ञानिक शक्तिको आधार मानिन्छ । यसैले, निम्न वर्गीय महिलाहरू कमजोर आर्थिक अवस्थाका कारण दोस्रो पक्षबाट अपहेलित भएको महसुस गर्छन । कालान्तरमा निर्भरता र निर्णय गर्ने शक्तिको कमी हुने वातावरण बलियो भएर जान्छ । त्यसैले, यदि महिलालाई आर्थिक रूपमा सक्षम बनाउनु छ भने चेतना र शिक्षाको दियो बालेन एकदमै जरुरी छ । महिलाहरूले राज्यको अर्थव्यवस्थालाई मजबुत बनाउन ठूलो योगदान गरेका छन । अर्थ व्यवस्था नै समाजमा वर्ग विभाजन र लैङ्गिक विभेद गर्ने यसको मुख्य कारण हो । त्यसैले  महिला सशक्तीकरणको निम्ति आर्थिक अवस्था एकदमै मजबुत हुनुपर्छ । परिवारमा धेरै समय खर्च गर्ने पनि महिला हुन्छ । सम्पूर्ण परिवारको जिम्मेवारको अभिभारा उनैमाथि थोपरिएको हुन्छ । जब महिलाको आर्थिक अवस्था मजबुत हुन्छ तब समाज, क्षेत्र हुँदै सम्पूर्ण राष्ट्रमा प्रत्यक्ष रूपमा प्रभाव पर्दछ । जरुरी छ महिला सशक्तीकरणमा महिलालाई आर्थिक रूपमा सक्षम बनाउन । आज राष्ट्रले मात्रै होइन कि विश्व मानकमा रुपमा रहेको विश्वव्यापीकरणको एक सिद्धान्तअनुसार महिला सशक्तीकरणलाई एक अभियानको रूपमा लिनुपर्छ (मंगोलियन, २०७९) ।

महिलाहरुलाई माओवादी जनयुद्धमा आकर्षण गर्नुको मुख्य कुरा विचार धारा र सशक्तिकरणका आकांक्षा रहेको छ । जनयुद्धलाई महिला मुक्तिको माध्यम को रूपमा चित्रण गरिएको छ । आफ्नो लेख “जनयुद्ध महिला को सहभागिता“मा यमि तर्क गर्नुहुन्छ माओवादी क्रान्ति ले ग्रामीण नेपालि महिलाहरुलाई सामन्ती संरचना भत्काउन सशक्त बनायो । उहाँले रोल्पा जिल्ला को उदहारण दिँदै यो कुरालाई स्पष्ट पार्नुभयो, जहाँ एक महिला छापामारले महिलालाई यौन दुरव्यवहार गर्न सामन्ती तानाशाह लाई हटायो । अन्य विद्वानहरु द्वारा पनि

माओवादी विचार धारा मा महिला मुक्ति र लैङ्गिक भेदभावको अन्त्यमा जोड दिएको पुष्टि गर्छन (शर्मा र पारसियन, २००४) ।

आफूलाई केन्द्रीय समिति सदस्य र नेकपा (माओवादी) को महिला विभाग प्रमुखको रूपमा चिनाउने लेखिकाको उपनाम कमरेड पार्वती, महिला नेतृत्वको विकासमा रहेका "समस्याहरू" बारे खुलेर बोल्छिन जसलाई प्रचण्डले संकेत गरेका छन । यद्यपि पुरुष कार्यकर्ताहरूको सैन्य करियर ४० वर्षको उमेरमा विकास जारी राख्छ, महिला कार्यकर्ताहरूको करियर २५ वर्षको उमेर पछि विरलै विकसित हुन्छ । जब जनमुक्ति सेना ब्रिगेड-स्तरमा विस्तार भयो, महिलाहरूले नेतृत्व पदहरूमा उनीहरूको सहभागिताको बारेमा प्रश्नहरू सोध्न थाले । द वर्करमा प्रकाशित "नेपालमा जनयुद्धमा महिला नेतृत्वको प्रश्न" मा, उनले महिला कार्यकर्ताहरूले आफूलाई दाबी गर्न कठिनाइ अनुभव गर्ने र पुरुष कार्यकर्ताहरूलाई "... पितृसत्तात्मक संरचनाले उनीहरूलाई दिएको विशेषाधिकार प्राप्त स्थिति" त्याग्न गाह्रो हुने तर्क गर्छिन । सोही शिरालाई निरन्तरता दिँदै "जनयुद्धमा महिला सहभागिता" मा पुरुष नेतृत्वले बारम्बार महिलाका मुद्दाहरूलाई केन्द्रीय मुद्दाको रूपमा लिनुको सट्टा महिलालाई नै हस्तान्तरण गर्ने, महिला जन मोर्चाले विकास गरेका कार्यक्रमहरू कार्यान्वयनमा बेवास्ता गर्ने, अनावश्यक रूपमा रहेको उनको टिप्पणी छ । महिला कार्यकर्ताहरूको अतिसंरक्षण गर्ने, र "... मानसिक काम र महिलाहरूलाई दैनिक कठिन काममा लगाइ" एकाधिकार गरेर श्रमको परम्परागत विभाजनको सहारा लिने, प्रतिज्ञा देखाउने विवाहित महिलाहरूलाई आफ्नो पतिबाट टाढा लैजाने पदहरू लिन निरुत्साहित गरिन्छ । माओवादी आन्दोलनमा सक्रिय महिलाहरूले बारम्बार सन्तान हुँदा सीमान्तीकरणको अनुभव गर्छन् र "... धेरै उज्ज्वल महत्वाकांक्षी कम्युनिष्ट महिलाहरू आफ्नो मनपर्ने कामरेडहरूसँग विवाह गरेर पनि विस्मरणमा हराउने जोखिममा छन" ।

यी समस्याका बाबजुद पनि पार्वतीले महिलाको सन्दर्भमा पार्टीको सफलतालाई जोड दिन्छिन । सन् २००२ सम्ममा पार्टीको केन्द्रीय समितिमा धेरै महिला, क्षेत्रीय स्तरमा दर्जनौं र जिल्ला, क्षेत्र र कक्ष तहमा पनि धेरै महिला थिए । जनमुक्ति सेनाले धेरै महिला सेक्शन कमाण्डरहरू, र उपकमान्डरहरू साथै महिला-मात्र स्क्वाडहरू र प्लाटुनहरू र स्थानीय स्तरका महिला कार्यकर्ताहरूको गर्व गर्दछ । पार्वतीले अखिल नेपाल महिला संघ ( क्रान्तिकारी) (अनवा-आर) ले समुदायको स्तरमा महिलालाई परिचालन गर्नको साथै सम्पूर्ण आन्दोलनको अग्रगामीमा प्रभावकारी जन संगठनको उदाहरणको रूपमा काम गरिरहेको

कुरा पनि प्रकाश पारिन । फेब्रुअरी २००२ मा "प्रचण्डपथ" नामक नेपाली माओवादको नयाँ रूप ग्रहण गरेपछि महिला नेतृत्वको विकास गर्ने प्रश्नले प्रमुखता पायो र महिलाको क्षमता विकास गर्न छुट्टै विभागको स्थापना भयो ।

## २.२ सैद्धान्तिक समीक्षा

### २.२.१ मार्क्सवाद / मार्क्सवादी नारीवाद र विभिन्न नारीवादहरु

मार्क्स र एंगेल्सले १८४० र १८८० को बीचमा प्रजननको सामाजिक, ऐतिहासिक चरित्रको बारेमा आफ्नो अन्तरदृष्टि विकास गरेका थिए । फ्रेडरिक एंगेल्सको परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्ति (१८८४) ले उत्पादन र प्रजननको विकासशील सामाजिक सम्बन्धलाई विस्तारित गरेको छ । एंगेल्सको तर्कमा पुँजीवादले आफ्नो प्रयोगको लागि सामन्तवाद अन्तर्गत परिवारको श्रमको उत्पादनशील क्षेत्रलाई खोक्रो बनाएको छ । हस्तकला, कटाई, निर्वाह खेती, पशुपालन र अन्य कृषि श्रमको महिलाको कामले साझा जग्गा घेरिएको हुनाले र ग्रामीण जीवन ज्यालामा मात्र निर्भर रहियो । पुँजीवाद अन्तर्गत, एंगेल्सले तर्क गर्दछन् "घरेलु व्यवस्थापनले आफ्नो सार्वजनिक चरित्र गुमाएको छ । समाजको सरोकार छैन । यो एक निजी सेवा भयो पत्नी मुख्य सेवक बन्यो, सामाजिक उत्पादनमा सबै सहभागिताबाट बहिष्कृत भए" (एंगेल्स, १९४२) ।

महिलाको अधीनता न जैविक रूपमा प्राकृतिक थियो न त ईश्वर-प्रदत्त; बरु, पुँजीवादको वर्गीय सम्बन्धले महिला उत्पीडनलाई लङ्गर गर्ने लैङ्गिक पदानुक्रमलाई लागु गर्यो । मार्क्सवादी नारीवादीहरूले यस पितृसत्तात्मक परिवारलाई पुँजीवादको अभिन्न अंगको रूपमा हेरेका थिए, र यसैले उत्पीडनको स्थललाई नष्ट गरिनुपर्छ । पारिवारिक लैङ्गिक श्रम सम्बन्ध, बरु, सामाजिककरण हुनुपर्छ । पुँजीवाद विरुद्धको सर्वहारा संघर्षमा महिला श्रमिकका रूपमा सामेल भए मात्रै उनीहरूले पितृसत्तात्मक मूल्य र सामाजिक व्यवस्थामा महिला उत्पीडनको सामना गर्न सक्छन । मार्क्सवादी नारीवादीहरूले यी अन्तरदृष्टिहरू १८८० देखि १९२० को दशकमा विस्तार गरे कि कसरी प्रजनन श्रम र उत्पादक कार्यको विभाजनले समग्र रूपमा पुँजीवादलाई पुनः उत्पादन गर्यो । विशेष गरी, रोजा लक्जमबर्गले तर्क गरे कि साम्राज्यवाद प्रजननमा कामदार, नयाँ बजार र प्राकृतिक स्रोतहरूको थप गहन शोषणमा निर्भर छ (लक्समबर्ग, १९५१) ।

जर्मन विचारधारा (१८४५-६) मा मार्क्स र एंगेल्सले प्रजनन सम्बन्धमा मजदुरहरूको गलत धारणाको वर्णन गरे । "जीवनको उत्पादन, श्रममा आफ्नै र प्रजननमा ताजा जीवन दुवै, अब दोहोरो सम्बन्धको रूपमा देखा पर्दछः एकातिर प्राकृतिक रूपमा, अर्कोतर्फ सामाजिक सम्बन्धको रूपमा" । प्रजनन श्रमका सामाजिक रूपहरू थिए जसले यसलाई व्यवस्थित गर्दछ, जस्तै विवाह र परिवार तर श्रम आफैंमा जैविक रूपमा देखियो। जैविक प्राणीहरूले यी सामाजिक व्यवस्थाहरूमा परिवर्तनहरू प्रभाव पार्न नसक्ने भएकाले यो श्रम गर्ने महिलाहरूलाई पनि अंगीकृत गरिएको थियो (माक्स र एंगेल्स,१९६४-४१) ।

मार्क्सवादले पुँजीवादको सम्बन्ध भित्र रहेको तर्क गर्दै सामाजिक प्रजननलाई श्रमको रूपमा ऐतिहासिकता दिएको छ । हरेक पुँजीवादी सामाजिक सम्बन्धको पछाडी पूँजीपति र मजदुरको, पति-पत्नीबीचको अर्को गाडिएको सामाजिक सम्बन्ध हुन्छ । भर्खरै निजीकरण गरिएको घरपरिवारमा, वंशानुगत लैङ्गिक भूमिकाको परिणाम स्वरूप, महिलाहरूले सबै प्रजनन श्रमको ठूलो हिस्सा पुरुषको नियन्त्रणमा गरे । त्यसकारण, महिलाहरूले पुनः उत्पादन गरेका मजदुरहरू , आफैं सहित - अर्को दिन पुँजीपतिलाई आफ्नो श्रमशक्ति बेच्न तयार भएर फर्कन्छन् । यस प्रजनन श्रमको उपयोग मूल्य श्रमिकहरूको दैनिक र पुस्ताको नवीकरण हो । परिवारमा महिला कामको विनिमय मूल्य, तथापि, केहि पनि छैन ।

परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्ति (१८८४) मा, फ्रेडरिक एंगेल्सले प्राचीन र समकालीन दुवै अध्ययनबाट चित्रण गर्दै पारिवारिक संरचना, सामाजिक पदानुक्रम, र सम्पत्तिको अवधारणाको प्रारम्भिक उत्पत्तिको बारेमा लेख्छन । उनी निष्कर्षमा पुग्छन कि सुरुमा महिलाहरूको उच्च सामाजिक हैसियत र श्रममा समान विचार थियो, र विशेष गरी, केवल महिलाहरूले परिवारको नाम साझा गर्न निश्चित थिए । प्रारम्भिक पुरुषहरूले परिवारको नाम पनि साझा नगरेको हुनाले, एंगेल्स भन्छन, उनीहरूलाई निश्चित रूपमा थाहा थिएन कि उनीहरूका छोराछोरी को हुन वा विरासतबाट लाभ उठाउँछन् । जब कृषि पहिलो पटक प्रचुर भयो र प्रशस्ततालाई पुरुष सम्पत्ति मानिन्थ्यो, किनकि यो घरबाट टाढा पुरुष कार्य वातावरणबाट प्राप्त भएको थियो, पुरुष वंश र उत्तराधिकारको लागि गहिरो चाहना स्थापित भयो । त्यो चाहना हासिल गर्न, महिलाहरूलाई उनीहरूको लामो समयदेखि खोजिएको एकविवाह मात्र प्रदान गरिएको थिएन तर घरेलु दासताको रूपमा यसलाई बाध्य पारिएको थियो, जबकि पुरुषहरूले "हेटेरिज्म" को झुकाव संस्कृति पछयाए । एंगेल्सले यस अवस्थालाई समाजको एक प्रमुख विशेषताको रूपमा जबरजस्ती दासताको शुरुवातको

संयोगको रूपमा वर्णन गर्दछ, जसले अन्ततःवर्ग उत्पीडन को युरोपेली संस्कृतिमा नेतृत्व गर्दछ जहाँ गरिबका छोराछोरीहरू धनीहरूको सेवक हुने अपेक्षा गरिएको थियो । एंगेल्सले ( १८४६) यस पुस्तकमा आफै र माक्सद्वारा एक उद्धरण पुनःलेखे, “श्रमको पहिलो विभाजन भनेको केटाकेटीहरूको प्रचारको लागि पुरुष र महिला बीचको हो”, यसो भन्नको लागि, “इतिहासमा देखा पर्ने पहिलो वर्गको विरोध विकाससँग मेल खान्छ । एकल विवाहमा पुरुष र महिला बीचको वैमनस्य, र पहिलो वर्ग उत्पीडन पुरुष द्वारा महिला लिङ्ग संग मेल खान्छ” (एंगेल्स, १८४६) ।

मार्क्सवादी नारीवादले पुँजीवाद र निजी सम्पत्तिको व्यक्तिगत स्वामित्वको माध्यमबाट महिलाहरूको शोषण गर्ने तरिकाहरूको विश्लेषण गर्दछ । उनिहरुका अनुसार, नारी मुक्ति पुँजीवादी प्रणालीलाई ध्वस्त गरेर मात्र प्राप्त गर्न सकिन्छ जसमा उनीहरूले महिलाको श्रमको ठूलो हिस्सा अपूरणीय रहेको दाबी गर्छन र पारम्परिक मार्क्सवादी विश्लेषणलाई बेतलबी घरेलु श्रम र यौन सम्बन्धहरूमा लागू गरेर विस्तार गर्छन । मार्क्सवादी नारीवादले पुँजीवादमा कसरी नारीत्व र पुरुषत्वको संरचना उत्पादनको लैङ्गिक विचारधाराहरू खोज्दछन । यसले प्रजनन श्रमको उपयोग मूल्यलाई दृश्यात्मक बनाएर ज्यालामा विनिमय मूल्य र नाफाको अतिरिक्त मूल्य दुवैलाई सामाजिक मूल्य निर्धारण गर्न पुँजीवादी मूल्यको प्रधानतालाई चुनौती दिन्छ । आज, मार्क्सवादी नारीवादले दुईवटा केन्द्रीय प्रश्नहरूको सामना गरिरहेको छः पछिल्लो पुँजीवादमा राजनीतिक अर्थतन्त्रलाई कसरी लिङ्ग गरिएको छ ? कसरी मानिसहरू र समुदायहरूको सामाजिक प्रजननले पूँजीवाद विरोधी अभ्यासलाई समर्थन गर्नुको सट्टा पूँजीवादलाई नवीकरण गर्छ? पहिलो प्रश्नले आज साम्राज्यवादलाई सम्बोधन गर्छ, जसलाई लेनिनले पुँजीवादको उच्चतम चरण भनेका थिए । जनताको आवश्यकताभन्दा मुनाफामा आधारित प्रणालीको रूपमा, पुँजीवादले आफ्ना वस्तुहरूको लागि निरन्तर नयाँ बजार खोज्छ, जसलाई माक्सले कमोडिटी भन्छन, अत्यधिक उत्पादनको संकटका कारण-मानिसहरूले किन्न सक्ने भन्दा बढी चीजहरू बनाउँदै । साम्राज्यवादले यस संकटको आक्रामक समाधानलाई बुझाउँछ जसले पुँजीवादका मालिक वर्गहरूको नाफा बढाउन नयाँ बजारहरू र मजदुरी मजदुरहरूको नयाँ पोखरीहरू सिर्जना गर्दछ । माक्सवादी नारीवादीहरूले तर्क गर्छन कि बिसौं र एक्काइसौं शताब्दीमा साम्राज्यवाद अत्यधिक उत्पादन (कामदार, उपभोक्ता वा दुवैको रूपमा) को संकट समाधान गर्न महिलाहरूमा मात्र भर पर्दैन, तर लिङ्गको दमनकारी विचारधारामा पनि निर्भर छ । साम्राज्यवादले नयाँ

कामदारहरूलाई ज्यालादारी काममा जबरजस्ती गर्न, ज्याला र कामको अवस्था घटाउन र पहिले प्रयोग नगरिएका स्रोतहरूको शोषण गर्न लैङ्गिक उत्पीडनको विद्यमान विचारधाराहरूको परिचालन मार्फत नयाँ बजारहरू कब्जा गर्छ (माइस, २०१४) ।

केही विद्वानहरू मार्क्सवादी महिलाहरको आलोचना गर्दै बढी आर्थिक पक्षलाई उजागर गरेपनि सामाजिक, सांस्कृतिक पक्षलाई उजागर गर्न नसकेको आरोप लगाउँछन् । समाजमा व्यक्तिगत सम्पत्तिको अन्त्य नगरी लैङ्गिकविभेदलाई फरक पार्ने भएकोले सामाजिक तौरतरिकाबाट विभेदको जरो खोज्नु पर्ने धारणा छ (रिटजर, १९९६) ।

त्यस्तै आमुल नारीवादले महिला र पुरूष एक अर्कामा जैविक र मनोवैज्ञानिक विशेषताहरूले गर्दा फरक फरक रहेका छन । समाजमा महिला र पुरूषको विचमा द्वन्द्व रहेको छ यस्तो द्वन्द्वको मुख्य कारण पुरूष र उसमा निहित शक्ति हो । परिवार दमनको केन्द्रविन्दु मान्दछ । परिवार यसले पितृसत्तालाई शक्तिको स्रोत मानेको छ । परिवार पितृसत्ताको महत्वपूर्ण एकाई हो । जसले पुरूषलाई महिलामाथि यौनिक, आर्थिक र मनोवैज्ञानिक दमन गर्न सहयोग गर्दछ । यस आमूल महिलावादले पितृसत्तात्मक समाजलाई भत्काउनु पर्ने कुरालाई जोड दिँदै आफनो शरीरको नियन्त्रण गर्ने अधिकार स्वयममा हुनुपर्दछ भन्ने रहेको छ । क्रान्तिकारी महिलावादले महिलाहरूको उत्पीडन र महिलामाथि हुने दमनलाई पूँजीवाद नभै पूँजीवादी उत्पादन प्रणालीसँग सृजित पितृसत्ता हो भन्दछन । उनीहरूका अनुसार आधुनिक समाज र यसका कानून, धर्म राजनैतिक कला जस्ता कुराहरू महिलामाथि पुरूष वर्चस्वका परिणामहर हुन यी सामाजिक विशेषता पितृसत्ताका चरित्र अनुसार यसका पक्षधरहरूको मान्यता महिला उत्पीडन गर्ने पितृसत्ता पूँजीवादी प्रणालीभन्दा पृथक ढंगले विकास भएको असमानताको प्रणाली हो जुन पितृसत्ताले महिलाहरूको यौन श्रम माथि पुरूषको एकलौटी नियन्त्रण, तजवीज, र हैकम चलाउने चलन हुँदै अस्तित्वमा आएको हो । नारीहरूको पराधीनता पूँजीवाद विकासको परिणाम नर्भ पुरूषसत्ता हो भन्ने रहेको पाइन्छ (१९९६, रिटजर) ।

त्यस्तै समाजवादी नारिवादीहरुको व्याख्या आमूल नारीवाद र मार्क्सवादी नारीवादको सम्मिश्रणबाट जन्मेको नयाँ नारीवादी व्याख्या हो । यसले मूलतः लैङ्गिक दमन वर्ग को कुरालाई उजागर गर्दछ । समाजवादी महिलावाद ले लैङ्गिक दमनलाई बुझ्नका लागि सामाजिक कारक तत्वको खोजीलाई जोड दिँदै महिला प्रतिको विभेद पुरूष र महिला

स्वंयबाट भएको ठान्दछ साथै महिला भएका कारणले महिलाहरू उत्पीडित छन । वर्गीय समाज व्यवस्था त्यसको एकमात्र स्रोत होइन भन्ने तर्क उनीहरूले गर्दछन (शर्मा, २०६६) ।

समाजवादी महिलावादको लैङ्गिक दमनलाई बुझ्नका लागि सामाजिक कारक तत्वको खोजीलाई जोड दिँदै महिला प्रतिको विभेद, पुरूष र महिला स्वंयमबाट भएको ठान्दछ । जसका पछाडि पितृसत्तात्मक सामाजिक ढाँचाका ठूलो भूमिका छ । समाजमा विद्यमान रहेको इकाइहरूको प्रकार्यले सामाजिक व्यवस्था संचालित हुने हुँदा त्यही संरचनाभित्र बसी लैङ्गिक सम्बन्धको विभेदका अवस्थालाई उठाइएको छ । सामाजिक, सांस्कृतिक व्यवस्थाका कारण लैङ्गिक विभेद सृजना हुने हुँदा त्यसतर्फ अध्ययनलाई जोड दिनु पर्दछ । सामाजिक व्यवस्थाभित्रका विभेदको अन्त्यका लागि महिला पुरूषबीचका समानताको आवश्यकतालाई औल्याउँदै त्यसभित्रका अन्य कारक तत्वका विरुद्धमा सशक्तीकरणको प्रक्रियालाई जोड दिइन्छ । समाजका प्रत्येक तहमा महिलाहरू पुरूषकै अधिनमा रहन्छन जसको कारण लैङ्गिक आधारमा श्रम विभाजन र त्यस अनुरूपको सामाजिक, सांस्कृतिक मान्यता हो (रिटजर, १९९६) ।

त्यस्तै उदारवादि महिलावाद महिला मुक्तिका लागि विचार प्रवाह गर्ने महत्वपूर्ण सिद्धान्त हो । जसले महिला स्वतन्त्रता विकास र परिवर्तनलाई जोड दिन्छ । महिलाहरूमा गरिने विशेष गरी यौनजन्य हिंसा र शोषणका विरोधमा विचारको प्रवाह गर्दछ । महिलाहरूले कानूनमा नै विभेद भोग्नु परेकाले त्यसको उन्मूलनलाई जोड दिन्छ । सामाजिक न्यायलाई समाजमा प्रतिस्थापित गराउनु गर्दछ भन्ने मान्यतालाई जोड दिन्छ जे.बर्नार्ड, एम.मोरिका फ्रेईडान, ऐलिसान केजर जस्ता विद्धान्तहरूको यसमा उल्लेखनीय योगदान रहेको छ ।

उदार महिलावादले समाजमा महिलाहरू महिला भएकै कारण शिक्षा लिनबाट वञ्चित धुमफिर माथिको स्वतन्त्रताहरूको बन्देज घरभित्रका कार्यमा बढी संलग्नता विवाह बालबच्चा जन्माउने कुरा राजनीति लगायतका यावत सवालमा महिलाहरू सामाजिक कारणबाट नै पुरूषको नियन्त्रणमा रहेको र महिलाहरूको स्वतन्त्रता लुटिएको बारेमा चर्चा गर्दछ । उदारवादले महिलाहरूको पुरूष प्रतिको परनिर्भरता बढेको तर्फ चर्चा गरिएको छ । खास गरी बेट्टी फ्रेडेनको सन् १९६३ मा प्रकाशित द फेमिनाइन मिस्टिकमा महिलाहरू प्रतिको सम्पूर्ण विभेदका बारेमा चर्चा गरिएको र महिलाहरू पुरूष सरह रहन सक्छन भन्ने तार्किक व्याख्या गरेपछि महिलावादले बढी व्यापकता पाएको देखिन्छ । जसको आधारमा पश्चिमी स्वतन्त्रतासँगै विकास भएको थियो । उदारवादले महिलाहरूले आफनै कार्य रोजाई

आकांक्षाको रोजाईबाट पुरूष सरह आफनो क्षमता प्रदर्शन गर्न सक्दछन यस्तो समानतालाई आफै निरन्तर दिन सक्दछन भन्दै राजनीतिक र कानुनी सुधारको माध्यमबाट महिला पुरूषमा समानता ल्याउन सकिन्छ भन्ने अपेक्षा गर्दछ । यसले महिला र पुरूष विच हुने व्यक्तिगत र स्वतन्त्र सम्बन्ध र अन्तरक्रियालाई समाजमा नारी पुरूषबीच लैङ्गिक समानता ल्याउने सुरु आधारविन्दु हो भन्ने मान्यताको आधारमा विश्लेषण गर्दछ । सबै महिलाहरूमा समाजमा लैङ्गिक समानता प्राप्त गर्ने सामर्थ्य हुन्छ । त्यसैले समाजको आधारभूत संरचना परिवर्तनमा नगरी नै समानता प्राप्त गर्न सम्भव छ भन्ने दावी गर्दछ (रिटजर, १९९६) ।

### २.२.२.लैङ्गिक श्रम विभाजन

सामन्ती समाजका प्रत्येक घरहरू महिलाहरूका निम्ति बन्दी गृह जस्ता थिए । उत्पादनशील श्रमबाट वञ्चित गरेर घरभित्रको पटयारलाग्दो र अनुत्पादनशील श्रममा लगाउनु अथवा महिलाहरूको घरायसी श्रमको कुनै मूल्य निर्धारण नगरिनु हाम्रा महिलाहरूको सबभन्दा ठूलो शोषण र उत्पीडनको रूप रहँदै आएको थिए । प्रतिक्रियावादीहरूका घरमा मात्र होइन, अधिकांश प्रगतिशीलहरू र कम्युनिष्टहरूका घरमा पनि महिलाहरूको शोषणको रूप उस्तै देखिन्छ । यो कथित सामन्ती श्रमविभाजनलाई तोडेर घरायसी श्रममा पुरूषहरूको पनि सहभागिता गराउने र महिलाहरूलाई घर बाहिरको श्रममा पनि लगाउने प्रचलन माओवादी जनयुद्ध ल्याउनै पर्दछभन्ने उद्देश्य र कमसेकम आफूलाई कम्युनिष्ट भन्ने परिवारका महिलाहरूले यसलाई गम्भीरतापूर्वक लिएर घरघरबाट विद्रोह छेड्नै पर्छ भन्ने सोचमा साथ, घरधन्दा गर्ने, भात पकाउने, भाँडा माझ्ने, बच्चा स्याहार्ने आदि काम महिलाको मात्र होइन भन्ने कुरा प्रगतिशील पुरूषहरूको दिमागमा जबर्जस्ती भए पनि घुसाउनै पर्छ । महिलाहरू रातदिन घरको काममा जोतिने तर पुरूषहरू चौतारीमा गफ चुटेर वा तास खेलेर बस्ने र उल्टै जाँड रक्सी खाएर स्वास्नीलाई कुट्ने चलनका विरूद्ध हाम्रा महिलाहरूले सशक्त अभियान छेड्नै पर्छ (भट्टराई, २०६३) ।

जव हामी युद्धको समय नियाल्छौ तब लडाकुहरु प्राय पुरुषहरु हुन्छन । महिलाहरुको सहभागीता नियमित सेनामा सिमित हुन्छ भने प्राय महिलाहरुको उपश्थिति नर्समा,टाइपिङ गर्ने कामहरुमा बढि सहभागीता हेर्न सकिन्छ (गोल्डस्टेन, २००१) । किन प्राय युद्ध र पुरुषहरु विच सह सम्बन्ध हुन्छ ? के यो पुरुष स्वभाव अथवा संस्कृतिको उपज हो ? पुरुषत्व र युद्धको बारेमा गरेको र्सर्बेका अनुसार पुरुषद्धारा पर पुरुको हत्यानै युद्धको सुरुवाति प्रमुख कारण देखिन्छ (फ्रगसन, २०२१) । लिङ्गमा आधारित कामको वाँडफाड ले पुरुषको

भुमिका निर्धारित गर्ने र पुरुषत्वको निमार्ण तथा विकासमा सहयोग गर्दछ । पुरुषत्व संस्कृतिक रुपमा युद्धको पुर्ववती प्रमुख कारण मान्न सकिए पनि अन्य थुर्पै तत्कालिन कारणहरुको आधारमा युद्ध पुरुष्त्वलाई मजबुत बनाउने वा युद्ध पुरुषद्धारा प्रभावित हुने अवस्था रहन्छ ( फ्रगसन,२०२१) । सम्पुण मानव समाज देखि सामान्य स्थानिय तहको युद्ध ग्रसित समाजको हालसम्मको अध्ययन ले छोरालाई सामाजिक तवरमा नै प्रभुत्वसालि तथा हत्याको लागी हुर्काउने गरिन्छ भने छोरिलाई शारिरिक हिंसा वाट टाढा राखिन्छ र उनिहरुलाई पुरुष प्रास्त बनाइन्छ । पुरुष महिला विचको यो अभ्यास ठाँउ अनुसार फरक भएपनि उनिहरुमा रहेको लैङ्गिक विभेद भने उस्तै छ (फ्रगसन, २०२१) ।

फरक फरक कार्यहरुको अधिकार दिईएबाट पुरुष र महिलाहरु विच उत्पन्न हुने श्रमको भिन्नता स्वरुप वा संरचना अथवा लिङ्गका आधारमा महिला र पुरुषहरुलाई निदिष्ट गरिएको भुमिका उत्तरदायित्व र कार्यहरु द्धारा सिजर्ना हुने श्रम विभाजन लाई लैङ्गिक श्रम विभाजन बुझिन्छ । बर्तमान समयको समाजमा लिङ्गमा आधारित श्रम विभाजन बढ्दै गएको छ । महिलाहरुलाई घरपरिवारका समित कार्यहरुमा बढि संलग्न गराईन्छ भने पुरुष हरुको श्रम वा काम गर्ने क्षेत्र समग्र विश्वभर व्याप्त रहेको मानिन्छ । महिलाहरुले घर बाहिरको काममा संलग्न हुँदा थुर्पै समस्याहरुको सामना गर्नु पर्दछ (मिज, १९८१) ।

The german ideology मा मार्क्स (१८४६) ले एतिहासिक द्धन्दात्मक भौतिकबादलाई उजागर गरेका थिए । श्रमको वितरण अस्तित्वमा आउने वित्तिकै प्रत्यक व्यक्तिको गतिविधिको एक विशेष क्षेत्र हुन्छ । जुन कार्य गर्न उसलाई वाध्य पारिन्छ । जसबाट उ उम्कन सक्दैन (मार्क्स, १८४६) ।

अत्तिरिक्त मुल्य प्राप्त गर्न सकिने किसिमको श्रमलाई बढि उत्पादकत्व जन्य श्रम मानिन्छ भने घरपरिवारमा सिमित भई बालवालिका हेरचाहगर्ने, स्हारगर्ने, घरपरिवार भित्रका विभिन्न कार्यहरु गर्ने र गैर ज्यालाजन्य कार्यहरुलाई कम उत्पादकत्व श्रम मानिन्छ । यी कामहरु महिलाहरु द्धारा मात्र गरिने भएकाले श्रमको उत्पादकत्वका आधारमा महिला र पुरुषहरु विचका लैङ्गिक श्रम विभाजन हुन पुग्दछ । श्रमको उत्पादकत्व लाई लैङ्गिक श्रम विभाजनको एक सामाजिक उद्दगम मानिन्छ (मिज, १९८१) ।

आदिम समाजको ईतिहासले बताउँछ मातृप्रदान समाज अर्न्तरगत महिलाहरुले नै उत्पादनको नियन्त्रण गर्दथे । त्यस वेला जुन ढंङले उत्पादन हुन्थ्यो त्यसमा महिलाहरुले नै मुख्य भुमिका निर्वाह गर्दथे जवकि पुरुषहरु जङ्गलमा मानोरञ्नकालागी यताउति धुमेर हिडदथे फेरी यस्तो समय आयो जब पुरुषसत्तात्मक समाज अर्न्तगत उत्पादनको मुख्य भुमिका पुरुषहरुको हातमा आयो । यो परिर्वतन किन भयो ? किनभने यसवेला जुन ढंङले उत्पादन प्रचलित थियो उत्पादनका मुख्य साधन औजार, भाला, तिर, धनुस आदि थिय त्यसमा मुख्य भुमिका पुरुषहरुले नै गर्दथे (जेटकिन कलरा, २०५७) ।

किन प्राय युद्ध र पुरुषहरु विच सह सम्बन्ध हुन्छ ? के यो पुरुष स्वभाव अथवा संस्कृतिको उपज हो ? पुरुषत्व र युद्धको बारेमा गरेको र्सर्बेका अनुसार पुरुषद्धारा पर पुरुको हत्यानै युद्धको सुरुवाति प्रमुख कारण देखिन्छ । लिङ्गमा आधारित कामको वाँडफाड ले पुरुषको भुमिका निर्धारित गर्ने र पुरुषत्वको निमार्ण तथा विकासमा सहयोग गर्दछ । पुरुषत्व संस्कृतिक रुपमा युद्धको पुर्ववती प्रमुख कारण मान्न सकिए पनि अन्य थुर्पै तत्कालिन कारणहरुको आधारमा युद्ध पुरुषत्वलाई मजबुत बनाउने वा युद्ध पुरुषद्धारा प्रभावित हुने अवस्था रहन्छ । सम्पुण मानव समाज देखि सामान्य स्थानिय तहको युद्ध ग्रसित समाजको हालसम्मको अध्ययन ले छोरालाई सामाजिक तवरमा नै प्रभुत्वसालि तथा हत्याको लागी हुर्काउने गरिन्छ भने छोरिलाई शारिरिक हिंसा वाट टाढा राखिन्छ र उनिहरुलाई पुरुष प्रास्त बनाइन्छ । पुरुष महिला विचको यो अभ्यास ठाँउ अनुसार फरक भएपनि उनिहरुमा रहेको लैङ्गिक विभेद भने उस्तै छ (फ्रगसन, २०२१) ।

युद्धमा महिलाहरु किन सकिय छैनन् ? के यो महिलाहरु कम आकमक प्रविधिको भएर हो ? (लोरेन्स, १९६६) पुरुषहरुको लागि विभाजन गरिएको सामाजिक भुमिका तथा कामहरु शक्तीसंग अन्तरसम्बधित हुने हुदा यसले असमान शक्ती सम्बन्ध निमार्ण गर्नुको साथै पुरुष महिला माथि हावि हुने बातावरण वन्दछ भने अर्को तर्फ महिलाको भुमिका सामाजिक तवरले नै कमजोर तथा सिमान्तकृत बनाउछ र उनिहरुलाई सामाजिक शक्ती बाट टाढा बनाई पुरुष अधिनास्त बन्ने वातावरण निमार्ण हुन्छ । सामाजिक भुमिकाको विभाजन संगै महिला पुरुष दुवैलाई आफ्नो काम अनुसारको सिप निमार्ण गर्नुपर्ने अवश्यकताको कारणले उनिहरुको सामाजिक व्यवाहार र मनोविज्ञान पनि पृतीसतात्मक हुन पुग्दछ (एग्ली र उड, २००३) ।

लैङ्गिकता व्यक्तीको जन्मजात गुण वा विशेषता नभई दैनिक जिवनका मानविय अन्र्तरक्रियाहरुको मार्फत सक्रिय ढंगले सतहमा आउने एक मनोवैज्ञानिक विशेषता युक्त सामाजिक निमार्ण हो । महिला र पुरुषहरु तथा केटि र केटाहरु बिचका भिन्नताहरु सिर्जना गर्ने प्रकृया हो तर त्यस्ता भिन्नताहरु प्रकृतिक, अत्यावश्यक वा जैविकिय भने हुदैनन । एकपटक ति भिन्नताहरु निमार्ण भईसकेपछि ति भिन्नताहरुलाई लैङ्गिकताका आधारभुत विशेषताहरु थप प्रवल गर्नका लागि प्रयोग गरिन्छ (वेस्ट र जिमरम्यान, १९८७) ।

समाजमा संस्थागत गरिएका विभिन्न व्यवहार क्रियाकलापहरुको ढाँचा सिर्जना गरेर व्यत्तिको प्रकृतिक यौन भिन्नता लाई सामाजिक लैङ्गिकतामा स्थापित गरिन्छ । सामाजिक परिवेशका भौतिक पुर्वधारहरुलाई समेत यसरि निमार्ण गरिएको हुन्छ कि तिनले महिला र पुरुषहरु विचको लैङ्गिक भिन्नतालाई सिर्जना गरिरहेका हुन्छन उदाहरणहरुको लागी स्नान घर, विधालय कक्षाकोठा, खेल मैदान,  शौचालयको स्वरुप आदि । संसारका कतिपय स्थानमा महिलाहरुका लागी खेलका सिमित आवसरहरु मात्र उपलब्ध हुन्छन । खेलहरुलाई पुरुषोचित गुणहरु प्रकटित हुने गरि आयोजना र संञ्चालन गर्ने गरिन्छ । प्राय महिलाहरुलाई पुरुषहरुका तुलनामा सहज सुविधमुखि र हलुका कार्यहरु दिईन्छ । कुनै पनि लिङ्गका व्यक्तीहरु द्धारा आधारभुत र अतिआवश्यक रुपमा गर्न सकिने कार्यहरु लाई पनि समाजले लैङ्गिग भिन्नताका आधारमा विभाजन गरिदिएको हुन्छ । कतिपय परिस्थीतीहरु लाई लैङ्गिकरुपबाट बर्गीकरण नगरिएको भएतापनि सामाजिक अर्न्तक्रियाको ढाँचाका कारण महिला र पुरुषहरु विचको लैङ्गिक भिन्नता सिर्जना भईरहेको हुन्छ । महिला र पुरुष विचको आसमान श्रम विभाजन द्धारा उनिहरुविच थप भिन्नता सिर्जना हुन पुग्दछ । समाजले महिला र पुरुषका विभिन्न मापदण्डहरु निर्धारण गरेकोहुन्छ र तिनै मापदण्डहरुलाई दैनिक जिवनका कियाकलापहरुमा नित्य वा नियमित ढंग बाट निमार्ण हुने धारणको रुपमा विश्लेषण गरेका छन । लैङ्गिक संरचना कायम राख्न सामाजिक अर्न्तरक्रीयाहरुको महत्वमुर्ण भुमिका रहेको छ (वेस्ट र जिमरम्यान, १९८७) ।

महिलाको स्थिति उनको परिवारका पुरुष सदस्यहरूमा निर्भर हुन्छ जस्तै बुवा, दाई, पति वा परिवार को अन्य पुरूष प्रमुखहरु द्धारा निर्णय गरिन्छ (रेग्मी, २००७) । महिलाले कुनै काम वा पेशा गर्न खोजें त्यो पारिवारिक निर्णयमा भर पर्दछ । समाजमा कतिपय श्रम विभाजनहरु लैङ्गिक रूपमा हुँदै आइरहेका छन् । महिला र पुरुषहरु बीचको असमान श्रमविभाजन (asymmetrical division of labour) द्धारा उनीहरू बीच थप भिन्नता सिर्जना हुन पुग्दछ

(west and Zimmerman,1987) पुरुषले गर्ने काम लाई उत्पादनमूलक (productive), घरबाहिरको काम र महिलाले गर्ने कामलाई प्रजनन (reproductive) र घर भित्रको काम भनेर बुझिन्छ । श्रमको लैङ्गिक विभाजनमा महिला र पुरुषले फरक-फरक किसिमका कार्यहरु गर्न सक्दछन् भन्ने आधारमा उनिहरूका कार्यहरूको विभाजन गरिन्छ । प्राय: पुरुषहरूद्वारा गरिने कार्यहरू विवेकपूर्ण, योजनाबद्ध, उत्पादनमूलक र बढी बौद्धिक मानिन्छन् । यसको ठीक विपरीत महिलाहरु द्वारा गरिने कार्यहरू प्रकृति प्रदत (natural) मानिन्छन । यहाँ प्राकृति प्रदत भन्नाले प्राकृतिक रूपबाट निर्धारित हुने कार्यहरू हुन, जुन महिलाले मात्र गर्न सक्दछन् । यसप्रकार पुरुषहरुको कार्यलाई मानब श्रम (human labor) भनिन्छ भने महिलाहरूको कार्यलाई प्राकृतिक क्रियाकलाप (natural activity) मानिन्छ (मिज, १९८१) । त्यसैले युद्ध लैङ्गिकता लाई जोडेर हेर्दा पुरुषत्व संग जोडिएको छ । यसले जहिले पनि आक्रमक पुरुषहरु र शान्तीवादि महिलाहरुलाई जनाउछ बलिया पुरषहरुले कमजोर महिलाहरुलाइ बचाउन बाध्य रहेका छन । परम्परागत युद्ध संग तुलना गरेर हेर्दा छापामार युद्धहरुमा महिलहरुको सहभागीता वढी देखिन्थ्यो (कोकि,१९९६) । किन महिलाहरुको सक्रियता छापामारमा बढि देखिन्थो भन्दा उनिहरु समाजमा आफ्नो पहिचान खोज्न थालिसकेका थिए ।

**निष्कर्ष :**

जनयुद्धले ल्याएको परिवर्तनको बारेमा विभिन्न अध्ययनहरु पाउन सकिन्छ तर जनयुद्धले गर्दा लैंगिक भूमिका र मुल्य मान्यतामा कस्तो परिवर्तन आएको थियो ? परिवर्तन भएका वा नभएका लैङ्गिक सवाल हरु के कस्ता छन र शान्ति सम्झौता पछि माओवादी जनयुद्धले ल्याएको परिवर्तन कत्तिको दीर्घकालीन भयो भनेर खासै खोज गरिएको छैन त्यसैले मेरो अध्ययनको मुख्य उद्देश्य यी कुराहरू पत्ता लगाउनु रहेको छ ।

# अध्याय ३

# अनुसन्धान विधि

## ३.१. अनुसन्धानको ढाँचा

यस अध्ययन पश्चिम रुकुममा जनयुद्धको समयमा आएका परिवर्तनहरू तथा जनयुद्ध पश्चात ती परिवर्तनहरूको निरन्तरतासँग सम्बन्धित सवालहरूको विश्लेषणमा केन्द्रित छ। यो अनुसन्धानको उदेश्य पूरा गर्नको लागि गुणात्मक विधिमा आधारित रहेर अध्ययन गरिएको छ । सामाजिक घटनाहरूको अध्ययन अनुसन्धान र व्याख्या गर्न गैरतथ्याङ्कीय माध्यमबाट खोज गर्ने तरिकालाई गुणात्मक अनुसन्धान विधि भनिन्छ। सामाजिक घटनाहरू वा विषयहरू जसको अध्ययन गर्दा गुणात्मक प्रकृतिका तथ्यहरू संकलन र विश्लेषनमा यो विधिको प्रयोग गरिएको छ।

यो विधिको प्रयोग गरेर लैङ्गिक भूमिकामा आएका परिवर्तनहरू र तिनको निरन्तरताको कुरालाई जनयुद्धमा लडेका महिलाहरूबाट उनीहरूको विचारलाई विश्लेषण गर्न उनीहरूले कस्तो अनुभव गरे उनीहरूको दृष्टीकोण के रहेको छ भनेर बुझ्नको लागि सहयोग गरेको छ।

## ३.२.तथ्याङ्कको प्रकृति र स्रोत

अध्ययनमा तथ्यांकको स्रोत प्राथमिक र द्वितीय दुवै प्रकारका छन्। प्राथमिक तथ्यांकहरू अध्ययन क्षेत्रमा पुगी अन्तवार्ता, अवलोकन र वैयक्तिक अध्ययन गरिएको छ । द्वितीय तथ्यांकहरूमा माओवादी सशस्त्र द्वन्द्व तथा यससँग सम्बन्धित साहित्यहरू, सरकारी तथा गैरसरकारी संघ संस्थाहरूको प्रकाशित र अप्रकाशित प्रतिवेदनहरू, लेख रचना, पत्रपत्रिकामा छापिएका समाचार, पुस्तक, जीवन इतिहास र इन्टरनेटबाट प्राप्त गरिएको सामग्रीलाई प्रयोग गरिएको थियो। तथ्यांकको प्रकृति गुणात्मक किसिमका रहेका छन्।

## ३.३ अध्ययन क्षेत्रको छनोट

मैले यो अनुसन्धानको लागि आवश्यक पर्ने सूचनाहरू संकलन गर्नको लागि पश्चिम रुकुमको आठविसकोटलाई हेरेको छु । पश्चिम रुकुममा रहेका तीन ओटा नगरपालिका मध्येको एक आठबिसकोट नगरपालिका हो । आठविसकोट नगरपालिका नेपालको संविधान २०७२ को धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका, स्वायत्त, संरक्षित वा विशेष क्षेत्रको नाम, संख्या तथा सिमाना निर्धारण आयोगको सिफारिसमा बनेको

स्थानीय तह हो । साविकका स्यालाखदी, गोतामकोट, आठविसकोट, आठविस डाँडा गाउँ, घेत्मा गा.वि.स. र साविकको मग्गा गा.वि.स.का वडा नं. ७ र ८ समायोजन भई यस नगरपालिकाको निर्माण भएको हो ।

जनयुद्धको प्रभाव परेको जिल्ला पश्चिम रुकुम हो भने आठविसकोट नगरपालिका पनि प्रभावित क्षेत्र हो । यस क्षेत्रमा मैले पूर्वलडाकु महिलाहरूबाट विभिन्न जानकारी पाए । यही पृष्ठभूमिलाई आधार बनाएर अनुसन्धानको लागि आठविसकोट नगरपालिकाको वडा.नं.९ राडीज्यूलालाई छानिएको हो । त्यसैले जनयुद्धले ल्याएको परिवर्तन र त्यसको निरन्तरतालाई हेर्ने कुरालाई पश्चिम रुकुमको आठविसकोटमा अध्ययन गरिनु उपयुक्त रहेको छ । यसको कुल जनसंख्या ३४०४ रहेको छ भने १७४८ महिला र १६५६ पुरुष रहेका छन । यस नगरपालिकाको कूल क्षेत्रफल ५६०.३४ वर्गकिलोमिटर रहेको छ । नेपालको जनगणना २०७८ अनुसार यहाँको कूल जनसंख्या ३५९१७ (१७६१८ पुरुष, १८२९९ महिला) रहेको छ । यस नगरपालिकामा १४ वटा वडा रहेका छन् । यो रुकुम जिल्लाकै सबैभन्दा बढी जनसंख्या तथा क्षेत्रफल भएको नगरपालिका हो । आठविसकोट नगरपालिका वडा नं. ९ स्थित राडीज्यूलामा नगरपालिकाको केन्द्र अवस्थित रहेको छ । ठूलोभेरी नदीको किनारामा अवस्थित यस राडिज्यूला आठविसकोट नगरपालिका क्षेत्रभित्रका व्यापारिक क्षेत्रमध्ये एक मुख्य क्षेत्र हो । छिमेकी जिल्ला डोल्पासँग समेत सिमाना जोडिएको यस नगरपालिकाको केन्द्रमा अवस्थित राडीज्यूला डोल्पा जिल्लाको लागि समेत व्यापारिक स्थल हो । गिजागाड खोला तथा ठूलोभेरीको काखमा अवस्थित यो ज्यूलाको वरीपरी पहाडले घेरेर झण्डै उपत्यका बनाएको मनोरम दृश्यावलोकन गर्न सकिन्छ । आठविसकोटको कुल जनसंख्याले नेपाली भाषालाई मातृभाषाको रूपमा प्रयोग गर्दछन् । कुल साक्षरता नगरपालिकाको साक्षरता दर ७०% रहेको छ, भने जसमा पुरुषको दर ७६.८% र महिलाको दर ६३.७% रहेको छ । अन्य स्थान बाट विभिन्न वर्ग, लिङ्ग, धर्म, जात भएका मानिसहरू व्यापार, व्यवसाय, जागिरको शिलशिलामा यस क्षेत्रमा बसोबास गर्न आउने भएकोले यहाँको जनसंख्या बढ्दो रहेको छ (स्रोत राष्ट्रिय तथ्याङ्क विभाग, २०७८) ।

### ३.४ नमूना छनोट

प्रस्तुत अध्ययनमा पश्चिम रुकुमको आठविसकोट नगरपालिकाको वडा नं. ९ लाई छनोटमा लिएको छु । यसको समग्रतालाई समेट्न नसकिने भएकोले यस अध्ययनमा नमुना छनोट गरेको छु ।

यस अनुसन्धानको लागि उदेश्यमुलक विधि (पर्पोसिब) को प्रयोग गरिएको छ । आफूले चाहेको कुरा प्राप्त गर्ने उदेश्यको आधारमा उत्तरदाता चयन गरिन्छ भने त्यसलाइ उदेश्यमुलक नमुना छनोट विधि भनिन्छ ।

मैले जनयुद्धको परिवर्तन र निरन्तरतालाई हेर्दै छु । त्यो हेर्दा परिवर्तनको प्रकृयासंग बुझाई भएका, जनयुद्धमा योगदान भएका, जनयुद्धपछि जनयुद्धको बारेमा अभिव्यक्त गर्न सक्ने, त्यसलाइ विश्लेषण गर्न सक्ने, फरक पनलाई बताउन सक्ने मानिसहरू यसमा आवश्यक पर्दछन् । त्यसैले मैले उतरदाताको रूपमा पूर्व लडाकु महिलाहरूलाई लिएकी छु । यसको लागि त्यहाँको स्थानीय बासिन्दा, राजनितिक नेता, कार्यकर्ता, शिक्षक, गाउँको बुद्धिजिवीहरू, पूर्व पार्टीमा लागेका लडाकुहरूलाई सहभागी गराइने छ । समावेशीताका आधारमा विभिन्न व्यक्ति, समुदाय, वर्गलाई समावेश गरिनेछ । सहभागीले दिएको तथ्याङ्क विभिन्न माध्यम (अडियो रेकर्ड, अवलोकन, फोटो फिचर) बाट विश्लेषणको लागि सञ्चित गरिनेछ ।

यस अध्ययनको लागि मैले २५ जना उतरदाताहरू छाने । अनुसन्धान कर्ता ले जनयुद्धको बारेमा २०-२५ जनालाई सोध्दै जादाँ सबै जनासँग त्यही कुरा दोहोरिएपछि आवश्यक पर्ने कुरा पुगेको जस्तो लाग्यो ,नयाँ कुरा पत्ता लगाउन सक्ने जस्तो लागेन उहीँ तथ्याङ्क उहीँ सूचना मात्र आएपछि अनुसन्धान कर्ता ले २५ जना मात्र उत्तरदाता लिइयो ।

### ३.५ तथ्याङ्क संकलनको विधि

यस अध्ययनको लागि गहन अन्तरवार्ता, मूख्य सूचना दाता अन्तरवार्ता विधि र अवलोकन विधिलाई यसप्रकार तल उल्लेख गरिएको छ ।

### ३.५.१ गहन अन्तरवार्ता विधि

खास विषयमा खास व्यक्तिको धारणा बुझ्न अन्तरवार्ताकारको प्रवाहसँगै विस्तृत र गहन तथ्य सङ्कलन गर्ने विधि नै गहन अन्तरवार्ता हो । कुनै पनि विषयको गहिराइसम्म पुगेर समग्र अध्ययन गर्नु परेमा यस तरिकालाई अवलम्बन गरिन्छ । गुणात्मक तथ्याङ्क सङ्कलनको लागि यो सामान्य प्रकृया हो । यस विधिमा अनुसन्धानकर्ताले छनोट गरेको सहभागी वा प्रमुख सुचनादातासँग पूर्व निर्धारित प्रश्नमा अर्धसंरचित अन्तरवार्ता लिइन्छ ।

उत्तरदातालाई प्रत्यक्ष भेटेर प्रश्न उत्तर सैलिमा वार्तालाप गरी अन्तरवार्ता गरेको छु । यो अन्तरवार्ता अनौपचारिक तरिकाले गरेको छु । महिलाहरूसँग गहन विषयमा बुझ्दा यो अन्तरवार्ता २-३ घण्टा लामो पनि भएको छ । उतरदाताहरूको सुविधाको आधारमा

उनीहरूको समय लिएर, उनीहरूको घरमा, काम गने ठाउमा, मिटिंङ्गमा, बाटोमा जहाँ भेट्यो त्यही उनीहरूको गोपनियतालाई मध्ये नज़र राखेर यो अन्तरवार्ता गरेको छु । उनीहरूलाई सोधेर रेकर्ड गरेको छु भने नोट टिपेको छु । अन्तरवार्ता न बहकियोस् भनेर चेकलिस्टको प्रयोग गरेको छु । ओपेन इनदेप्थ खालको प्रश्नहरू सोध्छु । यसले उत्तरदाताहरूको आफ्नो विचार, दृष्टिकोण, धारणा राख्न सहयोग गरेको थियो ।

उनीहरूको कुरा मैले एकदमै ध्यान दिएर सुन्य, यो अन्तरवार्ताले उत्तरदाताको भित्री मनोकांक्षा बुझ्न पनि सहयोग गरेको थियो । यस अन्तरवार्ताको आधारमा तथ्याङ्क संकलन गरी विश्लेषण गर्ने गरेको छ ।

### ३.५.२ मूख्य सुचनादाता अन्तरवार्ता

मूख्य सूचनादाता अन्तरवार्ता गुणात्मक अनुसन्धानको गहन अन्तरवार्ता कार्यको लागि प्रयोग गरिन्छ । यसमा त्यस्ता व्यक्तिहरूसँग सूचना लिइएको छ कि जो व्यक्ति समाजमा के भई रहेको छ, के हुदै छ भन्ने विषयमा जानकारी राख्दछन् । यसको उद्देश्य मूख्य व्यक्तित्वबाट बृहत तहको सूचना संकलन गर्नु हुन्छ । ती व्यक्तिहरू सामुदायिक नेता, पेशा, व्यवसायी, शिक्षक, बुद्धिजीवी, स्थानीय बासिन्दाहरू हुन् । जससंग प्राथमिक ज्ञान र सूचना हुन्छ । ती समुदायका विज्ञहरूसंग भएको ज्ञान र बुझाइले समस्याको प्रकृति र समाधानको बाटो दिन्छ । त्यसैले यस अध्ययनमा तथ्याङ्क सङ्कलनका लागि मूख्य सूचनादाता अन्तरवार्तालाई तथ्याङ्क सङ्कलनको विधिका रूपमा विशेष जोड़ दिइएको छ ।

### ३.५.३ अवलोकन विधि

यस अध्ययनको लागि अवलोकन विधिलाई पनि प्रयोगमा ल्याउने काम गरेको छु । यसले पूर्वलडाकु महिलाहरूसँग लिएको अन्तरवार्ताका विचार र वरपरका स्थितिसँग जोडेर कति सत्यता छ भन्ने कुरा सहज बनाएको थियो । वरपरका स्थिति बुझ्दा लडाकु महिलाहरूको घर वा डेराको बसाईले पनि उनीहरूको वास्तविक चित्रण गर्ने बुझ्ने मौका पाए । परिवारका सदस्यहरूले गर्ने व्यवहार शब्द-शब्दमा खुसी व्यक्त र भावुक भएका प्रतिक्रियाहरू बुझ्न सहज भएको थियो । समाजमा देखिने व्यवहारहरू बुझ्ने मौका पाए । अवलोकन विधिबाट उत्तरदाताले भनेको कुराको विश्वसनीयता बढाउन मद्दत गर्यो । वरपरको परिवेश र स्रोत साधन सँगको जुवाहलाई हेरेर व्यक्तिको मुल्यांकन गर्न सहज हुने भएकोले अवलोकन विधिलाई लिने काम गरेको छु ।

## ३.६ तथ्याङ्क विश्लेषण

कुनै पनि अध्ययन अनुसन्धान विधिमा तथ्याङ्क संकलन गर्दा विभिन्न विधिद्वारा कार्य वा अध्ययनहरू गर्नु पर्ने हुन्छ। अध्ययन क्षेत्रबाट  रेकर्ड गरेर नोटमा टिपेर ल्याएको तथ्याङ्कलाई उतार्ने (ट्रान्सकराईब) काम गरेँ । उतरदाताहरूले बोलेका कुरालाई सुनिश्चितता गरी केही अपुरा भएका सूचनाहरू मैले उहाँहरू सँग फोन गरेर फेरि लिने काम गरे । आएको तथ्याङ्कहरूलाई विषयवस्तुको श्रेणीक्रममा विभाजन गर्ने कामहरू गरे । जुन विषय वस्तुहरू आए मुख्य विषयको आधारमा सूचनाहरूलाई विश्लेषण गर्ने काम गरे । विषयगत रूपमा विश्लेषण गर्ने क्रममा मैले विभिन्न दृष्टिकोणहरूलाई तुलना गर्ने काम गरे । एक खालको धारणलाई  अर्को खालको धारणसँग तुलना गर्ने काम गरे ।  तुलनात्मक रूपमा हेर्दा त्यो बिचको विरोधाभास कुरालाई पत्ता लागाउने कोसिस गर्दछु ।

## ३.७ अध्ययन सीमा

कुनै पनि विषय वस्तुको अध्ययन गर्ने क्रममा निश्चित प्रक्रिया र सीमा निर्धारण गर्नु महत्वपुर्ण हुन्छ । जसले गर्दा अध्ययन अनुसन्धान कार्य बढी विश्वसनियता र प्रमाणिक हुन्छ। यसरी अनुसन्धान कार्यमा सीमाको निर्धारण गर्नुको कारण नै समग्र पक्षलाई अध्ययन अनुसन्धानमा समेट्न नसक्नु नै हो  जसको एउटा पक्ष आर्थिक पक्ष पनि हो ।

यस अध्ययन समाजशास्त्री स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिका लागि एक विद्यार्थीको हैसियतले  गरेको हुँदा समय, स्रोत, साधन अर्थको सिमितताका कारण यसले पश्चिम रुकुमका सम्पूर्ण लडाकु महिलालाई समेट्न सकेको छैन । यसमा आठबिसकोट नगरपालिका को वडा नं ९ राडीज्यूलामा  का दशवर्षे लामो जनयुद्धमा लडाकु भएर लडेका महिलाहरूलाई समेटेको छ ।

उनीहरूको उपस्थति स्वं इच्छुक हुन्छ । यो अन्तरवार्तामा भाग लिए अनुसार उनीहरूलाई केही पनि आर्थिक लाभ हुँदैन । मेरो स्नातकोत्तर तहको शोधपत्रको लागि मात्र हो भनेर उहाँहरूलाई बुझाएर मात्र गरेको अध्ययन हो । उत्तरदाताहरूको समय र सुविधालाई ख्याल गरेको छु। उनीहरूको गोपनियतालाई मध्यनज़र गरेको छु।

यस अध्ययनमा माओवादीमा लडाकु भएर लडेका महिलाहरूसँग जनयुद्धले ल्याएको लैंगिक परिवर्तन र त्यसको दीर्घकालिन बारे अध्ययन गरेको छ । यो शोधपत्र विश्लेषनात्मक र वर्णनात्मक विधिबाट तयार पारिएको छ ।

## अध्याय ४

## माओवादी जनयुद्ध, महिला सहभागिता र महिलाको अवस्थामा आएको परिवर्तन

यस अध्ययनमा २५ जना उत्तरदाताहरूसँग अन्तरर्वाता लिइएको छ । जो महिलाहरू प्रत्यक्ष रूपमा माओवादी जनयुद्ध लडेका छन् । यो अध्ययन पश्चिम रुकुमको आठविसकोट नगरपालिका ९ राडिज्युलामा गरिएको छ । यस ठाउँबाट धेरै महिलाहरू जनयूद्धमा सहभागी रहेका थिए । यस ठाउँले जनयूद्धको इतिहासलाई बोकेको छ । यस अध्ययनभित्र उमेर, लिङ्ग, धर्म, शिक्षा, जात, पेशा आदिको बारेमा अध्ययन गरिएको छ ।

### ४.१. उत्तरदाताहरूको पृष्ठभूमि

यस अध्ययन अनुसन्धानको क्रममा उत्तरदाताहरू सबै महिलाहरूलाई लगिएको छ । लैङ्गिक सम्बन्धमा आएको परिवर्तनको बारेमा बुझ्न महिलाको बुझाईले एउटा निश्चित कुराहरू आउने हुन्छ । महिलाहरूको शैक्षिक स्तरको कुरा गर्दा कतिपय उत्तरदाताहरूले जनयुद्धको कारणले स्कूल पढ्न जाने क्रममा डर त्रासले स्कूल जान नपाएका र कतिपय महिलाहरू घरको आर्थिक अवस्थाका कारणले पढन जान नपाएको कुरा बताएका छन् । उनीहरूले जनयुद्धमा स्कूलले जीवन जान नपाएका तर पढ्ने इच्छा भएकाहरूले शान्ति सम्झौतापछि शिक्षा हाँसिल गरेको बताए । उत्तरदाता रमिला बताउनु हुन्छ । “उतिबेला स्कुल जान पाइएन अहिले नपढेर दुःख पाइएको छ । स्कूल जाँदा बाटोमा सशस्त्र प्रहरीहरूले हामी महिलाहरूलाई कू-दृष्टि लगाउने गर्दथे, स्कूल र घर टाढा हुन्थ्यो आज भोलि जस्तो नजिक थिएन कि खोला कि जंगल काटेर जानु पदथ्यो त्यसैले हाम्रो गाउँको धेरै दिदी बहिनीले स्कूल छोड्न बाध्य भएका थियौं” साथै अर्की उत्तरदाता बताउनु हुन्छ “छोरीलाई स्कुल पठाउनु हुँदैन भन्ने मान्यता थियो त्यसैले घरका पुरुष सदस्यहरू मात्र स्कुल जान पाउँथे हामी छोरीलाई स्कुल पठाउनु हुँदैन अरुको घरमा जाने जात भन्ने प्रचलन थियो । त्यसैले स्कूल जानबाट वञ्चित भएका थियौं ।”

यस अध्ययनमा उत्तरदाताहरू अधिकांश मगर र तथाकथित तल्लो जातका , केही ठकुरी समुदायका र केहि क्षेत्री समुदायका रहेका छन् यसले समाजमा मानिसहरूलाई पदसोपान गरेको छ । नेपाली समाजलाई वर्गीकरण गर्ने दुई मुख्य सामाजिक तत्वहरू हुन जात र जातीयता । शाही थर गरेकी उत्तरदाता बताउँछिन् “समाजमा जातको कुरा गर्दा म उच्चजात तर मेरो प्रेम वि.क. जातको केटासंग भयो हामीले भागेर बिहा गरेका थियौं ।

समाजमा हाम्रो सम्बन्ध स्वीकार गर्न गार्हो परेको थियो । हामी जस्तै जातको कारणले धेरै महिलाहरूले दोहोरो विभेद भोगेका छन् र यसको परिवर्तनको लागि अगाडि बढिरहेको बताइन् ।"

धर्मले समाजमा मानिसलाई बाँढेको हुन्छ । यो समाजको मुख्य सामाजिक संस्था हो । यस ठाउँबाट जनयुद्धको सुरुवात भएको हुनाले यहाँका मानिसहरूमा धर्मप्रतिको कस्तो बुझाई रहेको छ भनेर बुझ्नको लागि उत्तरदाताहरूसँग प्रश्नावली सोधिएको थियो । धार्मिक रूपमा हेर्दा बहुसंख्यक हिन्दूहरू छन् भने केही क्रिश्चियनहरू पनि रहेका छन् । एक उत्तरदाता बताउँछिन् "समाजभन्दा अलग हुन सकिएन त्यसैलाई नास्तिक भएर बस्न नसकेको बताउँछिन् । हिन्दु धर्ममा धेरै जात व्यवस्था रहेको हुनाले आफुहरूको क्रिश्चियनमा रुचि बढेको बताइन् ।"

वर्गीय हिसावमा हेर्दा निम्नमध्यम वर्गीय पृष्ठभूमिका रहेका छन् । एकाध चाहिँ मजदुर किसानहरू पनि रहेका छन् भने कोही कोही सामन्ती वर्गका पनि रहेको देखियो ।" उत्तरदाता बताउँछिन्  घरमा खान लगाउन गाह्रो भएकोले श्रीमान् ज्याला गर्न भारत जानु भएको छ भने म यहीँ गिट्टी कुटेर घर व्यवहार चलाउँछु" । माओवादी जनयुद्धमा विभिन्न उमेर समूहका व्यक्तिहरू थिए । यसले विशेष गरी युवा उमेरलाई आकर्षण गरेको थियो । हालको उमेर ३०-५० वर्षको रहेको छ भने उनीहरू माओवादी जनयुद्धमा जाँदा १२-२५ बर्षको उमेर समूहका थिए । त्यसैले अधिकांश उत्तरदाताहरू उमेर ३५ देखि ५० रहेका छन् ।

उत्तरदाताहरू बताउँछन् कृषिमा महिलाको सबैभन्दा बढी संलग्नता रहेको छ । राजनीतिमा पनि राम्रै उपस्थिति रहेको पाइए तापनि अधिकांश महिलाहरू घरभित्र अनुत्पादक क्षेत्र नै व्यस्त रहेको पाइन्छ भने उत्पादनशील क्षेत्रमा पुरुष नै अगाडि रहेको कुरा उनीहरू सुनाउँछन् । "उत्तरदाता बताउनु हुन्छ जति नै राजनीति गरे पनि, कृषि गरे पनि, व्यवसायी गरे पनि हामी महिलाले घर भित्रको काम गर्नु नै पर्ने हुन्छ । खाना पकाउने, कपडा धुनेदेखि बाल बच्चाको रेखदेख जस्ता विभिन्न काम गर्नुपर्दछ । उहाँ भन्नुहुन्छ जनयुद्ध पहिला महिलाहरूले घर भित्रको काममा मात्र सीमित हुन्थे भने अब बाहिरी पेशा, जागिर पनि र घरभित्रको काम पनि गर्नु परेको बताइन ।"अध्ययनमा छनौट गरिएका उत्तरदाताहरूको पेशागत अवस्था नै त्यहाँको मानिसको जीवनस्तर के छ ? त्यहाँका मानिसहरूले के के कार्य गर्दछन् ? जनयुद्धले महिलाहरूको पेशामा कत्तिको परिवर्तन ल्याएको छ । गरेका कार्यहरू

कुन कुन महत्वपूर्ण छन् कुन मुल्यहीन बनाइएका छन् भनेर छुट्याउन पनि पेशागत अवस्थाको अध्ययनले सजिलो बनाएको छ । पेशागत अवस्थाले आर्थिक अवस्थाको अध्ययन गर्न सघाउँछ भने आर्थिक अवस्थाले त्यहाँका मानिसहरूको जीवनस्तर निर्धारण गर्न सजिलो हुन्छ ।

सम्पत्तिले पनि महिलाहरूको पहुँच नियन्त्रणमा प्रभाव परेको कुरा उनीहरूले बताए । जनयुद्धपछि छोरीलाई सम्पत्ति दिने चलन कत्तिको बढदो छ भनेर बुझ्नको लागि प्रश्नवली सोधिएको थियो । वर्तमान समयमा महिलाको नाममा घर जग्गा पास भएमा थोरै शुल्क लाग्ने भएपछि केही हदसम्म महिलाको स्वामीत्वमा जग्गा जमिन हुने कार्य बढ्दै गएको बताए । उत्तरदाता बताउनु हुन्छ “महिलाको नाममा जग्गा जमिन हुँदा केही सहुलियत हुने भएकोले अहिले महिलाको नाममा धेरै नै जग्गा जमिन हुने क्रम बढेको छ ।”हरेक काम गर्दा आफ्नो घरको श्रीमान्, छोरालाई सोधेर मात्र गर्ने गरेको पाइन्छ । जो महिलाहरू आर्थिक रूपमा अब्बल छन् उनीहरू आफ्नो निर्णय आफै पनि लिन सक्ने गरेको पाइयो ।

## ४.२.माओवादी जनयुद्धमा महिलाको सहभागिता र अनुभव

यस अध्ययन क्षेत्रमा माओवादी विद्रोहको समयमा महिलाहरूले लडाकुको रूपमा महत्वपूर्ण भूमिका खेलेका थिए । जसमा महिला लडाकुहरूको एक तिहाइ भाग थियो । पितृसत्तात्मक समाजप्रतिको असन्तुष्टि र समानतापूर्ण समाज निर्माण वर्षौंको सामाजिक, आर्थिक र राजनैतिक सीमान्तीकरणका, साथै लैङ्गिक हिंसा र भेदभावको प्रतिक्रियास्वरूप धेरै महिलाहरू माओवादी तर्फ आकर्षित भएको कुरा उत्तरदाताहरू बताउँछन् । यद्यपि, पूर्व लडाकु हुनुले द्वन्द्वपछि महिलाहरूका लागि अनौठो चुनौती खडा गरेको कुरा उनीहरू बताउँछन् । माओवादी आन्दोलनले महिला सशक्तीकरणको महत्वलाई अगाडि बढाउँदै, महिलाहरूलाई सशक्त बनाउने कदम उठाएको थियो र आन्दोलनका नेताहरूले महिलाहरूलाई सेना र संगठनका विभिन्न पदमा पनि राख्नुको साथै यो आन्दोलनले महिलाहरूको सहभागिताको प्रतिष्ठान बढाएको कुरा उनीहरू बताउँछन् ।
पश्चिम रुकुम आठविसकोट नगरपालीकाकी ४३ वर्षीय पुन थर कि महिला उत्तरदाताले पुरुषको बराबरीमा आफूले नेतृत्व पाएको कुरा तल प्रस्तुत गरिएको छ ।

> *म एक विधुवा महिला थिएँ । जनयुद्धको दौरानमा मैले आफ्नो श्रीमान् गुमाएकी थिएँ । मलाई घर र समाजमा हेर्न दृष्टीकोण फरक थियो । फलानीकी छोरी फलानाकी बुहारी माओवादीमा गई, पोई खाई, पोई*

*टोकुवा जस्ता लान्छना लगाए तर मैले सङ्गठनभित्र कहिल्यै केही फरक पाइन । मलाई कमाण्डरको पद दिइएको थियो जो मैले एकदम सहजकताका साथ निभाएकी थिएँ । महिला र पुरुष सबैबाट समान खालको सम्मान पाउँथे । मैले पुरुषसरह बन्दुक बोक्ने, भिडन्तमा अगाडि नेतृत्व गर्ने सबै कार्यहरू समान तरिकाले गर्दथे ।*

उत्तरदाताहरू बताउँछन् महिलाहरूको सहभागिता लैङ्गिक समानता र मुक्तिको लागि आवश्यक थियो । त्यसैले माओवादी आन्दोलनले यसलाई प्राथमिकता दिएको थियो । उनीहरू भन्छन् । माओवादी आन्दोलनले महिलालाई नयाँ धाराहरूमा सहभागी गराउने प्रयास गर्नुको साथै यसका लागी आन्दोलनले महिलालाई सशक्त बनाउने, विद्रोही शक्तिहरूमा सहभागिता बनाउने गरेको थियो र माओवादी आन्दोलनले महिलाहरूलाई सशक्तीकरणका लागि सामाजिक, आर्थिक, राजनितिक तथा सांस्कृतिक क्षेत्रमा सक्रीय हुने औचित्य दिएको कुरा उनीहरू बताउँछन् । त्यस्तै महिलालाई संघीय नेतृत्वमा प्रवेश गराउने, सार्वजनिक पदमा पुरुषहरूसँग समान अवसरहरू प्राप्त गर्ने, आवश्यकतालाई पुरा गर्ने अभियानहरू पनि गर्दै आएको कुरा उनीहरू बताउँछन् । उनीहरू के भन्छन् भने आन्दोलनले संविधान मार्फत् महिलाहरूको उच्च शिक्षामा आरक्षण र अधिकारको माग गर्नुको साथै संविधानले महिलालाई संघका निर्वाचनमा न्यूनतम रूपमा प्रतिनिधित्व प्रदान गर्ने व्यवस्था पनि गरेको कुरा उनीहरू दाबी गर्दछन् ।

त्यस्तै अर्की ३६ वर्षीया खत्री थरकि उत्तरदाता बताउनु हुन्छ ।

*म कहिल्यै पनि धेरै पुरुषहरूको बीच एक्लै भएकी थिइन । त्यस्तो कुरा सोच्न पनि डर लाग्दथ्यो तर जनयुद्धमा सामेल भएपछि धेरैं पुरुष साथीहरूसँग एक्लै हिड्नु पर्ने, एक्लै काम गर्नु पर्ने, कतिपय अवस्थाहरू आएका थिए । त्यो बेला मलाई केही कुराको डर हुँदैनथ्यो किन कि हाम्रो उद्देश्य एउटै थियो त्यो हो परिवर्तन । हामीमा महिला, पुरूष भनेर लैङ्गिक हिसाबले कहिल्यै पनि छुटाउने काम हुँदैनथ्यो । बस आ-आफ्नो जिम्मेवारी पूरा गर्नअगाडि बढ्ने काम हुन्थ्यो ।*

माओवादी आन्दोलनमा महिलाको अनुभव महत्वपूर्ण र बहुआयामिक रहेको थियो । महिलाहरूले माओवादी विद्रोहमा लडाकु र आन्दोलनका समर्थकको रूपमा महत्वपूर्ण

भूमिका खेलेको कुरा उत्तरदाताहरू बताउँछन् । आर्थिक कठिनाइ, सामाजिक असमानता, राजनीतिक परिवर्तनको चाहनालगायत विभिन्न कारणले धेरै महिला आन्दोलनमा सामेल भएका थिए । माओवादी द्वन्द्वमा महिला पूर्व लडाकुहरूको अनुभव जटिल र विविध थियो । उनीहरूले पिपुल्स लिबरेसन आर्मी (पीएलए) मा आफ्ना पुरुष समकक्षहरूसँग लड्दै महत्वपूर्ण भूमिका खेलेको अनुभव सुनाउँछन् । उत्तरदाताहरूले द्वन्द्वमा संलग्न हुँदा सशक्तीकरण र चुनौती दुवैको अनुभव गरेको अनुभव सुनाए । एकातिर, उत्तरदाताहरूले परम्परागत लैङ्गिक भूमिकाहरू तोड्न र सामाजिक अपेक्षाहरूलाई चुनौती दिन सक्षम रहेको र उनीहरूले सैन्य प्रशिक्षण प्राप्त गरको, हतियार बोकको, र सक्रिय रूपमा लडाई कार्यहरूमा भाग लिएको कुरा सुनाए । यसले उत्तरदाताहरूलाई सीप, आत्मविश्वास र सशक्तीकरणको भावना प्राप्त गर्न अनुमति दियो जुन उनीहरूले परम्परागत लैङ्गिक भूमिकाहरूमा नपाएको बताउँछन् ।

त्यस्तै एउटी पश्चिम रुकुम आठविसकोट नगरपालीकाकी ३५ वर्षीय दलित महिला उत्तरदाताले आफ्नो अनुभव सुनाएकी छिन् ।

> *म धेरै नबोल्ने लजालु प्रवृत्तिकी थिएँ । लडाकु बनेपछि मैले तालिमको नेतृत्व गरेँ र सेनाहरूलाई तालिम दिन थालेँ । मेरो छिटो पदोन्नति भयो । मैले आफ्नो नेताहरूबाट पनि राम्रो सम्मान पाएँ । आफूलाई पनि महिला भएर पनि पुरुषसरह हुन सँकिदो रहेछ भन्ने महसूस भयो । बटालियनमा रहेका सबै महिला पुरुष कम्रेडहरूबाट पनि सम्मान पाएँ । गाउँमा हुँदा जातको कारणले कति कुराहरू भोगेकी थिएँ यहाँ त्यो भएन । म सबै जस्तो बराबरी भएँ । सबै जात लिङ्गका हामी मिलेर अगाडि बढ्यौं । मैले समाजमा हुँदा जुन जात र लैङ्गिकताको भेदभाव महसूस गरेकी थिएँ त्यो भेदभाव यहाँ महसूस भएन । त्यसपछि मेरो जीवन दैनिक उत्पीडनबाट मुक्त भयो । मैले अछुत जात भनेर सुन्नु परेन ।*

माओवादी द्वन्द्वमा महिला भूतपूर्व लडाकुहरूका अनुभवहरू विविध थिए, जसले द्वन्द्वका जटिलताहरू मात्र होइन, समाजमा लैङ्गिक गतिशीलतालाई पनि झल्काउँछ । माओवादी आन्दोलनको एउटा प्रमुख पक्ष लैङ्गिक समानता र महिला मुक्तिप्रतिको प्रतिबद्धता रहेको र माओवादीहरूले शिक्षा, स्वास्थ्य, सेवा र रोजगारीका अवसरहरूमा समान पहुँचसहित महिला अधिकारको वकालत गरेको तथा उत्तरदाताहरूले परम्परागत लैङ्गिक भूमिकाहरूलाई चुनौती

दिएको र सामाजिक र राजनीतिक दुवै क्षेत्रमा महिला सशक्तीकरण गर्न खोजेको कुरा बताएका छन् ।

त्यस्तै अर्की ४५ वर्षीय महिला उत्तरदाताले आफू सङ्गठनमा हुँदा देखेको अनुभवलाई यसरी बताएकी छिन् ।

> *माओवादी युद्धमा सैनिकहरू सबै मिलेर काम गर्दथे । दैनिक कार्य खाना पकाउने, पानी ल्याउने, भाँडा धुने जस्ता निजी कार्यहरू मिलेर गर्दथे । पुरुषहरूले पनि खाना पकाएर भाँडाकुँडा र लुगा धुने र अन्य महिलाले गर्ने काम कर्तव्यहरू पनि गर्थे महिलाले जस्तै पुरुषले पनि घरायसी काम गर्न सक्छन् भन्ने मैले आफ्नै आँखाले देखेको छु । युद्धमा पुरुष सहकर्मीहरू धेरै अनुशासित थिए, उनीहरूले महिलाहरूलाई आदरपूर्वक व्यवहार गर्दथे । मलाई अचम्म लाग्थ्यो किनकि मेरो गाउँमा ,घरमा पुरुषहरूले कहिल्यै पनि यस्तो खाना पकाउने, सरसफाइ, कपडा धुने, भाँडा माझ्ने जस्तो काम गरेको देखिन ।*

नेपालमा माओवादी आन्दोलनमा महिलाले पुरुषसँगै लडाइँमा सहभागी हुने अवसर पाएको र  उनीहरूले सैन्य तालिम प्राप्त गरको, हतियार बोकेको र छापामार युद्धका विभिन्न पक्षहरूमा संलग्न भएको अनुभव उत्तरदाताहरूले बताएका छन् । यस अनुभवले उनीहरूलाई सामाजिक मान्यताहरू तोड्न र सशक्तीकरणको भावना प्राप्त गर्न अनुमति दिनुको साथै उनीहरूले परम्परागत लैङ्गिक भूमिकाहरूमा नपाएको अनुभव र सशक्तीकरणको महसुस गरेको बताए । माओवादीहरूले लैङ्गिक भेदभावलाई सम्बोधन गर्न र महिला सहभागिता प्रवर्द्धन गर्न नीतिहरू लागू गरेको र उनीहरूले महिलाहरूलाई आन्दोलनमा नेतृत्वको भूमिका खेल्न प्रोत्साहित गरे र महिलाका विशेष समस्याहरूलाई सम्बोधन गर्न महिला समितिहरू स्थापना गरको कुरा बताए । समग्रमा, नेपालको माओवादी आन्दोलनमा महिलाका अनुभवहरू सशक्तीकरण र चुनौतीपूर्ण दुवै थिए । उनीहरूले शिक्षा, सहभागिता र लैङ्गिक मान्यताहरू तोड्ने अवसरहरू प्राप्त गर्दा उनीहरूले विभिन्न प्रकारका भेदभाव र हिंसाको सामना पनि गरे । लैङ्गिक समानता र महिला सशक्तीकरणको संघर्ष माओवादी आन्दोलनभित्र पनि जारी छ ।

### ४.३.महिलाहरू जनयुद्धमा प्रवेश गर्नुको कारणहरू

माओवादी आन्दोलनमा महिलाको संख्या बाक्लो रहेको थियो । उनीहरू विभिन्न कारणले गर्दा त्यहाँ सहभागी भएका थिए । सेना प्रहरीको ज्यादतिबाट बच्न,माओवादी विचारलाई आत्मसाथ गरेर,माओवादी विद्रोहीबाट बच्नको लागि, साथीभाइको लहलहैमा लागेर विभिन्न कारणले सहभागी भएको उत्तरदाताहरूले बताएका छन् ।

आठविसकोटकी उत्तरदाता रमिलाका अनुसार महिला भएकै कारण अत्याचार सहनु पर्ने, समाजमा दोस्रो दर्जाको जस्तो व्यवहार गर्ने घरको पुरुषले भनेको मान्नुपर्ने,ज्यालामजदुरी गर्दा हामीलाई राख्न नखोज्ने राखे पनि पुरुषको भन्दा कम पैसा दिने,छोरालाई पढन स्कूल पठाउँने तर छोरीलाई स्कुल पढन नपठाई अरुको घरमा जाने जातलाई कसले पढाउँछ जस्ता कुरा गर्ने चलन थियो ।

माओवादी आन्दोलनले विभिन्न वर्ग, जात, धर्म, पेशाका महिलाहरूलाई समेट्न सफल भएको थियो । माओवादीले महिला मुक्तिका कुराहरू गर्दै हिड्थ्यो । गाउँ गाउँमा गएर विभिन्न संस्कृतिको माध्यमबाट जागरण गराउन खोज्थ्यो । घर घरमा महिलाहरूलाई हामी सक्षम हुनुपर्दछ भनेर विभिन्न कुराहरूले सचेत गराउने क्रममा पश्चिम रुकुम आठवसकोटकी खीमा डाँगीले पनि आफूले माओवादी जनयुद्धमा प्रवेश गरेकोबारे आफ्ना विचार व्यक्त गरेकी छिन् ।

> *हाम्रो घरमा ८ जना परिवार थियो । ६ जना दिदी बहिनी १ जना भाइ बुबा अनि आमा छोरी मान्छेलाई स्कुल पढाउनु हुँदैन भन्ने चलन थियो । बुबाले भाइलाई स्कुल भर्ना गर्दिनु भयो तर हामी दिदी बहिनीलाई गर्दिनु भएन । हाम्रो गाउँमा नै खासै कोही छोरी मान्छे स्कूल जन्थेनन् । मलाई फोरि सानैदेखि पढ्न एकदम रहर थियो । म घरकी माइली छोरी थिए मेरो दिदीको सानै उमेरमा विवाह भएकोले अब मेरो पालो थियो । घरमा मेरो लागि बिहाको कुरा चलिरहेको थियो । मलाई विवाह गर्न मन थिएन पढ्न चाहिँ साह्रै मन लाग्थो स्कूल जान मन लाग्थो । म जम्मा १३/१४ बर्षकी थिएँ । त्यति नै बेला देशमा जनयुद्ध चर्किएको थियो । माओवादीमा भएका आफन्ती, साथी, भाइहरू घरमा आउनी विभिन्न विचारहरू बारे सुनाउने गर्दथे । ४० बुँदे मागको बारेमा भन्नु हुन्थ्यो । महिलाका मुद्दा, जातीयता, वर्ग बारे*

*बुझाउनु हुन्थ्यो । म प्रभावित हुन पुगेँ र लाग्यो मैले त पढ्न पाइन तर म पछाडिका बैनीहरूले पढ्न पाउने छन् भन्ने लागेर म माओवादीमा गए ।*

विभिन्न कालखण्डमा भएका महिला आन्दोलनहरूमा महिलाको योगदान र सहभागिता रहँदै आएको देखिन्छ । महिला भएकै कारणले समाजमा अन्यायमा परेका, महिलाहरू कमजोर हुन्छन् । युद्ध लड्न सक्दैनन् भन्ने कुरालाई गलत प्रमाणित गर्दै १० वर्षे लामो जनयुद्धमा महिलाहरूको बाक्लो सहभागिता रहेको थियो । महिला माथि हुने अनेक लैङ्गिक विभेदको कारणले त्यसको मुक्तिको लागि महिलाहरू जनयुद्धमा सहभागी हुन प्रेरित भएका थिए । वास्तविक रूपमा माओवादी आन्दोलनमा सहभागिता हुने कारणहरू महिला राजनीति कर्ता प्रेमा शाही बताउँछिन् महिलाहरूलाई माओवादी आन्दोलनमा प्रेरणा गर्ने कारणहरू विभिन्न रहेका छन् जसमध्ये लैङ्गिक असमानता, राजनीतिक सशक्तीकरण, सामाजिक उत्पीडन, सशक्तीकरण र तल्लो तहको संगठन, सञ्जालका अवसरहरू, नेतृत्वका अवसरहरू, सुरक्षा र संरक्षण जस्ता कारण माओवादीमा सहभागी कसरी भए भनेर बुझ्न खोजिएको छ ।

### ४.३.१. लैङ्गिक असमानता

महिलाहरू माओवादिमा प्रवेश गर्नुको कारण के हो ? र कसरी भन्ने प्रश्नमा एउटा कारण लैङ्गिक असमानता रहेको उत्तरदाताहरूले जनाएका छन् । लैङ्गिक असमानतालाई जोड दिँदै उत्तरदाता बुद्धि ओलीले नेपालमा महिलाहरूले शिक्षा, स्वस्थसेवा र आर्थिक अवसरमा सीमित पहुँचसहित विभिन्न प्रकारका भेदभावहरूको सामना गर्दै आएको कुरा व्यक्त गर्नु भएको छ । माओवादी आन्दोलनहरूले यी लैङ्गिक असमानताहरूलाई चुनौतीदिने र समाजमा महिलाको हैसियत उकास्ने गरेको कुरा उहाँले बताउनु भयो । उत्तरदाता बताउनु हुन्छ । "आफू महिला भएको हुनाले समाजमा धेरै कुरामा पछाडि पारियो । माओवादी आन्दोलन हुनुपूर्व समाजमा सामाजिक, आर्थिक र राजनैतिक संरचनाहरूमा लैङ्गिक असमानताले गहिरो जरा गाडेको करणले आफूले कहिल्यै पनि अवसर नपाएको कुरा उहाँले सुनाउनु भयो । माओवादी आन्दोलनले परम्परागत लैङ्गिक भुमिकालाई चुनौति दिने शिक्षा, स्वास्थ्य सेवा र आर्थिक अवसरहरूमा समान पहुँच प्रदानगर्ने र समाजका सबै क्षेत्रमा महिलाको सहभागिता सुनिश्चित गर्ने तथा माओवादी आन्दोलनले आफ्नो विचारधार र लक्ष्यहरूभित्र लैङ्गिक असमानतालाई सम्बोधन गरेको थाहा पाएर आफूले माओवादीमा प्रवेश गरेको कुरा उत्तरदाताले बताएकी छिन् । पश्चिम रुकुमकी ४० वर्षीय उत्तरदाता राम कुमारीले आफूले भोगेको अनुभव व्यक्त गरेकी छिन् ।

*अहिले मेरो सानो किराना पसल छ । आजभन्दा २३ वर्ष पहिला माओवादी आन्दोलनमा सहभागी भएकी थिएँ ।मेरो बिहा भएको घरमा मलाई एकदम यातना दिइन्थ्यो । मेरो पूर्व श्रीमानले मलाई रक्सी खाएर कुटपिट गर्ने गर्दथे, तेरो माइतीबाट के लिएर आएकी थिइस् भनेर एकदम बाँच्नै गर्हो बनाएका थिए । एकदिन मेरो छिमेकको नाता पर्ने आफन्ती आएका थिए । उनले मलाई माओवादी आन्दोलनको बारेमा र महिला मुक्तिको बारेमा धेरै कुरा सुनाएपछि मलाई पनि आफ्नो मुक्तिको लागि आफै लड्नु पर्छ भन्ने लागेर मैले माओवादीमा प्रवेश गरेँ । त्यहाँ गएपछि मात्र थाहा भयो मप्रति लैङ्गिक हिंसा भएको रहेछ । मैले श्रीमान् र त्यो घर छोडेर आफ्नो आवाज उठाउँन थालेँ ।*

लैङ्गिक हिंसा हटाउने माओवादी पक्षको उदेश्य मध्येको एक हो । वर्षौदेखि महिला हिंसा समाजमा व्याप्त छन् । महिला भएको करणले विभेद, तिरस्कार र अपहेलनामा रहनुपर्ने अवस्था थियो । त्यसैले लैङ्गिक हिंसा अन्त्य गर्न माओवादीमा प्रवेश गरेका थिए ।

### ४.३.२. राजनीतिक सशक्तीकरण

जनयुद्धमा महिला सहभागी हुने मध्ये राजनीतिक सशक्तीकरण पनि एक महत्वपूर्ण कारणको रूपमा रहेको छ । निश्चित व्यक्तिको हातमा मात्र राजनीतिक शक्ति रहेको कुरा उत्तरदाताहरूले बताएका छन् । माओवादीमा सहभागी रहेका उत्तरदाताहरूले महिलाहरूले माओवादी आन्दोलनलाई राजनीतिक क्षेत्रमा संलग्न हुने र आफ्नो अधिकारको वकालत गर्ने अवसरको रूपमा हेरेको कुरा बताए । उत्तरदाताहरू भन्छन् माओवादी आन्दोलनले अक्सर महिलाहरूलाई आन्दोलनमा सामेल हुन, नेतृत्वको भुमिका निभाउन र निर्णय प्रक्रियामा भाग लिन सक्रिय रूपमा प्रोत्साहित गरेको र यो आन्दोलनले महिलालाई राजनीतिक एजेन्डा र नीतिहरू निर्माणमा आवाज र प्रभाव पार्न अनुमति दिएको बताए । त्यस्तै उनीहरू के दाबा गर्छन् भने, माओवादी आन्दोलनले महिलाहरूलाई राजनीतिक रूपमा सशक्तीकरण गर्ने अवसर प्रदान गरेको तथा माओवादी आन्दोलनभित्र महिलाहरूले लैंगिक असमानतालाई सम्बोधन गर्ने र महिलको राजनितीक सशक्तीकरणको लागि काम गर्ने नीतिहरूको ओकालत गर्न सक्षम रहेको बताएका छन् ।

शाही थर गरेकी उत्तरदाता बताउँछिन् “माओवादी आन्दोलनले राजनीतिक संस्थाहरूमा महिलाको प्रतिनिधित्वका लागि सक्रिय रूपमा अगाडि बढको थियो । संसद वा सरकारी

भूमिका जस्ता शक्तिका पदहरूमा महिलाहरूलाई समावेश गरेको कुरा उनले सुनाइन् । उनले भनिन् नेपालमा माओवादी आन्दोलनले संविधान सभामा महिलाको समावेशीकरण र त्यसपछि संसद्मा महिलाको निश्चित प्रतिशत सुनिश्चित गर्न कोटा प्रणाली अवलम्बन गर्न महत्वपूर्ण भुमिका खेलेको र तल्लो तहको संगठन तथा परिचालनमा ध्यान केन्द्रित गरेको उत्तरदाताहरूले बताए ।

उत्तरदाताहरू बताउँछन् - सिमान्तकृत समुदायका महिलाहरूलाई राजनीतिक प्रक्रियामा सक्रियरूपमा सहभागी हुन दिएको थियो । यसले हामीहरूलाई आफ्नो सरोकार र आवाज उठाउँने र आफ्नो अधिकारको वकालत गर्ने अवसर प्रदान गरेको कुरा बताएका छन् । ३७ वर्षीय वि.क. थर गरेकी उत्तरदाताले आफ्नो अनुभव बताएकी छिन् ।

> *हामी घरमा तीन बहिनी थियौँ । हामी सानै हुँदा हामीलाई घरमा छोडेर बुवाआमा माओवादीमा सामेल हुनुभएको थियो । म बुझ्ने भएपछि माओवादामा सामेल हुन गए । म पढ्ने, बोल्ने, बुझ्ने सबै कुरामा अब्बल थिए, त्यसैले मलाई त्यहाँको कमाण्डर बनाइयो । आन्दोलनभित्र दिएका सबै खाले भुमिकाहरू मैले राम्रोसँग निभाएकी थिए । त्यहाँ म मात्र हैन म जस्ता धेरै महिलाहरूले आफ्नो क्षमता अनुसारको भुमिका निर्वाह गर्दै थिए र महिला र पुरुष भनेर फरक खालको जिम्मेवारी दिने काम हुदैन थियो, सबै मिलेर गर्ने गर्दथ्यौ र त्यसैको परिणाम स्वरूप म अहिले आठबिसकोट नगरपालिकाको उपमेयर भएकी छु ।*

यद्यपि महिलाहरूको राजनीतिक सशक्तीकरणमा माओवादी आन्दोलनको वास्तविक परिणाम र प्रभाव परेको थियो । महिलाहरू घरभित्रै मात्र सिमित हुन्छन् भन्ने सोच भएको बेला महिलाहरूको संख्या एकाएक माओवादी जनयुद्धमा बढोत्तरी हुदाँ निश्चय पनि माओवादी आन्दोलनको सकारात्मक पक्ष हो ।

### ४.३.३.सामाजिक उत्पीडन

महिलाहरू जनयुद्धमा सहभागीहुनुको कारणमध्ये सामाजीक उत्पीडन पनि एक हो । इतिहास देखि नै महिलाहरूलाई सामाजमा दोस्रो दर्जाको रूपमा हेरिएको कुरालाई उत्तरदाताहरू स्वीकार गर्दछन् । उत्तरदाता हेमा थापा बताउँछिन् । "नेपाली महिलाहरू विशेषगरी सीमान्तकृत पृष्ठभूमिमा महिलाले पितृसत्तात्मक मान्यता र संरचनाहरूमा आधारित

सामाजीक उत्पीडनको सामना गर्दै आइरहेका थिए । माओवादी आन्दोलनले यस्ता सामाजिक समस्याहरूलाई सम्बोधन गर्ने र अझ समतामूलक समाज निर्माण गर्ने लक्ष्य राखेको थियो । जुन हामी जस्तै धेरै महिलाहरूले सुनेका थियौं । महिला मात्र नभएर समाजमा उत्पीडित वर्गहरूको सामाजिक समानता र सशक्तीकरणको माओवादी विचारधाराले लैङ्गिक भेदभाव र शोषणको शिकार भएका धेरै महिलाहरूसँग प्रतिध्वनि गरेको बताएकी छिन् ।" उत्तरदाता भन्छिन् । यो महिलाहरूको लागि बलियो वैचारिक अपिल थियो र यो आन्दोलनले महिलालगायत समाजका गरीब, सीमान्तकृत र उत्पीडित वर्गहरूको सामाजिक समानता, न्याय र सशक्तीकरणको वकालत गर्यो र यसले महिलालाई पुरूषसरह सामाजिक न्यायका लागि सङ्घर्षमा भाग लिन सकृय रूपमा प्रोत्साहित गरेको बताउँछिन् । त्यस्तै उनी के दावी गर्दछिन् भने माओवादी आन्दोलनले परम्परागत लैङ्गिक भूमिका र दमनकारी पितृसत्तात्मक संरचनालाई चुनौती दिएको थियो जसले महिला अधिकार र अवसरहरूलाई सीमित गरेको र समाजको क्रान्तिकारी पुनःसंरचना र वर्ग विहिन, समतामूलक समाजको निर्माणबाट मात्रै महिला मुक्तिको सम्भव हुने माओवादीको विश्वास रहेको कुरा बताइन् । त्यस्तै उत्तरदाता वि.क. बताउँछिन् कि माओवादी आन्दोलनले महिलाहरूलाई समान अधिकार र अवसरहरू हुनुपर्छ भन्ने विचारलाई प्रवर्द्धन गरेको थियो । जसले पितृसत्तात्मक मान्यताहरू र महिलाहरूको सामाजिक उत्पीडनलाई निरन्तरता दिने प्रणालीहरूलाई चुनौती दिएको थियो । त्यस्तै उनी बताउँछिन् । यो आन्दोलनले महिलाहरूको शिक्षा र चेतनालाई बढावा दिएको थियो । महिलाहरूलाई सामाजिक मान्यता र असमानताहरूलाई चुनौती दिन प्रोत्साहित गरेको थियो भने आलोचनात्मक सोचलाई बढावा दिएर महिलाहरूलाई ज्ञानको साथै सशक्तीकरणको आन्दोलनले दमनकारी प्रणालीलाई धोस्त पार्न र सामजिक परिवर्तन ल्याउने लक्ष्य राखेको कुराले उनी माओवादी आन्दोलनमा गएको बताइन् ।

३७ वर्षीया सुनार थरकि उत्तरदाता आफुले भोगेको कुरा व्यक्त गरेकी छिन् ।

> *आफ्नै घरमा पनि कहिल्यै केही कुरामा अगाडि बढ्न सकेका थिएनौं । हरेक काम गर्दा घरको मुली बुबा, दाइ, काका, बाजेलाई सोधेर मात्र गर्नु पर्ने थियो तर जनयुद्धमा जाँदा म आफैले पनि आफ्नो समूहको नेतृत्व गर्ने मौका पाएकी थिएँ जुन समूहमा केटा केटी सबै थिए ।*

माओवादले परम्परागत लैङ्गिक भूमिका र दमनकारी पितृसत्तात्मक संरचनालाई चुनौती दियो जसले महिला अधिकार र अवसरहरूलाई सीमित गरेको थियो । समाजको क्रान्तिकारी पुनसंरचना र वर्गविहीन र समतामूलक समाजको निर्माणबाट मात्रै महिला मुक्ति सम्भव हुने माओवादीको विश्वास थियो ।

### ४.४. माओवादी जनयुद्धले लैङ्गिक सम्बन्धमा ल्याएको परिवर्तन

नेपाली समाजमा महिलाहरू माओवादी आन्दोलनमा सहभागी हुनु मध्येको मूख्य कारण लैङ्गिक सम्बन्धमा आएको परिवर्तन एउटा मुख्य कारण रहेको कुरा उत्तरदाताहरूले बताएका छन् । जनयुद्धले समाजमा बौद्धिक जागरण गराएको र जातीय असमानता परिस्थितिलाई उजागर गर्नुका साथै लैङ्गिक सम्बन्धमा पनि बद्लाव गरेको कुरा उनीहरू सुनाउँछन् । उनीहरू बताउँछन् । माओवादी आन्दोलनले महिलाहरूको भूमिका महत्वपूर्ण बनाएको र यसको परिणामस्वरूप कति महिलाहरूले सार्वजनिक जीवनमा प्रमुख भूमिकामा पनि पाएको कुरा गर्दछन् । यसैगरी, लैङ्गिक सम्बन्धमा पनि परिवर्तन आएको र जसले महिलाहरूको समाजमा समानता र अधिकारको सुनिश्चितता बढाएको कुरा उनीहरू बताउँछन् ।

त्यस्तै उत्तरदाताहरू बताउँछन् । माओवादी आन्दोलनले महिला सशक्तीकरणलाई महत्वपूर्ण मुद्दामा राखेको थियो र यसले महिलाहरूलाई समान अवसरहरू तथा अधिकारहरू प्रदान गर्ने प्रयास गरिएको कुरा बताउनुको साथै माओवादी जनयुद्धले महिला हक तथा महिला सशक्तीकरणलाई हावी गर्ने जटिलतालाई पनि उठाइएका थिए । जस्तै बलात्कार, यौन शोषण, हिंसा, दाइजोजस्ता कुरालाई माओवादी आन्दोलनले सामाजिक मुख्यपृष्ठमा ल्याएको बताए ।

४५ वर्षीया कुसारी थरकि उत्तरदाता ले आफुले भोगेको अनुभव बताउँछिन्

> *मेरो आमा बुबा घर छोडेर माओवादी भएर हिड्नु भएको थियो पुलिसको अत्याचार सहन नसकेर । म मेरो भाइ र बहिनी बाजे बजैसँग बस्दै आएका थियौं । हाम्रो घरमा राज्य पक्षका सेनाहरू आएर दैनिक रूपमा दुःख दिने गर्दथे । छोरी खै बुहारी खै भन् माओवादीको सन्तान भनेर बुढो बाजेलाई कुटपिट गरिएको कति देख्यौं । हामीलाई कति पल्ट लछारपछार गर्यो । माओवादीका छोराछोरी भनेर धेरै दुःख दिए । हामी स्कूल जानी बेला बाटोमा पढेर के गर्छौ माओवादी बन्ने त हौला भनेर स्कुल जान नदिने*

*जस्तो विभिन्न क्रियाकलाप गर्दथे जसले गर्दा हामी सानैमा जनयुद्धमा गएर उतैको जनशिक्षा पढ्न थाल्यौं । माओवादीको छोरी भनेर हात जथाभावी हाल्ने जस्तो मन लाग्यो त्यस्तो शब्दको प्रयोग गर्ने जस्तो अपहेलना सहेर बस्न सकेनौं त्यसैले हामी ३ भाइ बहिनी गयौं रातारात आमाबुवा भएकोमा पछि मात्र थाहा भयो कि राज्य पक्षका सेनाले हाम्रो बाजेलाई हत्या गरेका रहेछन् ।*

उत्तरदाताहरू बताउँछन् महिलाहरूलाई राज्य र अन्य दमनकारी शक्तिहरूबाट हुने हिंसा र उत्पीडनबाट सुरक्षा माओवादी आन्दोलनले दिएको बताउँछन् । उत्तरदाताहरू भन्छन् । “नेपालमा माओवादी आन्दोलनले महिलालाई हिंसाबाट जोगाउन महत्वपूर्ण भुमिका खेलेको र यसले महिलाहरूको लागि सुरक्षित र समान समाज सिर्जना गर्ने दिशामा काम गरेका बताएका छन् ।” उत्तरदाता रेखा बताउँछिन् नेपालमा माओवादी विद्रोहको समयमा महिलाहरू प्रायः हिंसा र शोषणको मूख्य शिकार भएको बताए । माओवादीले यसलाई स्वीकार गरेर महिला सशक्तीकरणलाई आफ्नो एजेण्डाको केन्द्रीय भाग बनाउनुको साथै महिला सङ्गठनहरू स्थापना गरे, आचासंहिता सिर्जना गरे जुन माओवादी संगठन भित्र महिला विरुद्ध हिंसा निषेध रहेको बताइन् साथै आफू माओवादी जनयुद्धमा हुँदा आफूले प्रशिक्षण र शिक्षा पनि प्राप्त गरेको र आन्दोलनभित्र नेतृत्वको भूमिकाहरू पनि लिन सक्षम रहेको बताइन् । उनी भन्छिन् माओवादीले राजनितिक दलहरूमा नेतृत्वको पदमा निश्चित प्रतिशत महिला हुनु पर्छ भन्ने धारणा ल्याइयो त्यसले गर्दा सहज भएको बताइन् ।

३४ वर्षीया के सि थरकि उत्तरदाताले आफ्नो नमिठो अनुभव व्यक्त गरेकी छिन्

*मेरो दिदी हुनुहुन्थो, घर नजिकैको जंगलमा घाँस ल्याउन जानु भएको थियो । त्यो साँझ दिदी घर आउनु भएन । उहाँको खोजी कार्य गरियो तर कतै पनि पत्ता लागेन २ दिनपछि जङ्गलको एउटा खोला नजिकै दिदीको शब भेटियो । उहाँको हालत हेर्दा उहाँको जबर्जस्ती करणी भएर हत्या भएको पत्ता लाग्यो । त्यो अरु कोही नभएर राज्य पक्षका सेना रहेछन् भन्ने थाहा भयो । यो सबै आफ्नो आँखाले देख्दा असह्य भयो र मैले आफ्नो सुरक्षाको निम्ति माओवादी आन्दोलन रोजें ।*

माओवादीहरूले राजनीतिक शक्ति प्राप्त गरेपछि उनीहरूले महिला अधिकारको रक्षा गर्न र राजनीति, शिक्षा र अर्थतन्त्रलगायत समाजका सबै पक्षहरूमा उनीहरूको सहभागिता सुनिश्चित गर्नका लागि कानूनहरू बनाए । उदाहरणका लागि उनीहरूले राजनीतिक दलहरूमा नेतृत्वको पदमा निश्चित प्रतिशत महिला हुनुपर्छ भन्ने जनादेश दिए । माओवादी आन्दोलनले महिलाहरूको लागि एक सुरक्षात्मक शक्तिको रूपमा काम गऱ्यो, सामाजिक मान्यताहरूलाई चुनौती दियो र महिलाहरूको लागि सुरक्षित र अधिक समान समाज सिर्जना गऱ्यो ।

### ४.४.१. घरेलु कामबाट छुट्कारा

उत्तरदाता कमला भन्नु हुन्छ महिलाहरूले घरायसी कामबाट मुक्ति प्राप्त गर्नका लागि माओवादी आन्दोलनले विभिन्न कार्यक्रमहरू चलाएको थियो । महिलाहरूलाई कृषि, उद्योग, व्यापार, व्यवसाय र अन्य क्षेत्रको अवसरहरूमा समावेशी भूमिका खेलेको कुरा उहाँले बताउनु भएको छ । त्यस्तै त्यहाँका स्वयं सहायता तथा अर्थात्मक आवश्यकता पूरा गर्ने प्रयास गरिएको पनि उहाँले बताउनु भएको छ । उनी भन्छिन् माओवादी आन्दोलनले गर्दा महिलाहरूले घरायसी कामबाट छुटकारा प्राप्त गरेका थिए । यो आन्दोलनले सामाजिक परिवर्तनको लक्ष्यबाट उत्पन्न भएको थियो । माओवादी आन्दोलनले सशक्तीकरण, सामाजिक न्याय, बराबरी र जनवादका मूल्यहरूलाई प्रतिष्ठान दिएको थियो ।

त्यस्तै उत्तरदाताहरूले माओवादी आन्दोलनले महिलाहरूलाई घरायसी कामबाट मुक्ति प्राप्त गर्नका लागि उनीहरूलाई अन्तरराष्ट्रिय गठनहरू, समूह, नेटवर्क र संघहरूसँग संघर्ष गर्न मद्दत प्रदान गरेको थियो । त्यस्तै गरी माओवादीहरूले महिला समूहहरू, अभियान र संगठनहरूलाई पनि स्वयं सहायता गरेको कुरा उनीहरू बताउँछन् ।

उत्तरदाताहरू बताउँछन् महिला भएकै कारण आफूले घरपरिवार, समाजबाट पाएको अत्याचारको भत्सर्ना गर्दै आफूहरू माओवादी आन्दोलनमा उत्रिएको कुरा उनीहरूले बताए सदियौंदेखी महिलाहरूले गर्दै आएको घरायसी कामलाई त्यागेर आफ्नो अधिकारको लागि बन्दुक उठाएको उनीहरू बताउँछन् । माओवादी आन्दोलनले गर्दा महिलाहरू भान्छामा मात्र सीमित हुन्छन् भन्ने कुरालाई गलत प्रमाणित गरेको कुरा उनीहरू बताउँछन् । समाजमा हुने विभिन्न सामजिक कार्यक्रम, राजनितिक कार्यक्रम, कृषि, जागिर, व्यवसाय जस्ता विभिन्न क्षेत्रमा आफूहरू अगाडि बढ्दै आएको कुरा उनीहरू बताउँछन् । यसरी आफू अगाडि बढ्नुमा माओवादी जनयुद्धले ठूलो भुमिका खेलेको कुरा उनीहरूले सुनाए ।

३८ बर्षीय बि .क .थरकि उत्तरदाता ले आफ्नो अनुभव व्यक्त गरेकी छिन्

> *म पूर्वलडाकु महिला उमेरले ३८ वर्ष भए । मैले आफ्नो बाल्यकालदेखि आमा, काकीहरूलाई घर भित्रको काम र घाँस, दाउराको काम मात्र गर्दै आएको देखेकी थिएँ महिलाहरू अगाडि बढ्न खोज्यो भने घरकै पुरूष सदस्यले दबाउने, खराब आचरण भएका महिलाहरू मात्र समाजको नीति नियमको उलंघन गरेर अगाडि बढ्छन् भन्ने जस्ता लाञ्छना लगाइन्थ्यो तर अहिले त्यस्तो रहेन समयको अन्तरालले पनि होला तर धेरै भुमिका माओवादी आन्दोलनले गर्दा परम्परागत लैङ्गिक भुमिकालाई परिवर्तन गर्दै महिलाहरूले आँट गर्ने हो भने सबै गर्न सकिन्छ भन्ने भावनाका साथ महिलाहरू अगाडि बढेका छन् । म आफूलाई आफ्नो आमासँग तुलना गर्दछु पेशाले म व्यवसायी गर्दछु मसँग व्यक्तिगत स्वतन्त्र छ ,चाहेको र जायज लागेको कुरा श्रीमान्सँग सल्लाह गरेर यो होइन यो हो भन्न सक्छु म मात्र होइन अहिलेको धेरै महिलाहरूले आफूलाई घरायसी काममा मात्र सीमित नराखेर आफूलाई सामजिक, राजनितिक, आर्थिकदेखि विभिन्न कार्यमा अगाडि बढाएका छन् ।*

माओवादी आन्दोलनले नेपालका समाजमा महिलाहरूको स्थितिलाई अनदेखा गर्न सकेको थिएन र उनीहरूको घरायसी कामबाट पाएको छुटकाराको पक्षमा प्रमुख योगदान पनि गरेको थियो । आन्दोलनले महिलाहरूको शिक्षा, स्वास्थ्य, रोजगार र आर्थिक स्थितिमा सुधारका लागि प्रयास गरेको थियो, जसले उनीहरूलाई घरायसी कामबाट मुक्ति प्रदान गरेको थियो ।

### ४.४.२. नेतृत्वदायी भूमिका

सुरुवाति चरणमा पीएलएमा थोरै मात्र महिलाहरू रहेको र महिला सहभागिताका लागि प्रत्येक डिफेन्स स्क्वाडमा कम्तीमा दुई जना महिला अनिवार्य गर्ने निर्णय रहनुको साथै यो साहसी निर्णयले पीएलएमा ठूलो संख्यामा महिलाहरूको सहभागितालाई पनि निम्त्याएको कुरा उत्तरदाताहरु बताउछन । पीएलएमा महिलाहरू संलग्न भएकाले उनीहरूलाई समूहको नेतृत्व गर्ने र नेतृत्वको क्षमता विकास गर्नुभन्दा फरक जिम्मेवारी दिइएको उनिहरु जनाउछन ।

४२ बर्षीय पुन थरकि उत्तरदाता ले भनिन्,

> *आफ्नै घरमा पनि कहिल्यै केही कुरा मा अगाडि बढ्न सकेका थिएनौ । हरेक काम गर्दा घरको मुली वुवा, दाई, काका, बाजे लाई सोधेर मात्र गर्नु पर्नी थियो तर जनयुद्धमा जाँदा म आफैले पनि आफ्नो समूह को नेतृत्व गर्ने मौका पाएकी थिए जुन समूहमा केटा केटी सबै थिए ।*

माओवादी आन्दोलले महिलाहरूलाई नेतृत्वको अवसरहरू प्रदान गरेको कुरा उत्तरदाताहरू बताउँछन् । उनीहरू भन्छन् यसले महिलाहरूलाई परम्परागत लैङ्गिक भुमिका र मान्यतालाई चुनौती दियो र आन्दोलनको क्रममा नेपाल कम्युनिष्ट पार्टी भित्र नेतृत्वको अवसरहरूमा महिला सहभागितालाई प्रवर्द्धन गर्ने प्रयास भएको साथै पार्टी भित्र सैदान्तिक मात्र नभएर व्यवहारमा पनि महिला समावेशीकरण र सशक्तीकरणको महत्वलाई मान्यता दिएको कुरा बताइन् ।

के.सी थरकी उत्तरदाता बताउँछिन् माओवादी आन्दोलनले सकृय रूपमा महिलाहरूलाई आफ्नो सशस्त्र बल, जनमुक्तिसेनामा (पी. एल. ए.) सामेल हुन प्रोत्साहित गरेको थियो । जहाँ महिलाहरूलाई नेतृत्वको पद दिइएको र हतियार चलाउन तालिम दिइयो साथै महिलाहरूलाई पनि पुरुष समकक्षीहरूलाई जस्तै बराबरी जिम्मेवारी दिइएको बताइन् । उनी भन्छिन् माओवादी पार्टी भित्रको निर्णय प्रकृयामा महिलाको संलग्नतालाई बढावा दिनमा बलियो जोड दिएको थियो । साथै जिल्ला, क्षेत्रीय र केन्द्रीय समितिलगायत विभिन्न तहमा महिलालाई नेतृत्व पदमा बढुवा गरेर लैङ्गिक असमानतालाई सम्बोधन गर्न सकृय रूपमा अगाडि बढेको बताउँछिन् ।

त्यस्तै ३७ वर्षीय पुन थरकि उत्तरदाता ले आफ्नो अनुभव व्यक्त गरेकी छिन्

> *महिलाहरूले आफ्नो घर भान्छा नछोडेको देखेका हामीले तर जनयुद्धमा रहेका महिलाहरूले बन्दुक बोक्ने, पाइन्ट लगाउने, कपाल छोटो काट्ने साथै नेतृत्वको पदमा रहेका हुन्छन् । केटाहरूलाई पनि आदेश दिन्छन् भन्ने सुनेर गएका थियौं । हामी एकैपल्ट २७ जना केटीहरू गायब थियौं । महिलाहरू संगठनभित्र विभिन्न प्रकारका नेतृत्वको सहजरूपमा स्वीकार गरेर आफ्नो काम, कर्तव्यप्रति निष्ठावान भएर अगाडि बढ्थ्यौ । मलाई पनि नेतृत्वमा रहन मन भएर अगाडि बढेकी थिएँ, अहिले पेशाले म राजनीति गर्दछु ।*

विद्रोहको समयमा महिला नेतृत्वको भूमिका र सशक्तीकरणलाई प्रवर्द्धन गर्ने माओवादीको ध्यानले परम्परागत लैङ्गिक मान्यताहरूलाई चुनौती दिन र निर्णय प्रक्रियामा महिलाको सहभागितालाई बढावा दिन महत्वपूर्ण भूमिका खेलेको थियो । त्यसैले महिलाहरूको माओवादी जनयुद्धमा धेरै सहभागिता रहेको थियो ।

### ४.४.३ महिलाले गर्न सक्छन् भन्ने देखियो

उत्तरदाताहरू बताउँछन् महिलाहरू केही गर्न सक्दैनन् भन्ने मानसिकता बोकेको सामाजमा महिलाहरूले बन्दुक बोकेर जनयुद्ध लडेर देखाएका थियौँ । अवसर नदिएर महिलाहरू कमजोर हुन्छन् भन्ने सोच थियो तर माओवादी आन्दोलनले त्यो कुराहरू परिवर्तन गरिदियो । अहिले हामी महिलाहरू आफ्नो आवाज उठाउन सक्छौं, कसैसँग दबेर बस्दैनौं, भन्दै सुनाए । माओवादी आन्दोलनले तल्लो तहमा महिलाहरूलाई सशक्तीकरण गर्ने, परिचालन गर्ने, सामजिक समस्याहरू र महिलाहरूले उनीहरूको दैनिक जीवनमा सामना गर्ने, अन्यायहरू बारे चेतना जगाउने काम गरेको उत्तरदाताहरूले बताएका छन् ।

उत्तरदाता सिमा नेपाली भन्नु हुन्छ यसले आफ्नो अधिकारको लागि सक्रिय रूपमा लडिरहेका महिलाहरूलाई प्रोत्साहित गरेको थियो । उनी बताउँछिन् माओवादीले तल्लो तहमा महिलाहरूलाई परिचालन गर्ने विभिन्न तरिकाहरूको प्रयोग गरेको बताइन् । उनीले के दाबी गर्छिन् भने माओवादीले आफ्ना विचारहरू फैलाउने, ऐक्यवद्धताको भावना निर्माण गर्ने र बलियो जनआन्दोलन स्थापना गर्ने सामूहिक भेलाहरू, प्रचारप्रसार, संस्कृति गतिविधिहरू समुदायमा आधारित संस्थाहरू, जनसम्पर्क कार्यक्रमको प्रयोग गर्ने गरेको बताइन् ।

३४ वर्षीय चनरा थरकि उत्तरदाता ले आफ्नो अनुभव व्यक्त गरेकी छिन्

> *म एकदम गरीब परिवारमा जन्मिएकी थिएँ । घरमा बिहान खाए साझा र साझ खाए बिहान के खानी कसरी छाक टार्ने सोच्नु पर्दथ्यों । एकदिन माओवादी साथीहरू सांस्कृतिक कार्यक्रमको लागि गाउँमा आउनु भयो मलाई त्यो देखेर म पनि जान्छु भन्ने लाग्यो र म पनि गएँ । त्यहाँ गएपछि मैले राजनीति बुझैं, माओवादी आन्दोलनले भुइँ मान्छेहरूलाई सहज बनाएको र सशक्तीकरण गरेको धेरै देखेको र भोगेको छौँ । महिलाहरू पनि नेतृत्वमा भएको देखेँ । घर भान्छामा मात्र सीमित नरहेर विभिन्न*

*कार्यक्रमहरू अगुवाइ गरेको देखें । गाउँ समाजमा हुँदा महिलाहरू घरभित्र सीमित रहेको देखेकी म त्यहाँ महिलाहरू पनि खुला रूपमा बाँचेको देख्न पाउँदा महिलाले अवसर पाए सबै गर्न सक्छन् भन्ने लागेको थियो ।*

माओवादी आन्दोलनले तल्लो तहमा महिलाहरूलाई सशक्तीकरण गर्ने, परिचालन गर्ने, सामाजिक समस्याहरू र महिलाहरूले उनीहरूको दैनिक जीवनमा सामना गर्ने अन्यायहरूबारे चेतना जगाउने काममा केन्द्रित थियो । त्यसैले महिलाहरू माओवादीमा प्रवेश गरेका थिए ।

### ४.४.४.महिलाहरूलाई सञ्जालका अवसरहरू

माओवादी आन्दोलनहरूले महिलाहरूलाई पितृसत्ता र उत्पिडित विरुद्धको सङ्घर्षमा समर्थन र ऐक्यवद्धता खोज्न, एक अर्का सँग जोडिन र सञ्जाल बनाउन अवसर प्रदान गरेको थियो । उत्तरदाता राधा भन्नु हुन्छ माओवादी आन्दोलनको क्रममा नेपाल कम्युनिष्ट पार्टी ( माओवादी) ले महिला सशक्तीकरणको महत्वलाई बुझेर उनीहरूलाई सञ्जालका अवसरहरू उपलब्ध गराएको बताइन् । उनी भन्छिन् अखिल नेपाल महिला संघ क्रान्तिकारीको स्थापनाले महिलाहरूलाई एकजुट हुन संगठित गर्न र आफ्नो अधिकारको वकालत गर्न अवसर प्रदान गर्यो त्यसैगरी उनी के दावी गर्दछिन् भने यसले महिलाहरूलाई आफ्ना अनुभवहरू साझा गर्न, साझा चुनौतीहरू छलफल गर्न र सामूहिक कार्यको लागि रणनीति बनाउन नेटवर्किंगको अवसरहरू प्रदान गरेको बताइन् । उनी भन्छिन् अखिल नेपाल महिला संघ क्रान्तिकारी मार्फत महिलाहरूले समान विचारधारा भएका व्यक्तहरूसँग जोडिन, गठनबन्धन निर्माण गर्न र सहयोगी सञ्जालहरू बनाउन सक्षम भए यी सञ्जालहरूले विचार, स्रोत र सीपको आदानप्रदानलाई सहज बनाउने, जसले महिलाहरूलाई बल प्राप्तगर्न र परिर्वतनको लागि परिचालन गर्न सक्षम बनायो । पश्चिम रुकुमकी सार्की थर गरेकी उत्तरदाता बताउँछिन् आफू माओवादी आन्दोलनको बेला नेतृत्वको पदमा रहेको बताइन् उनी भन्छिन् "यसले महिलाहरूको राजनितिक सहभागिताका लागि अवसरहरू सिर्जना गर्यो । महिलाहरूलाई आफ्नो सशस्त्र बल, जनमुक्ति सेनामा सामेल हुन प्रोत्साहन गर्यो र पार्टी भित्र नेतृत्वपदमा महिला प्रतिनिधीलाई सक्रिय रूपमा बढावा दिएको र यसले महिलाहरूलाई थप सञ्जालका अवसरहरू र निर्णय प्रकृयामा संलग्न गरेको थियो ।"
३५ वर्षीय वलि थरकि उत्तरदाताले आफ्नो अनुभव व्यक्त गरेकी छिन्

*म माओवादी जनयुद्धमा प्रवेश गर्दा सुरुमा साथीहरूको लहलहैमा गएकी थिएँ तर पछि त्यहाँ गएपछि थाहा भयो हामी जस्तै महिला दिदीबहिनीहरूपनि धेरै हुनुहुँदोरहेछ जस्ले देश र जनताको परिवर्तनको लागि लड्नु भएको रहेछ भने कुरा, आफूले नजानेका धेरैकुराहरू सिक्ने अवसर पाए । धेरै सकरात्मक र नकारात्मक अनुभवहरू महसूस गर्न पाए महिलाहरू कसरी अगाडि बढ्ने भन्नेबारे पनि विभिन्न कुराहरू बुझ्ने मौका पाउनुको साथै अहिले सशक्तीकरणको बारेमा पनि आफूले बुझैं । साथै धेरै ठाउँका महिला दिदी बहिनीहरूसँगको सुमधुर सम्बन्ध कायम रह्यो ।*

द्वन्द्वपछिको युगमा, विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूले नेपालमा महिलाहरूलाई नेटवर्किङका अवसरहरू उपलब्ध गराउने दिशामा काम गरिरहेका थिए, यी पहलहरूले महिलाहरूलाई सशक्तीकरण गर्न, उनीहरूको नेतृत्व क्षमताहरू अभिवृद्धि गर्न र समाजका विभिन्न क्षेत्रहरूमा उनीहरूको सक्रिय सहभागितालाई सहज बनाउने उद्देश्य राखेको थियो । त्यसैले महिलाहरूको माओवादी जनयुद्धमा धेरै सहभागिता रहेको थियो ।

### ४.४.५ महिलाको अवस्थाको ज्ञान

माओवादी आन्दोलनले महिलाहरूको अवस्थाको ज्ञानमा विशेष परिवर्तन ल्याएको कुरा उत्तरदाताहरूले बताएका छन् । यो आन्दोलनले महिलाहरूलाई समाजिक, राजनीतिक र आर्थिक अवस्था र विषयमा जागरुक गराएको थियो त्यसैको फलस्वरूप महिलाहरूले समाजिक राजनीतिक बिषयहरूमा आफ्नो मत र अवधारणा ल्याउन सकेको कुरा बताए । उनीहरू बताउँछन् यसले महिलाहरूलाई उन्नती र व्यक्तिगत आवश्यकताहरूको बारेमा ध्यान दिन धेरै महत्वपूर्ण भुमिका खेल्नुको साथै यसले महिलाहरूलाई प्रशासनिक पदमा र न्यायिक तथा राजनीतिक संगठनमा पनि अधिक संख्यामा पहुँच गर्न धेरै महत्वपूर्ण भुमिका खेलेको उनीहरू बताउँछन् ।

उत्तरदाता सीमा बताउँछिन् माओवादी आन्दोलनले महिलाहरूलाई पढाईको अवसर, व्यवसायिक तालिम र कौशल विकास प्रदान गरेको थियो । यसका कारणले, महिलाले आर्थिक राज्य सुधार गर्न सकेर परिवार र आफ्नो भविष्यको लागि स्थानिय अर्थतन्त्रमा महत्वपूर्ण भूमिका निभाउँदै आएको कुरा बताए ।

३७ वर्षीय कुसाइ थरकि उत्तरदाता ले आफ्नो अनुभव व्यक्त गरेकी छिन्

*सुरु सुरुमा गाउँघरमा आमा, काकी, दिदीहरूलाई देख्दा के लाग्थ्यो भन्दा हामीले पूर्व जन्मबाट बोकेको कुरा हो, हाम्रो भाग्य यस्तै हो, कर्म यस्तै हो, जस्तो लाग्थो, जनयुद्धमा गएपछि थाहा भयो, हामी महिलालाई त समाजले र पृतिसत्तात्मक संरचनाले यो अवस्थामा पुर्याएको रहेछन् भन्ने र माओवादी आन्दोलनपछि महिलाका अवस्थाहरूमा परिर्वतन हुँदै आयो अहिले महिलाको विषयमा धेरै कुरा सहजतापूर्वक बनेको छ समाज ।*

संक्षिप्तमा, माओवादी आन्दोलनले महिलाहरूको अवस्थाको ज्ञानमा ठूलो परिवर्तन ल्याएको छ । यसले महिलालाई सामाजिक र राजनीतिक विषयहरूमा सक्रिय बनाउन तथा उनीहरूलाई अधिकार प्राप्त गर्न मद्दत गरेको छ ।

### ४.४.६ महिलाहरू लडाइँमा प्रत्यक्ष सहभागी

लडाइँमा पर्दा मलाई नै गोली लागेको थियो यी हेर्नुहोस् न भन्दै एकजना उत्तरदाताले भावुक हुँदै देखाउनु भयो । उहाँ भन्नु हुन्छ माओवादी आन्दोलनले महिलाहरूलाई स्वतन्त्रता, समानता र न्यायको लागि लड्ने संघर्षमा सहभागिता गराउने गरेको थियो । महिला कार्यकर्ताहरूले किसान, मजदूर, लघुउद्यमी तथा दलित महिलाहरूका लागि समानता र अधिकारको लागि लड्न सुरु गरेको कुरा उहाँ बताउनु हुन्छ ।

४० बर्षीय उत्तरदाता खुमा डाँगिले आफुले प्रत्यक्ष भोगेको घटना सुनाउन भयो “सेनाको घेराबाट हाम फाल्दा आफ्नो पाठेघर खसेर आफू जीवनभर आमा बन्न नपाएको र आफ्नो श्रीमान्ले छोडेको कुरा उहाँले भावुक हुँदै सुनाउनु भयो । त्यो पीडा जीवनभरको लागि पीडा बन्यो औषधि गर्ने व्यवस्था मिलाइदिनु भन्दा कसैले मतलब गरेनन् भनेर उहाँले आफ्नो दुःख सुनाउनु भयो ।”

“उत्तरदाता हार्दिक परियार ले पनि आफू लडाइँमा पर्दा गोली लागेको ठाउँ हामीलाई देखाउँदै भन्नु भयो यो पाखुरामा गोली लागेको थियो अहिले आयर सारै दुःख पाएँ हात बेलाबेला दुख्दा आफूलाई साह्रै सास्ती हुन्छ भन्दै उहाँले आफूले भोगेको दुःख सुनाउनु भयो ।”

“त्यस्तै अर्को उत्तरदाता देवसर पुनले आफूले प्रत्यक्ष लड़ाई लडेको अनुभव सुनाउनु भयो आफू मारिन्छ कि भन्ने डर लाग्दैनथ्यो निर्धक्क भएर जान्थ्यौं आफू रोल्पाको होलेरीको यूद्धमा सामेल भएको कुरा बताउनु भयो ।”

“उत्तरदाता सिला शाही बताउनु हुन्छ आफू सानी भएकी हुनाले अगाडि जान नदिएको तर हात हतियार बोकेर पछिपछि हिँडेको कुरा बताउनु भयो ।”

विभिन्न उत्तरदाताहरूको कुराहरू सुन्दा उहाँहरूले भोगेको कुराहरू भावुक हुँदै सुनाउनु भयो । महिलाहरूले परेको खण्डमा हरेक काम गर्न सक्छन् भन्ने राम्रो उदाहरण यहाँ महिलाहरूको अनुभवबाट लिन सकिन्छ ।

### **४.४.७. परिवर्तन भएका लैंगिक सवालहरु**

उत्तरदाताहरु सँग लगेको अन्तरवार्तामा अधिकांश उतरदाताहरुले जनयुद्धले समाजमा महिलाहरुलाई सशक्त बनाउनुको साथै आत्मनिर्भर पनि बनाइएको बताएका छन । जीवनमा आइपर्ने जस्तो सुकै समस्या सँग पनि सँगर्ष गरेर जीबन चलाउन सक्ने बनाइएको बताएका छन । महिलाहरु लाई नेतृत्वमा पुग्न जनयुद्धले ठूलो भूमिका खेलेको छ । त्यतिबेला शाही नेपाली सेनाले महिला लाई सेनामा भर्ती नगर्दा माओवादीमा महिलाको सहभागीता बाक्लो देखिनुले महिलाहरु घरेलु काममा, चुलो चौकोमा मात्र आबद्ध नरहेर उनीहरू समाजमा आफ्नो अस्तित्व चाहन्थे भन्ने बुझिन्छ । युद्धले गर्दा पुरुषले घर छोडेर जानु पर्दा पुरुषहरुको अनुपस्थितिमा घरको सबै जिम्मेवारी महिलाले उठाउँदा उनीहरू घरको प्रमुख बन्ने लगायत घर भित्र र वाहिर दुवै काममा आफू अब्बल रहेको बताउँछन् ।

४४ वर्षीय शेर्पालि थरकि उत्तरदाता बताउँछिन् ।

> *जनयुद्ध लडेका साथीहरुको घरमा हेरीउ भने छोरा, छोरीमा समान खाले व्यवहार पाउँछौ जून सबैको घरमा नहुन सक्छ । त्यस्तै निर्णय प्रकृयामा पनि धेरै परिवर्तन आएको छ पहिला पहिला घरको सानो कुखुरा बेच्दा पनि श्रीमान संग नसोधेर म बेच्न सक्दैन भन्ने महिलाहरु अहिले धेरै ठूला कुराहरु आफूले निर्णय गर्न सक्ने भएका छन् । पहिला गाउँघरमा केहि मीटिङ्ग भयो भनी, कचहरी, भेला केही भयो भनी मैले मेरो आमा गएको कहिल्यै देखिन तर जनयुद्ध पश्चात गाउँ घरमा सामाजिक कार्य देखि राजनितिक कार्यमा पनि म लगायत धेरै महिलाहरु सहभागि हुने मौका*

*पाएका छौं । हाम्रो समाज पृतिसत्तात्मक भएको हुनले महिललाई धेरै गाह्रो भए पनि घरको आर्थिक मा पुरुष लाई गार्हो हुन्थ्यो, महिलाको कमाइ खानु हुन्न, केटी मान्छेले घर भित्रको काम गर्नु पर्दछ भन्ने विभिन्न बन्धन लाई तोडेको छ जनयुद्धले त्यसैले अहिले घरको आर्थिक मेरो र मेरो श्रीमान्को लगभग बराबर सहभागी रहेको छ ।*

द्वन्द्वले महिलाहरुको असमानता र महिला अधिकारमा ध्यान दियो । राजनीतिमा महिलाहरुको समान प्रतिनिधीत्वको माग गर्दै जनयुद्ध अगाडि बढेको थियो त्यसैले पनि महिला सहभागिता बाक्लो हुन गई लैङ्गिक भूमिकामा परिवर्तन भएको कुरा उत्तरदाताहरुले बताउँछन् ।

### ४.४.८. परम्परागत लिङ्ग मापदण्डहरूमा भएका परिवर्तन

उत्तरदाताहरु बताउँछन् जनयुद्धले परम्परागत लैङ्गिक मान्यतामा महत्वपूर्ण परिवर्तन ल्याएको थियो । युद्धले सामाजिक मान्यताहरू र परम्परागत लिङ्ग भूमिकाहरूलाई बाधा पुऱ्यायो किनभने धेरै पुरुषहरू यात घाइते भए वा महिलाहरूलाई परम्परागत रूपमा पुरुषहरूलाई दिइएको नयाँ जिम्मेवारी र भूमिकाहरू लिन छोडेर विस्थापित गरियो । यसले महिलाहरूलाई हेर्ने दृष्टकोणमा परिवर्तन आएको कुरासुनाए ।

३७ वर्षीया पुन थरकि उत्तरदाता  आफुले भोगेको अनुभव लाई व्यक्त गने कि छिन

*म पूर्वलडाकु महिला हो देश र जनताको लागि जनयुद्धमा बन्दुक बोक्न सफल भए । शान्ति सम्झौता सँग सँगै मेरो श्रीमान आर्थिक अभावका कारणले विदेशिनु भयो । म पहिला पहिला पूर्णरुपमा श्रीमान, बुबा, दाई भाईमा आश्रित थिए तर आजभोलि त्यस्तो लाग्दैन, परी आएको खण्डमा सबै गर्न सक्छु र गर्दै आएको छु । मैले आफ्नो खेती पाती को लागि आफै जोत्ने काम गर्दै आएको छु । महिलाले हलो छुनु हुँदैन श्राप लाग्दछ भन्ने समाजमा मैले आफै जोत्दै आएकी छु । त्यति मात्र नभएर मैले आफ्नो घरको छानो हालेकी छु , घरको धुरीमामा महिला चढनु हुँदैन पाप लाग्छ भन्ने समाजमा मैले पुरुषले गर्ने धेरै काम गरेकी छू ।*

उत्तरदाताहरु बताउँछन् द्वन्द्वको समयमा, पुरुष र महिला दुबैले लडाकु समर्थक र आयोजकहरू सहित विभिन्न भूमिकाहरूमा सक्रिय रूपमा भाग लिएकाथियौ । यसले पुरुषलाई मुख्य प्रदायक र संरक्षकको रूपमा र महिलाहरू मात्र गृहिणी र हेरचाह गर्ने

परम्परागत धारणालाई चुनौती दिएको थियो । युद्धमा महिलाहरूको सहभागिताले उनीहरूलाई सशक्त मात्र बनाएको थिएन उनीहरूलाई निर्णय लिने र नेतृत्वको भूमिकामा बलियो आवाज पनि दिएको कुरा उनिहरु सुनाउछन । युद्धले नेपाली समाजमा महिलाको लचिलोपन र शक्तिलाई पनि उजागर गरेको थियो । उनीहरूले लडाइँ वा विस्थापित भएका पुरुषहरूको अनुपस्थितिमा घरपरिवारको व्यवस्थापन, जग्गा खेती गर्ने र व्यवसाय सञ्चालन गर्ने जस्ता नयाँ जिम्मेवारीहरू लिए र यसले उनीहरूको आर्थिक स्वतन्त्रता बढायो र प्रचलित लैङ्गिक मान्यताहरूलाई चुनौती दिएको बताए ।

उत्तरदाताहरु बताउँछन् यसले नेपाली समाजमा लैङ्गिक भूमिका र सम्बन्धका बारेमा पनि बहस सुरु गरेको थियो । द्वन्द्वको समयमा मानिसहरूले महिलाको क्षमता र योगदानलाई अवलोकन गरेपछि परम्परागत लैङ्गिक मापदण्डहरू माथि प्रश्न र पुनःमूल्याङ्कन गरिएको थियो यसले, फलस्वरूप, लैङ्गिक समानता र महिला सशक्तिकरणप्रतिको दृष्टिकोणमा क्रमिक परिवर्तनमा योगदान पुऱ्याएको कुरा उनिहरु सुनाउछन ।

यसबाहेक, द्वन्द्वले महिलाहरूको यौन हिंसा र शोषणको जोखिमलाई उजागर गरेको थियो । जसले महिला अधिकार र संरक्षणमा ध्यान बढाउनुको साथै लिङ्गमा आधारित हिंसा र भेदभावका मुद्दाहरूलाई सम्बोधन गर्नमा केन्द्रित भएर वकालत गर्ने समूह र संगठनहरू देखा परे । यसले महिला अधिकारको संरक्षण र लैङ्गिक समानतालाई प्रवर्द्धन गर्ने उद्देश्यले नयाँ कानून र नीतिहरू निर्माण भए ।

### ४.४.९.मूल्य मान्यतामा आएका परिवर्तनहरु

पितृसत्तात्मक समाजमा नारीलाई उत्पादनको साधनको रूपमा मात्र लिइन्छ भने समाजको सबै पक्ष पुरुषहरुको कब्जामा रहेको हुन्छ । समाजमा महिलाहरुको अवस्था वस्तु जस्तै रहेको छ । पितृसत्तात्मक व्यवस्थामा आधारित समाजले महिलालाई दोस्रो लिङ्गि, कायर, भावनात्मक र नाजुकको रूपमा वर्गीकरण गरेको छ । विभिन्न स्टिरियोटाइपलाई हटाउँदै महिलाहरूले माओवादी आन्दोलन मार्फत आवाजविहीन महिलाहरुको आवाज उठाएको, पितृसत्तात्मक सामन्ती ढाँचालाई मेटाउन महिलाहरूले सङ्घर्षका विभिन्न मोर्चाहरूमा सक्रिय भूमिका खेलेको र आफ्नो घरेलु बाधा तोड्न महिलाहरु रुढीवादी पहिचानबाट बाहिर आएर माओवादी विद्रोहमा सामेल भएकोकुरा उत्तरदाताहरु बताउछन ।

क्रान्तिले महिलाहरुमाथि उत्पीडन गर्ने थुप्रै परम्पराहरुलाई परिवर्तन गनुको साथै, छोराहरुलाई अति महत्व दिने, छोरि महिनावारी हुँदा छुन नहुने जस्ता व्यवहार गरिने,

विधुवाहरुले बाँकी जीवन पुरै शोकमा विताउनु पर्ने परम्परामाथि चुनौती दिएको बताउछन । अनुसन्धानको कममा मैले लोग्नेहरु जनयुद्धमा मारिएका धेरै महिलाहरुले रातो लुगा, चुरा र पोते लगाएको देखेकी थिए, जुन वस्तु लगाएर श्रृंगार गर्नु विधुवा महिलाहरुलाई समाजमा प्रतिबन्ध थियो । क्रान्तिले कतिपय परम्परागत चाडर्वलाई पनि फेर्न कोशिस गरेको कुरा उत्तरदाताहरु बताउछन ।

३६ वर्षीया शाही थरकि उत्तरदाता ले आफु ले भोगेको अनुभव लाई व्यक्त गरेकि छिन

> *म ३६ वर्षीया एक विधुवा महिला हुँ । मैले मेरो श्रीमान लाइ यूद्ध को क्रम मा गुमाएकी थिए । मेरो २ वटा छोराहरु पनि छन । अहिले पढदै छन । पहिला श्रीमान जनयुद्धमा गएको बेला गाउँमा माओवादी भनेर हेपनि, बोल्न डराउने त्यसमाथि श्रीमानको मृत्यु को खबरले मलाई पोई टोकुवा, यसले पोई खाई जस्ता विभिन्न लान्छनाहरु लगाउथे । मेरो नजिक आउन पनि डराए जस्तो गर्थे, मलाई देखिएपछि साइत बिग्रिन्छ भन्ने, मा सँग बोल्दा अशुभ हुन्छ भन्ने गर्दथे , तर पछि जनयुद्धले केहि भएपनि परिवर्तन ल्याएको छाअहिले पहिला जस्तो व्यवहार छैना मैले सधैं सेतो लुगामा जीवन बिताउनु परेको छैन । मैले बिभिन्न रंगका कपडाहरु लगाउँछु । मलाई मेरो सासु ससुराले माया गर्नु हुन्छ । समाजमा हुनि जस्तो खाली सामाजिक कामहरूमा पनि बोलाउँछन् , साथ दिन्छन् एकल महिला हरु पनि बहादुर हुन्छन् यस्तो गर त्यस्तो गरा भनेर हौसला बढाउँछन् । सासु ससुरा लगायत कतिले त दोस्रो बिहा पनि गर भन्नु हुन्छ तर मलाई मन छैनासमाज धेरै अगाडि बढेको छ र बढ्दै छ  । मलाई कहिल्यै काही गर्व महसूस की मेरो श्रीमान देश र जनताको लागि बलिदान दिनु भयो भनेर ।*

नेपालमा महिलाले बन्दुक छोएमा त्यो बन्दुक पड्किंदैन भन्ने अन्धविश्वास रहेको बेला झण्डै १० वर्ष लामो जनयुद्धको क्रममा महिलाहरुले बन्दुक पड्काए र उक्त अन्धविश्वासलाई च्यातच्युत पारिदिए । निःसन्देह नालापानी युद्धपछि लडाकूकोरुपमा महिलाको उल्लेखनीय सहभागिता भएको माओवादी जनयुद्धनै रहेको र यसरी गरीब देशका नारीहरु राजनीतिक रुपमा सचेत हुन सक्छन् भनेर विश्वलाई पनि देखाइदिनुको साथै उनीहरुले कीर्तिमान खडा गरेको र इतिहास रचनुको साथै राजनीतिक आन्दोलन र क्रान्तिमा महिलाको उत्साहजनक सहभागिता आफैमा एउटा उपलब्धि रहेको देखिन्छ  ।

महिलाहरुले देखाएको लगनशीलता, साहस बलिदान पनि एक उपलब्धि रहनुको साथै महिलाहरुले उनीहरुमाथि लाग्दै आएको अबला र कायरको आरोपलाई असत्य सावित गरिदिए र महिलाको छुट्टै पहिचान बनाएको देखिन्छ, हुनत यो समयको पनि प्रभाव थियो, तर जनयुद्धमा महिलाको सहभागिताले कैयन अन्धविश्वासपूर्ण परम्पराको अन्त्य हुनुको साथै महिलाहरुको लवाइ खुवाइ, भेषभूषा, चुरा, पोते एवम् अन्य अवैज्ञानिक परम्पराको परिवर्तन भयको देखिन्छ । यसले खासगरी ग्रामीण भेगमा तीव्र उथलपुथल ल्याएको उनिहरु बताउछन । उदाहरणका लागि ग्रामिण भेगका महिलाको भेषभूषाकै कुरा गर्दा पनि लुङ्गी, चोलो, फरियाजस्ता अप्ठ्यारा पहिरनहरुको सट्टा कुर्ता सलवार, सर्ट पाइण्ट नै लगाउन थाले जो सजिला र सुरक्षित रहेको बताउछन । साथसाथै उनीहरुको आत्मविश्वासमा पनि बढोत्तरी भयको र त्यसैगरी विभिन्न संस्कारहरुमा पनि परिवर्तन आउनुको सथै ग्रामीण भेगमा श्रीमान मारिएपछि जिन्दगीभर सेतो वस्त्र लगाएर बस्ने महिलाविरोधी परम्पराको अन्त्य हुँदै गएको उनिहरु बताउछन ।

त्यस्तै अर्की ३८ वर्षीय परियार थरकि उत्तरदाता बताउछिन

> *हामीले कहिल्यै पनि पाइन्ट लगाएका थिएनौं । गुन्युचोली, धोती, कुर्ता सुरुवाल मात्र लगाएका थियौ , तर जनयुद्धमा जाँदा पाइन्ट लगाईम, कति जनाले कपाल काटेर केटाको जस्तो बनाईम, सुरु सुरु मा हामी लाई छोरी मान्छे भएर के गरेको ,यो छोरीको संस्कार हैन भनेर सुनाउने धेरै थिए । छोरीले पाइन्ट लगाउनु हुँदैन भन्ने कपाल काट्नु हुँदैन भने गर्नुहुन्थयो तर पछि जनयुद्ध सकिएपछि धेरै केटी हरुले पाइन्ट लगाउन थाल्नु भयो , यो परिवर्तनमा जनयुद्धको ठूलो योगदान छ ।*

जनयुद्धले लैङ्गिक भूमिका र मूल्य मान्यतामा विभिन्न परिवर्तनहरू ल्याउनुको साथै यी परिवर्तनहरूका मध्यमबाट महिलाहरुको सामाजिक, राजनीतिक, आर्थिक र सांस्कृतिक मूल्यमा परिवर्तनगर्न समर्थ भएको कुरा उतरदाताहरु बताउछन । जनयुद्धले समाजमा महिलाहरूलाई सशक्त बनाएको र उनीहरूले जस्तोसुकै संघर्ष गरेर पनि जीवन चलाउन सक्ने क्षमतावान बनायको उनिहरु बताउछन । महिलाहरुलाई नेतृत्वमा पुग्न यसले महत्वपूर्ण भुमिका खेलेको र लैङ्गिक भूमिका, मूल्य मान्यतामा धेरै परिवर्तनहरू ल्याएको कुरा बताउछन ।

**निष्कर्ष :**

नेपालमा माओवादी विद्रोहले महिलाहरूमा गहिरो प्रभाव पारेको थियो, जसले उनीहरूलाई द्वन्द्वको समयमा र पछि राजनीतिक, सामाजिक र आर्थिक सङ्घर्षहरूमा असुरक्षित बनाएको थियो । यद्यपि, युद्ध पछि, महिलाहरू नेपालको राजनीतिक बहसलाई आकार दिन, आफ्नो अधिकारको वकालत गर्न र पुनर्निर्माण प्रयासहरूमा योगदान दिन महत्वपूर्ण रूपमा देखा परेका छन् ।

यद्यपी, यी परिवर्तनहरूको बाबजुद पनि नेपाली समाजका धेरै क्षेत्रमा गहिरो पितृसत्तात्मक मान्यता र अभ्यासहरू कायमै छन् भन्ने कुरामा ध्यान दिनु महत्वपूर्ण छ । लैङ्गिक असमानता र भेदभाव कायमै छ र युद्धका वर्षहरूमा भएका प्रगतिहरू अपूर्ण छन् । परम्परागत लैङ्गिक मान्यताहरूलाई चुनौती र रूपान्तरण गर्न र सबैका लागि लैङ्गिक समानता सुनिश्चित गर्न निरन्तर प्रयासहरू आवश्यक छ ।

नेपालमा महिलाहरूले भोगेका संघर्षहरूलाई सम्बोधन गर्ने प्रयासहरूलाई लैङ्गिक असमानताले सामाजिक र आर्थिक सीमान्तीकरणका अन्य रूपहरूसँग मिल्ने जटिल तरिकाहरूलाई पहिचान गर्ने लैङ्गिक-संवेदनशील दृष्टिकोणद्वारा सूचित गर्नुपर्छ । यस्ता प्रयासहरू बहुआयामिक हुनुपर्छ , जसमा सरकार, गैरसरकारी संस्थाहरू र समुदायमा आधारित संस्थाहरू लगायत सरोकारवालाहरूको दायरा समावेश हुनुपर्छ । तब मात्रै नेपाल साँच्चिकै समतामूलक र समावेशी समाजतर्फ अघि बढ्न सक्छ जसले आफ्ना सबै नागरिकको विविधता र शक्तिलाई झल्काउँछ ।

लैङ्गिक समानताका मुद्दाहरूको पक्ष र पूर्व लडाकुहरूमा पुनः एकीकरण कार्यक्रमको लागि लैङ्गिक रूपरेखाको पनि अभाव थियो । शिक्षा, सीप ,तालिम, सम्पत्ति र शक्तिमा पहुँचको अभाव जस्ता युद्धपूर्व समस्याहरू युद्ध पछिको अवधिमा पुनःदेखा पऱ्यो । सामान्यतः पुनः सुरु गर्न महिलाहरूलाई पितृसत्तात्मक संरचनाहरूमा समायोजन गर्न बाध्य पारियो जुन उनीहरूले उम्कने आशा गरेका थिए ।

महिला पूर्व लडाकुहरूले सामना गर्ने मुख्य चुनौतीहरू मध्ये एक समाजमा पुनः एकीकरणको प्रक्रिया हो । विद्रोहमा उनीहरूको सहभागिता परम्परागत लैङ्गिक मापदण्डहरूको सिधा विपरीत भएकोले धेरै महिलाहरूलाई उनीहरूका समुदायहरूले

विचलितको रूपमा हेरेका थिए । यसले धेरै महिलाहरूलाई एक्लो बनाएको छ र आफ्नो परिवार र समुदायसँग सम्बन्ध पुनर्निर्माण गर्न संघर्ष गरिरहेका थिए ।

औपचारिक अर्थतन्त्रमा पुनः एकीकरण पनि महिला पूर्व लडाकुहरूका लागि चुनौतीपूर्ण साबित भएको छ, विशेष गरी नेपालमा महिलाहरूको लागि उपलब्ध सीमित रोजगारीका अवसरहरू विद्रोहमा उनीहरूको सहभागितासँग सम्बन्धित कलङ्कले पनि धेरै महिलाहरूलाई ऋण सुरक्षित गर्न वा व्यवसाय सुरु गर्न गाह्रो बनाइएको थियो ।

महिला भूतपूर्व लडाकुहरूले सामना गर्ने अर्को महत्वपूर्ण मुद्दा द्वन्द्वको समयमा उनीहरूको अनुभवसँग सम्बन्धित मनोवैज्ञानिक आघात हो । कैदमा हुँदा धेरै महिलाहरूले शारीरिक र यौन हिंसाका साथै यातना र दुर्व्यवहारको अनुभव गरेका छन् । जसले उनीहरूको मानसिक स्वास्थ्य र समाजमा काम गर्ने क्षमतालाई असर गरेको छ ।

चुनौतीहरूको बाबजुद पनि धेरै महिला पूर्व लडाकुहरू नेपालमा लैङ्गिक समानता र सामाजिक न्यायका वकालत गरेका छन् । उनीहरूले एकअर्कालाई सहयोग गर्न र आफ्नो अधिकारको वकालत गर्न संगठन र नेटवर्कहरू गठन गरेका छन् । नेपाली समाजलाई थप समावेशी र समतामूलक बनाउने लक्ष्यका साथ धेरैजना राजनीतिक आन्दोलन र निर्णय प्रक्रियामा पनि संलग्न भएका छन् ।

## अध्याय : पाँच

## बृहत्त शान्ति सम्झौता र लैङ्गिक सम्बन्धमा आएको परिवर्तनको दिगोपना

यस अध्यायमा मैले अध्ययन क्षेत्रबाट सङ्कलन गरेर ल्याएको तथ्याङ्कको विश्लेषण गरिएको छ । यसले पश्चिम रुकुमको आठविसकोट नगरपालीकाको पूर्वलडाकु महिलाहरुको बारेमा संक्षिप्त विश्लेषण गर्दछ । माओवादी जनयुद्धले लैङ्गिक सम्बन्धमा आएको परीवर्तन र परीवर्तन भएका लैङ्गिक भूमिकाहरुको दिर्घकालिनको बारेमा बिश्लेषण गरिएको छ ।

### ५.१.माओवादीको शान्तिपूर्ण अवतरण

वि.सं.२०६३ मङ्सिर ५ गतेको नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको युद्धविरामलाई दीर्घकालीन शान्तिमा परिणत गर्नका लागि दुवै पक्षका प्रतिबद्धताका साथ नेपाल सरकारका तर्फबाट तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र माओवादीका तर्फबाट अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डनले हस्ताक्षर गरिएको सम्झौता हो । यसमा विशेष गरी नेपाली जनताले वि.सं. २००७ सालदेखि हालसम्म गर्दै आएका ऐतिहासिक संघर्ष र जनआन्दोलन मार्फत् प्राप्त लोकतन्त्र, शान्ति र अग्रगमन पक्षमा प्रकट गरेका जनादेशहरूलाई सम्मान गर्दै सात राजनैतिक दल र नेकपा माओवादीबीच सम्पन्न बाह्रबुँदे समझदारी, आठबुँदे सहमति, पच्चीस बुँदे आचारसंहिता, शीर्ष नेताहरूबीच सम्पन्न महत्वपूर्ण बैठकहरू, संयुक्त राष्टसंघलाई प्रेषित समानधारणाको पत्राचारप्रति पूर्ण प्रतिबद्धताको पुनः पुष्टी गर्दे देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय र लिङ्गिय समस्यलाई समाधन गर्न, राज्यको पुनः संरचा गर्ने संकल्प व्यक्त गरिएको थियो (सापकोटा, २०६६) ।

विस्तृत शान्ति सम्झौताले परिभाषित गरेको सङ्क्रमणकालीन उपायहरुमा संविधानसभाको निर्वाचन गराउने र संविधानसभाको पहिलो बैठकबाट राजतन्त्र उन्मूलनको घोषणा गर्ने, नयाँ संविधानको तयारी, सत्य निरुपण तथा मेलमिलाप आयोग र द्वन्द्वका कारण बेपत्ता भएकाहरुको खोजी गर्ने आयोगलगायत सङ्क्रमणकालीन न्याय संयन्त्रको स्थापना, राष्ट्रिय शान्ति तथा पुनःस्थापन आयोग र राज्यको पुनः संरचना आयोग लगायत विस्तृत शान्ति सम्झौता कार्यान्वयन संयन्त्र निर्माण, स्थानीय र अन्तर्राष्ट्रिय संस्था तथा व्यक्तिहरुबाट मानवअधिकारको अनुगमन गर्ने व्यवस्था, नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय नियोग (अनमिन) ले हातहतियार र सेनाको व्यवस्थापनको अनुगमन गर्ने, आन्तरिक रुपले विस्थापितहरुको घर फिर्ती र कब्जा गरिएका सम्पत्ति फिर्ता गर्ने रहेका छन ।

## ५.२. क्यान्टोनमेन्टमा महिला लडाकूहरु

माओबादि शान्ति सम्झौतामा आए सँग सँगै लडाकूहरुलाई अस्थायी ब्यारेक बनाएर राखिएको उत्तरदाताहरुले बताए । उनीहरु के भन्छन भन्दा त्यो क्यान्टोनमेन्टमा हात हतियार फिर्ता गर्ने, कोई लडाकुहरु आर्मीमा भर्ती हुने, कोई समायोजनमा जाने, कोई अयोग्य मानेर घर फकीएको उनीहरू ले बताए । क्यान्टोनमेन्टमा सबै पूर्वलडाकुहरुले आफ्नो दर्जा अनुसारको पैसा पाएको कुरा उत्तरदाताहरु दाबी गर्दछन । पैसा सँगसँगै आ-आफ्नो घर फर्किएको कुरा सुनाए । कति महिलाहरु पहिला जनयुद्धमा सामेलहुँदा घरपरिवार बाट भागेर गएका थिए । कति आफ्नो अधिकारको लागि लड्न गएका थिए । कति जना दुःख पाएर गएका थिए पछि ती महिलाहरु फेरि त्यही समाजमा फर्किंदा गर्हो भएको कुरा उत्तरदाताहरुले सुनाए ।

३८ वर्षीय मगर थरकि उत्तरदाता बताउछिन

> *म र मेरो श्रीमान् दुवैजना माओवादीमा थियौ । शान्ति सम्झौता सँगसँगै हामीले ५-५ लाख रुपैयाँ पायौ । त्यो पैसाले एउटा सानो घर बनायौ र सानो पसल गर्यौ । हामी २ जनाको १० लाख आउँदा पनि हामी लाई यति गर्हो भयो दैनिकी चलाउन भनेपछि त्यो ५ लाखले खासै केही हुँदैन थियो । आफ्नो अधिकारको लागि लड्न गायक हामी न अधिकार पायौ न समाजमा इज्जत । सम्झिदा कस्तो न राम्रो लाग्छ आफूसँग सँगैका साथीभाइ पढ्य लेख्य अहिले कहाँ पुग्य कहाँ आफू भने जीवन कटाउन पनि गर्हो भएको छ ।*

उत्तरदाताहरु बताउछन् जनयुद्ध लड्दा सम्म योग्य थियौं पछि नेपाल आर्मीमा जाँदा अयोग्य मानियो । उनीहरु बताउँछन् त्यति वर्ष आफ्नो अधिकारको लागि लडेका हामी शान्ति सम्झौता सँगसँगै त्यो पाँच लाख रुपियाँ लिएर गाउँ, समाजमा फर्किनु पर्यो जहाँ बाट पहिला परिवर्तन गर्दछौ भनेर भागेका थियौं भन्दै आफ्नो कुराहरू सुनाए ।

## ५.३.शान्ति सम्भौतापछि महिला लडाकुहरुको संघर्ष

नेपालमा चलेको माओवादी विद्रोह राजनीतिक र सामाजिक उथलपुथलको महत्वपूर्ण अवधि थियो जसले देशका लाखौं मानिसहरूलाई असर गरेको थियो । महिलाहरू विशेष गरी विद्रोहको समयमा र त्यसपछि दुवै गहिरो तरीकामा द्वन्द्वबाट प्रभावित भए नेपालमा

माओवादी युद्धपछिको महिलाको राजनीतिक, सामाजिक र आर्थिक सङ्घर्षमा केन्द्रित भए र उनीहरूका अनुभवहरू यस्तो छ ।

### ५.३.१.महिला लडाकु र सामाजिक संघर्ष

माओवादी विद्रोहको समयमा, महिलाहरूलाई यौन दुव्यवहार, अपहरण, जबरजस्ती भती गने गरेको पुर्व लडाकु महिलाहरु ले बताए । द्वन्द्व पछि, महिलाहरूले भेदभाव, सीमान्तीकरण र हिंसा लगायतका सामाजिक बाधाहरूको सामना गरिरहेको उनिहरु बताउछन त्यस्तै घरेलु दुर्व्यवहार र यौन हिंसाको उच्च स्तरको साथ लिङ्गमा आधारित हिंसा व्याप्त रहनुको साथै विशेष गरी ग्रामीण क्षेत्रहरूमा जहाँ शिक्षा र अन्य सेवाहरूमा पहुँच सीमित छ त्यहाका महिलाहरूले आफ्नो जीवन र परिवार पुनर्निर्माण गर्न संघर्ष गरिरहेको उनिहरु बताउछन ।

पूर्व लडाकु महिलाहरु बताउँछन सुरुवाती दिनहरूमा उनीहरूलाई सामाजमा समायोजन हुन गार्हो भएको थियो । छुट्टै व्यवस्था बाट आएका थियौ । जुन संरचना भत्काउन लडेका थियौ त्यही व्यवस्थामा आफूलाई पुनःढल्न गार्हो भएको बताउँछन । आफूहरुलाई देख्दा गाउँ समाजका महिलाहरु अलि तर्किनी, डराएको जस्तो गर्ने व्यवहार गरीएको महसूस हुन्थियो, आफूलाई आफ्नो जीवनयापन गर्न गार्हो हुदा गाँउ समाज बताएपनि साथ सहयोग नपाउँदा निकै गाह्रो भएको थियो ।

४२ वर्षीय शाहि थरकि उत्तरदाता बताउछिन

> *सुरुमा गाउँघरमा फर्किंदा आफूलाई हेर्ने नजर नै फरक लाग्दथ्यो, जनयुद्ध लडेर आएका, बन्दुक बोकेका, लैङ्गिक सम्बन्धको बिषयमा बोलेका हामीहरु लाई समाजमा अली फरक नजारले हेरिएको जस्तो लाग्छ । साधारण महिलाहरुको भन्दा हामी जनयुद्ध लडेका महिलाहरुको चेतनाको स्तर उच्च भयता पनि ती महिलाहरु ले हामीलाई कहिलै आफ्नो नजरमा राम्रो मान्दैनन् । अहिले पनि म धेरै हिन्दैन उनीहरू सँग पहिलो त कुरा मिल्दैन दोस्रो उनीहरूको मलाई हेर्न नजर नै फरक लाग्दछ ।*

सँगर्षका बावजुतपनि लडाकुमहिलाहरुले समाजमा फरक खाले भुमिका निर्वाह गरीएको उत्तरदाताहरु बताउँछन । उनीहरु बताउँछन् महिला पुर्व लडाकुहरूले सामाजिक सँघर्षमा सहभागिता दिएर समान अवसर हस्तान्तरण गर्न सक्छन् । उनीहरूले सभ्य समाजमा

अपाङ्गता, गर्भवती महिलाहरू, अपाङ्ग बालबालिकाहरू, दलितहरू आदि समूहहरूको पक्षमा आवाज उठाउदै आइरहेको कुरा बताए ।

### ५.३.२.महिला लडाकु र आर्थिक संघर्ष

माओवादी विद्रोहले नेपाली अर्थतन्त्रमा गहिरो प्रभाव पारेको थियो, जसका कारण व्यापक रूपमा पूर्वाधारको विनाश भयो र मानिसहरू आफ्नो घरबाट विस्थापित भए, विशेषगरी सीमान्तकृत समुदायका महिलाहरू द्वन्द्वपछिको आर्थिक कठिनाइबाट असमान रूपमा प्रभावित रहेको उत्तरदाताहरु बताउछन् । द्वन्द्वका क्रममा धेरै महिलाहरूले आफ्नो घर, सम्पत्तिको विनाश र आफ्नो परिवारको जबरजस्ती विस्थापित भएको कुरा सुनाए । उत्तरदाताहरु बताउँछन आर्थीक रूपमा झनै चपेटाको शिकार बन्दै गएका थियौं किन भने घर परिवारको अर्थिक अबस्था सुधार गर्नुपर्ने अवस्थामा दशबर्षे महत्वपूर्ण समय माओवादीमा बिताएको बताए । राज्य स्वंय गृहयूद्धमा फसेको कारण आर्थीक वृद्धि को क्षेत्र पनि कमजोर देखिएको उनीहरू बताउँछन ।

४० वर्षीय पुन थरकि उत्तरदाता  बताउछिन

> *म र मेरो श्रीमान् दुवैजना जनयुद्धमा थियौ । शान्ति प्रकृया संग सँगै गाउँ घरमा फर्कियौ, खेती किसानी गर्दै जीबन बिताउँदै थियौं । पछि बच्चा बच्चि भए पढाउनू पनि भयो श्रीमान वैदेशिक रोजगारको लागि गैर कानुनीढंग बाट अमेरिका जानी सोच बनाउनु भयो । भएको घरजग्गा सबै बेच्नु पर्यो पछि कारण बस उहाँ बीच बाटोबाटै फर्किनु पर्यो अहिले न घर छ न जग्गा छोरा छोरी ठुला भइसक्य त्यसैले श्रीमान कता जानुभयो घर बाट सम्पर्क मा हुनुहुँदैन म एक्लै ले ज्याला मजदुरी गरेर छोरा छोरी पढाउने र घर खर्च चलाउने गरिरहेकी छु ।*

पुर्व लडाकू महिला बताउँछन आफूसँग न कूनै प्रशिक्षण छ न शिक्षा न त रोजगारी न हातमा कूनै सिप छ । जनयुद्धमा हुदा बस बन्दुक बोक्न र चलाउन मात्र जानियो अरु सिपमुलक कुनै कुरा जानिएन त्यसैले अहिलेको जीवन एकदम कष्टकर बिताउनु परेको उनीहरु बताउँछन । उनिहरु भन्छन द्वन्द्वपछिको अवधिमा, महिलाहरूले आफ्नो आर्थिक स्थिति पुनःनिर्माण गर्न संघर्ष गरेका छन, प्रायः ऋण, भूमि र वित्तीय स्रोतहरूमा सीमित पहुँचको सामना गर्नुपरिरहेको कुरा सुनाए ।

### ५.३.३.महिला लडाकु र राजनीतिक संघर्ष

सन् २००६ मा द्वन्द्वको अन्त्य भएता पनि राजनीतिक दलहरूबीचको गहिरो विभाजन, सरकारमा महिलाको असमान प्रतिनिधित्व र देशको भविष्यको दिशाबारे चलिरहेको बहसका कारण नेपालको राजनीतिक परिदृश्य अस्थिर रहेको थियो भन्ने कुरा उत्तरदाताहरु बताउछन् । नेपालमा विशेष गरी द्वन्द्वपछिको राजनीतिक बहसलाई आकार दिनमा महिलाहरूले महत्वपूर्ण भूमिका खेलेको तर औपचारिक राजनीति र निर्णय प्रक्रियामा उनीहरूको सहभागितामा बाधाहरू आइरहेको कुरा उनिहरु बताउछन् ।

उत्तरदाताहरु बताउछन् राजनैतिक रुपमा महिलाहरु अगाडि बढ्न को लागी धेरै चुनौतीहरु पार गर्नु पर्ने कुरा रहेको उनीहरू ले सुनाए बाहिर बाट हेर्दा ३३% भनेता पनि भित्री तहमा हेर्ने हो भने महिला लाई राजनीतिमा साँच्चै नै गार्हो रहेको र अहिले गठबन्धन गरेर धेरै ठाउँमा महिलाहरुलाई झन् मार मा परेको कुरा उत्तरदाता ले बताए । उनिहरु भन्छन प्रधानमन्त्री र राष्ट्रपति समेत पुरुष रहेको समाजमा कसरी महिलाहरुलाई राजनीतिमा गार्हो छैन भनेर भनौ भन्दै सुनाउनु भयो ।

४५ वर्षीय के सि थरकि उत्तरदाता बताउछिन

> *जनयुद्धकालमा पूर्वलडाकु समेत रहेकी म उतिबेला पार्टी ले एकदम विश्वास गर्यो तर अहिले स्थानीय चुनाव हुँदा महिलाहरुलाई खासै विश्वास न गरिएको जस्तो मलाई लाग्यो । म आफै पनि मेयरको जिम्मेवारि सम्हाल्न सक्ने अवस्था मा छु तर मलाई वडा अध्यक्ष मा पनि जिम्मावरी को लायक सोचेनन् साथीहरुले, पृतिसत्मक समाजमा महिला लाई राजनितीमा गार्हो छ ।*

जनयुद्धले महिलाको विषयमा परीवर्तन गरेता पनि आमूल परिवर्तन भने हुन सकेन । नेपालमा माओवादी विद्रोह गहिरो रूपमा स्थापित भएको राजनीतिक र सामाजिक प्रणालीद्वारा संचालित थियो जो शासक अभिजात वर्गको पक्षमा थियो र महिला लगायत जनसंख्याको ठूलो भागलाई सीमान्तकृत गर्यो । विद्रोहले राजतन्त्रलाई पन्छाएर समाजवादी गणतन्त्र स्थापना गर्यो सीमान्तकृत समुदायहरूलाई सशक्तिकरण गर्ने र गहिरो बसेको सामाजिक अन्यायको उन्मूलन गर्ने उद्देश्य लिएको थियो ।

### ५.३.४.रोजगारको सिलसिलामा बसाइसराइ र वैदेशीक रोजगार

उत्तरदाताहरु बताउछन् शान्ति प्रकृया सँग सँगै हामी आफ्नै गाँउ, घर र समाजमा फर्कियौ, त्यसपछि हामीलाई जीबन जीउन रोजगार चाहियो हाम्रो हातमा कुनैपनि खाले सीप, शिक्षा नभएको हुनाले हामी रोजगारको सिलसिलामा सहर तिर प्रवेश गर्यौ जहाँ हामीले आफ्नो पेटपाल्न जस्तो पनि दुःख र काम गर्न बाध्य भयौं भन्दै आफ्नो कुरा सुनाए । देशमा गृह युद्ध ले गर्दा आर्थिक संकट रहेको जस्ले गर्दा सहतापूर्वक काम पाउन गार्हो भएर आफू र आफ्ना जनयुद्धकालका थुप्रै साथीहरु वैदेशिक रोजगारीमा जान बाध्य भएको कुरा उत्तरदाता ले सुनाउनु भयो ।

४७ वर्षीय कामि थरकि उत्तरदाता  ले आफूले भोगेका अनुभव सुनाइन

> *मेरो श्रीमान र म दुवैजना जनयुद्धमा सामेल थियौं युद्ध को समयमा उहाँलाई गोली लागेर घाइते हुनु भएको थियो हाम्रा ३ जना सन्तान पनि रहेका छन् । श्रीमान को त्यस्तो अवस्था थियो त्यसैले मैले छोरा छोरी पढाउने, दैनिक जीवन चलाउने खर्च देखि सबै कुरा मेरो जिम्मावरि भएको हुनाले म विदेशिनु परेको थियो । आफूलाई बन्दुक चलाउन र क्रान्तिकारी कुरा गर्न मात्र आउने र अरू कुनै खाले सीप न भएको हुनाले विदेशमा पनि घरायसी काम गर्दा यौन शोषण पनि सहनु पर्दथ्यो । हामी गरीब जहाँ को त्यही छौ कोई कोई मान्छेलाई मात्र व्यक्तिगत फाइदा भयो जनयुद्धले गर्दा ।*

शान्ति सम्झौता पश्चात बढ्दो सहरीकरण र वैदेशिक रोजगारको सिलसिलामा विदेश पलायन हुनेको संख्या अधिक बढेको कुरा सुनाए । देशमा रोजगारको अवसरहरु खुम्चिदै गएको र बेरोजगार युवाहरुको संख्या बढ्दै गएको कुराहरु उत्तरदातहरुले सुनाए । विदेशिनु रहर नभएर बध्यता रहेको र आफ्नो सुनौलो भविष्य बोकेर गएको तर आउदा कसरी आइन्छ थाहा नभएको कुरा बताए ।

### ५.३.५.समाजमा जातियता भेदभाद कायम

उत्तरदाताहरु बताउँछन जनयुद्व पश्चात समाजमा परिवर्तन भएका बिभिन्न सामाजीक संरचनाहरु ध्वस्त हुने क्रममा जातीय संरचनामा पनि परीवर्तन आएको उनिहरु बताउछन् । उत्तरदाता रमिला बताउछिन् जतिबेला नेपाली समाज चरम जनयुद्धको मारमा परेको थियो त्यति बेला डर ले हो के ले हो समाजमा केही समय जातीय विभेद सकिए जस्तै भयको

थियो, तर अहिले सुक्ष्म रूपमा हेर्ने हो भने त्यो जातिय विभेद कायमनै रहेको कुरा उनिले सुनाइन् ।

४७ वर्षीया परियार थरकि उत्तरदाता  ले आफूले भोगेका कुरा सुनाइन ।

> *म र मेरो श्रीमान् दुवैजना माओवादी जनयुद्धालमा थियौ । हाम्रो त्यहि भित्र जनवादी विवाह भएको थियो । जातिगत हिसाबले हेर्ने हो भने मेरो श्रीमान तथा कथित उपल्नो जातको र म तल्नो जातको थियौ । शान्ति सम्झौता पछि हामी पनि श्रीमानको घरमा फर्कियौ हाम्रो बच्चा पनि भयो । श्रीमान को घरमा फर्किए सँगसँगै मैले आफूमाथि जातीय विभेदहरु महसूस गर्न थाले । सासू, ससुरा, नन्दहरु सबै मिलेर मलाई अलि फरक खाले व्यवहार गर्नु भयो समय बित्दै जाँदा मेरो श्रीमान ले पनि राम्रो व्यवहार गर्नु भएन र मलाई छोडेर घरबाट निस्किनु भयो सुनेको छू आफ्नै जात को केटी विवाह गर्नु भयो रे भन्ने अहिले म र मेरो बच्चा मात्र छौ जीउने सहरा भनेको यही एउटा कस्मेटिक पसल हो । मलाई के लाग्छ भन्दा सुरू सुरुमा हाम्रो डर ले या त ईनीहरूले मान्छे मार्छन् भन्ने त्रास ले मात्र केही समय जात व्यवस्था को अन्तय भएको जस्तो महसूस भएको रहेछ, नत्र समाजमा जातिय व्यवस्था कायम नै रहेको छ ।*

माओवादी आन्दोलन र त्यसलाई सम्बोधन गर्ने प्रयासका बाबजुद नेपालमा जातीय विभेद कायमै छ । नेपालमा जातीय व्यवस्था समाजमा गहिरो रूपमा गाँसिएको छ र पुस्तादेखि यो एउटा महत्वपूर्ण सामाजिक समस्या भएको छ । समानता र सामाजिक समावेशीकरण प्रवर्धनका लागि कदम चालिए पनि जातीय भेदभाव र छुवाछुत प्रथाहरू विभिन्न रूपमा विद्यमान छन् । कानूनी उपाय, सचेतना अभियान र सामाजिक सक्रियता मार्फत यी भेदभावपूर्ण अभ्यासहरूलाई चुनौती र उन्मूलन गर्ने प्रयासहरू जारी छन् । नेपालमा जातीय भेदभाव अन्त्य गर्न समावेशीता, समानता र सामाजिक न्यायका लागि काम गरिरहनु महत्वपूर्ण छ ।

### ५.४. शान्ति सम्झौता पछि महिला पूर्वलडाकुको जिवनभोगाई र अनुभव

माओवादी आन्दोलनले नेपालमा लैङ्गिक भूमिका र लैङ्गिक सम्बन्धमा महत्वपूर्ण प्रभाव पारेको कुरा उत्तरदाताहरु बताउछन् । सबैका लागि समानता र न्यायमा केन्द्रित आन्दोलनले लैङ्गिक असमानता र भेदभावको बारेमा अझ बढी चेतना जगाएको बताय । माओवादीहरूले

आन्दोलन र बृहत्तर समाजमा महिला सहभागिताको महत्वलाई जोड दिएको र यसले राजनीतिक सक्रियतामा महिलाहरूको संलग्नतामा उल्लेखनीय वृद्धि गनुको साथै आन्दोलनपछि नेपालमा महिला अधिकार र लैङ्गिक समानतामा केही उपलब्धिहरू भए उत्तरदाताहरु बताउछन् ।

नेपालमा लैङ्गिक समानताको सवालमा अझै पनि महत्वपूर्ण चुनौतीहरू रहेको उनिहरु बताउछन् । माओवादी आन्दोलन अघि रहेको पितृसत्तात्मक सामाजिक मान्यता र मनोवृत्ति अझै पनि कायम छ र महिलाहरूले विभिन्न रूपहरूमा भेदभाव र हिंसाको सामना गरिरहन्छन् । तसर्थ, माओवादी आन्दोलनले यस क्षेत्रमा चेतना जगाउन र उल्लेखनीय उपलब्धि हासिल गर्न मद्दत गरे पनि नेपालमा लैङ्गिक समानता हासिल गर्न अझै धेरै काम गर्न बाँकी रहेको छ । यसले द्वन्द्वकालमा खासै परिवर्तन नभएका सामाजिक मान्यता र अपेक्षाहरूसँग छाँटकाँट गर्नुपर्ने थियो । धेरै महिलाहरूले उपयुक्त रोजगारीका अवसरहरू खोज्नका साथै शिक्षा र स्वास्थ्य सेवामा पहुँच गर्न कठिनाइहरूको सामना गर्नुपरेको थियो भन्दै उत्तरदाताहरुले सुनाए । उतरदाताहरुले आफ्ना अनुभवहरु यसरी व्यक्त गरेका छन् ।

३८ वर्षीय कुसाइ थरकि उत्तरदाता बताउछिन

> *एकदम गार्हो भयो हामी छुटै व्यवस्थामा रहन्छौ होला जस्तो लाग्दथ्यो तर उही समाज, उही व्यवस्था, आएर उही भत्केको घर पोतेर बस्नुपर्यो, पढन पाएको थिएनौ केही आउँदैन थियो, आफू सँग केही सीप थिएन । त्यसमाथि रित्तो झोला बोकेर फर्केर आउदा आर्थिक अवस्था एकदम नाजुक साँझ के खानी बिहान के खानी थियो समाजमा छि छि दूर दूर आइमाई भएर माओवादीमा गएकी के पाइस कति पैसा दियो तेरो पार्टीले जस्ता लान्छना लाग्यो श्रीमानलाइ यूद्धमा गुमाई सकेकी थिए, तिन जना बच्चा बच्चि सहित धेरै गाह्रो भयो ।*

उत्तरदाताहरु बताउछन् कहिले काही चाहिँ आफ्नो व्यक्तिगत स्वार्थ लाई हेरेको भए हुन्थो जस्तो लाग्छ । किनकि पहिलै देखि समाजमा बसेका भाई बहिनीहरुले पढेर लेखेर अगाडि बढेको देख्दा आफू पछाडि परेको जस्तो लाग्छ, देशको लागि र परीवर्तनको लागि लडेर धेरै दु:ख गरियो तर अन्तिममा केही भएन आफ्नो व्यक्तिगत घाटा मात्र भयो जस्तो लाग्छ भन्दै उत्तरदाताहरुले आफूले भोगेको गुनासो पोखे ।

उत्तरदाताहरु भन्छन् राज्यले पनि व्यवस्थापनको कुरालाई ध्यान दिएको देखिदैन् । धेरै आवाजहरु उठिरहेको छ, शान्ति सम्झौता पछि समाजमा फर्केर तल्नो स्तर बाट आफ्नो फेरि सुरुवात गर्नु परेको र । केही महिलाहरु हिंसाको शिकार भएको उनिहरु बताउछन् । केहीले परिवार लाई नसोधी भागेर गएका थिए पछि परिवारबाट पनि आपहेलित भएको देख्दा पार्टीले के गरेको होला किन हामिलाइ घर न घाटको बनाए होला जस्तो लाग्छ भन्दै उत्तरदाताहरुले सुनाए ।

उत्तरदाताहरु बताउछन मानसिक स्वास्थ्य र आघातसँग सम्बन्धित समस्याहरू पनि थिए । धेरै पूर्व लडाकुहरूले फ्ल्यासब्याक, दुःख स्वप्न, र अन्य मनोवैज्ञानिक समस्याहरूबाट पीडित थिए जुन युद्धको परिणाम थियो । कतिपयले द्वन्द्वमा साथीहरू र परिवारका सदस्यहरू गुमाएका थिए, र यी हानिहरूले उनीहरूको मानसिक स्वास्थ्यमा असर पारको कुरा बताए ।

३६ वर्षीय शेर्पालि थरकि उत्तरदाता बताउछिन

> *शान्ति सम्झौता पछि समाजमा आउँदा केहि समय त धेरै गार्हो भयो पार्टी सङ्गठन भित्र रहेका, मान्दै आएका मूल्य मान्यताहरु फरक खालका थिए पछि समाजमा आउदा घर परिवार, इष्टमित्र, सबै जिम्मावरी आफूमा आइलाग्यो । हामी सङ्गठन भित्र हुँदा पाइन्ट टिसर्ट लगाउथिम, कपाल काटेका थियौं समाजमा आउँदा हामी लाई गिल्ला गर्दथे के गरेको छोरी भएर, छोरीको संस्कार बिर्सिनु हुन्न भन्ने जस्तो कुराहरु सुनियो । जे कुराहरू परीवर्तन गर्नको लागि गएका थियौ त्यो सबै कुरा समाजमा यथावत नै रहेछ भने लाग्यो ।*

उत्तरदाताहरु बताउछन महिला पूर्व लडाकुहरूले द्वन्द्वको समयमा र पछि विभिन्न चुनौतीहरूको सामना गर्नुपरेको थियो । तिनीहरूमध्ये धेरैले आफ्नो परिवार र समुदाय छोड्नुपऱ्यो, जसले गर्दा प्रायःतनावपूर्ण सम्बन्ध र सामाजिक अलगावमा परिणत भएको कुरा सुनाए । उत्तरदाता सिमा बताउछिन उनीहरूले शारीरिक कठिनाइहरू र लडाईको स्थितिमा रहेको जोखिमको पनि सामना गरको र महिला पूर्व लडाकुहरूले सामना गर्ने मुख्य चुनौतीहरू मध्ये एउटा युद्ध प्रयासमा उनीहरूको योगदानको लागि समर्थन र मान्यताको अभाव रहनुको साथै द्वन्द्वमा महत्वपूर्ण भूमिका खेल्दा पनि यीमध्ये धेरै महिलाहरूलाई सीमान्तकृत गरियो र औपचारिक शान्ति वार्ता र युद्धपछिको पुनर्निर्माण प्रयासहरूबाट

वञ्चित गरियो । यो मान्यता र समर्थनको कमीले प्राय:महिला पूर्व लडाकुहरूलाई नागरिक जीवनमा पुन:एकीकरण गर्न र अर्थपूर्ण रोजगार खोज्न संघर्ष गनुपरेको उनले सुनाइन ।

४२वर्षीय चानरा थरकि उत्तरदाता बताउछिन

*दोहोरी भिडन्त हुने क्रममा म आफ्नो ज्यान बचाउन भाग्दै थिए भीड बाट लडेर पाठेघर नै खस्न पुग्यो जस्ले गर्दा अहिले सम्म दु:ख पाएकी छु । देशको लागि अधिकारको लागि लडियो अहिले पछुतो मात्र लाग्छ जो माथि गयो त्यसले हामीलाई कहिल्यै फर्केर हेरेनन् ।*

उत्तरदाताहरु बताउछन् शान्ति सम्झौता पछि आफूहरुले तीव्र रूपमा मानसिक, शारीरिक चोटको अनुभव गर्नुको साथै आफूहरुले युद्धको दु:ख, पीडा, दुर्घटना र विभिन्न प्रकारका संघर्षहरूलाई सहँदै गर्दा मानसिक समस्या समेत रहेको बताएका छन् । युद्धको विसम परिस्थिति भय र पराजयको सङ्कटले महिलाहरूको मानसिक समृद्धिलाई प्रभावित गरेको बताएका छन् । उनीहरु बताउँछन् जनयुद्धमा हुँदा आफूहरुलाई शिक्षा, स्वास्थ्य, प्रशिक्षणको कमीले आफ्नो स्वास्थ्यमा बिभिन्न समस्याहरु आएर कति महिलाहरु आमा बन्ने बाट वञ्चित रहेको कुरा सुनाए । लडाईको क्रममा कति महिला लडाकुहरु घाइते भएकाले अहिलेको जीवन गार्हो भएको कुरा सुनाए ।

३८ वर्षीय शाही थरकि उत्तरदाता बताउछिन

*शान्ति प्रकृया भएर समाजमा आएपछि मैले आफ्नो पढाई लाई अगाडी बढाउने सोच गरे किनकी गाउँ घरमा भएका सबै साथीहरुले पढेका थिए, अगाडि बढी सकेका थिए । समाज धेरै अगाडि बढी सकेको थियो त्यसैले पनि मैले आफ्नो पढाई अगाडि बढाउने निर्णय गर्या तर म सफल हुन सकिन किनकि समाज त्यति बेला सम्म लडाकुमहिलाहरू सहर्ष स्वीकार गर्न सक्ने भै सकेको थिएन र मैले पनि त्यो बाँध पनि तोडन सकिन । अहिले पछुतो मात्र लाग्छ पढने बेलामा युद्धमा लागीयो । त्यसैले अहिले यति दु:ख भोग्नु परेको छ ।*

महिला पूर्व लडाकुहरूले उनीहरूको समुदाय र समग्र समाजबाट सामाजिक कलंक र भेदभावको सामना गर्दै आएको कुरा पूर्व लडाकु महिलाहरूले सुनाएका छन् । धेरैले उत्पीडन र हिंसाको सामना गरे भने प्रायले आफ्नै परिवारबाट, युद्धमा उनीहरूको

सहभागिताको लागि अलि फरक खाले व्यवहार पाए यसले तिनीहरूलाई सम्बन्ध पुनर्निर्माण गर्न र सामुदायिक गतिविधिहरूमा संलग्न हुन गाह्रो बनाएको अनुभव उत्तरदाताहरु सुनाउछन ।

उत्तरदाताहरु बताउछन यी चुनौतिहरूको बावजुद, धेरै महिला पूर्व-लडाकूहरूले आफ्नो जीवन र समुदायको पुनर्निर्माणमा उल्लेखनीय लचिलोपन र दृढ संकल्प देखाएका छन । केहीले महिला भूतपूर्व लडाकुहरूको अधिकार र हितलाई प्रवर्धन गर्न समर्थन नेटवर्क र वकालत समूहहरू गठन गरेका छन् भने अरूले आफ्नो समुदायमा नेतृत्वको भूमिका निर्वाह गरेको कुरा सुनाए ।

३८ वर्षीय शाही थरकि उत्तरदाता आफूले भोगेको जीवन भोगाइ यसरी सुनाउछिन

> *जम्मा १५ वर्षकी थिएँ । माओबादि साथिहरु गाँउघरमा आउनी गीत गाउने, नाच्ने गर्नुहुन्थयो, आफूलाई पनि रहर लाग्यो, घरमा म पनि जनयुद्धमा जान्छु भन्दा नजा मार्छन् भन्दै रुनुभयो तर म भागेर साथीहरु संग गए । घरमा बाउ आमा लाई धेरै खिसी उडायछन, छोरी माओवादी गई काम छैन् अब भन्दै के के सुनयछन । केही नसुनी गइयो पढन पनि मन् लागेन । उतै लड़ाई गरियो पछि शान्ति प्रकृया सँग सँगै फर्केर आउदा बिहा भै सक्या थियो साथमा ३ वटी छोरीहरु पनि थिए श्रीमान को अकालमै मृत्यु भयो अहिले मलाई जीवन बिताउन सारै गर्हो भएको छ । ज्याला मजदुरीको काम गर्दै छोरीहरु लाई हुर्काउँदै छू ।*

सार्कि थर गरेकि उत्तरदाता भन्नुहुन्छ माओवादी युद्ध पछि महिला भूतपूर्व लडाकुहरूको अनुभवले द्वन्द्वको स्थितिमा महिलाको योगदानलाई मान्यता र समर्थन गर्ने महत्वपूर्ण र लैङ्गिक समानता र शान्ति प्रक्रिया र युद्धपछिको समावेशी प्रवर्धनका लागि थप प्रयासहरूको आवश्यकता देखाउँछ कुरा बताउनुहुन्छ । माओवादी आन्दोलनको समयमा महिलाहरूले आन्दोलनमा लडाकु, नेता र आयोजकको रूपमा महत्वपूर्ण भूमिका खेलेका थिए । शान्ति सम्झौतापछि, यी महिला पूर्व लडाकुहरूमध्ये धेरैले समाजमा पुन:एकीकरण गर्न चुनौतीहरूको सामना गर्नुपरेको थियो । यद्यपि, उनीहरूको पुन:एकीकरण प्रक्रियालाई समर्थन गर्न सकारात्मक प्रतिक्रिया र प्रयासहरू भएको भन्दै उहाले देखेको एउटा उदाहरण काठमाडौंमा " महिला पुनर्वास केन्द्र" को स्थापना हो, जसले महिला पूर्व लडाकुहरूलाई

व्यावसायिक तालिम, परामर्श र अन्य सहयोग सेवाहरू प्रदान गर्दछ । यस केन्द्रले महिलाहरूलाई नयाँ सीपहरू प्राप्त गर्न र रोजगारीका अवसरहरू खोज्न मद्दत गरेको छ, जसले उनीहरूको आत्मसम्मान र आर्थिक स्वतन्त्रता बढाएको कुरा बताउनु भएको छ । यसको बावजुत पनि महिला लडाकहरुलाइ समाजमा धेरै चुनौतीहरू रहेको उहाले बताउनु भयो ।

उत्तरदाता रमिला बताउछिन् उम्तिर स्वाञ्चरी ले खुबै उपती लगायौं, खुबै लड्न गएकी थियौ त क्या पायौ क्या दियो पार्टीले (स्थानिय भाषा) भन्दै पुरुषहरुले होच्याउने, गिज्जाउनी जस्तो काम गर्छन । अरु लाई भन्दा हामीलाई हेर्ने नजर एकदम फरक हुन्छ अलि हेप्छन् भन्दै गुनासो पोखिन ।

उत्तरदाताहरु बताउछन् सरकारले महिला पूर्व लडाकुहरूको पुनःएकीकरणलाई सहज बनाउन विभिन्न नीति र कार्यक्रमहरू कार्यान्वयन गरेको छ, जसमा शिक्षा, स्वास्थ्य सेवा र आवासको प्रावधानहरू छन । यी प्रयासरूले महिलाहरूलाई उनीहरूको सामाजिक स्थिति पुनःप्राप्त गर्न र माओवादी आन्दोलनमा उनीहरूको विगतमा संलग्नतासँग सम्बन्धित कलंक हटाउन मद्दत गरेता पनि उनिहरु जुन उदेश्य लगेर आन्दोलनमा गएका थिए त्यो पुरा हुन नसकेको भन्दै गुनासो सुनाए । पूर्व लडाकूमहिलाहरूले अझै पनि निरन्तर चुनौतीहरू सामना गरिरहेका छन र नेपाली समाजमा स्थान पाउन संघर्ष जारिरहेको कुरा उनिहरु बताउछन् ।

महिला पूर्व लडाकुहरूमध्ये धेरैले समाजमा सामाजिक र आर्थिक एकीकरणको साथ संघर्ष गरीरहेका छन । उनीहरूले आफ्नो जीवनको अधिकांश समय छापामार सेनामा बिताएका हुनाले उनीहरूसँग आन्दोलन बाहिर सीमित सीप, ज्ञान र अनुभव मात्र थियो । फलस्वरूप, उनीहरूलाई रोजगारी पाउन र जीविकोपार्जन गर्न गाह्रो भयो । उनिहरूले समुदायको बाँकी भागबाट सामाजिक कलंक र भेदभावको सामना गरीरहेका छन । उनीहरूलाई धेरैले खतरनाक र हिंसात्मक रूपमा देखेका थिए र द्वन्द्वमा उनीहरूको विगतको संलग्नताले उनीहरूलाई स्वीकार गर्न र विश्वास गर्न गाह्रो बनायो । कतिपयले राजनीतिक विपक्षी र अन्य समूहहरूबाट धम्की र उत्पीडनको सामना पनि गरेको कुरा उनिहरु ले बताए ।

## ५.५. परिवर्तन भएका लैंगिक सवालहरुले पाएको वा नपाएको निरन्तरता

उत्तरदाताहरु बताउछन् जनयुद्धले गर्दा लैङ्गिक सम्बन्धमा भएका परिवर्तनहरू शान्ति सम्झौतापछि केही हदसम्म जारी रहेता पनि यी परिवर्तनहरूको परिमाण र दिगोपन बहसको विषय बनेको कुरा उनिहरु सुनाउछन् । दशक लामो जनयुद्धमा महिलाहरूले लडाकु, नेता र कार्यकर्ताको रूपमा महत्वपूर्ण भूमिका खेलेको र द्वन्द्वले महिलाहरूलाई परम्परागत लैङ्गिक भूमिकालाई चुनौती दिने र राजनीतिक र सामाजिक गतिविधिहरूमा संलग्न हुने अवसरहरू सिर्जना गरेको उनिहरु बताउछन त्यस्तै उनिहरु के दाबि गर्दछन भने नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले लैङ्गिक समानतालाई आफ्नो प्रमुख वैचारिक सिद्धान्तको रूपमा जोड दियको जसले गर्दा महिलाहरूलाई विभिन्न निर्णय गर्ने निकायहरूमा समावेश गरेको बताउछन ।

३८ वर्षीय परियार थरकि उत्तरदाता आफूले भोगेका अनुभवहरु वताउछिन

> *कहाँ पहिला जस्तो हुनु । जनयुद्धको बेला त संगठन भित्र महिला पुरुषले गर्ने काम फरक थिएन । भान्सामा मीलेर काम गर्थिम । पुरुषले गर्ने काम पनि मीलेर गर्थीम । कहिलै महसूस भएन म महिला भएको कारणले यो गर्नु पर्छ त्यो गर्नु हुँदैन भन्ने तर अहिले घरमा कहाँ त्यस्तो हुनु सबै आफ्नो जिम्मावरि हुन्छ । महिला पुरुष वरावरी हुन भन्ने कुराहरु त्यो जनयुद्ध सम्म मात्र रह्यो शान्ति प्रकृया सँग सँगै हामी समाजमा फर्किए पछि त्यो सबै हराएर गयो । देशमा धेरै आमूल परिवर्तनहरु भयो तर परिवारमा खासै भएन समाज जुन पितृसतात्मक थियो त्यो कायम नै रही रहृयो । महिलाहरु उपयोगमा आए तर व्यवहारमा आउन सकेनन्, भएका परिवर्तनहरु पनि जनयुद्ध सँग सँगै सकिए । दिर्घकालिन हुन सकेनन् ती संरचनाहरु तहस नहस भए ।*

उत्तरदाता नैना बताउनुहुन्छ शान्ति सम्झौतामा हस्ताक्षर गरेपछिको शान्ति प्रक्रियाले सुरुमा लैङ्गिक समानताको विकासको लागि प्रतिबद्धता देखीयो । सन् २००७ मा पारित भएको नेपालको अन्तरिम संविधानले संविधानसभा र अन्य निर्वाचित निकायमा सिट आरक्षणसहित महिलाका लागि राजनीतिक र सामाजिक अधिकारको व्यवस्था गरेको थियो । महिला अधिकारको संरक्षण र प्रवधन गर्न राष्ट्रिय महिला आयोगको स्थापना भएको हो तर, यी सकारात्मक कदमहरूको बाबजुद पनि महिला सशक्तिकरण र लैङ्गिक समानताको प्रगति

असमान रहेको छ । सामाजिक मान्यता, सांस्कृतिक अभ्यास र राजनीतिक कारणले कानून र नीतिहरूको कार्यान्वयन चुनौतीपूर्ण छ । महिलाहरूले शिक्षा, रोजगारी, स्वास्थ्य सेवामा पहुँच र नेतृत्व पदहरूमा प्रतिनिधित्वलगायत धेरै क्षेत्रमा भेदभाव र असमानताको सामना गरिरहेको उहाले बताउनु भयो ।

३९ वर्षीया खत्री थरकि थरकि उत्तरदाता बताउछिन

*जनयुद्धकै क्रममा जनवादी विवाह भयो । हामी दुवैजना पी.एल.ए. थियौँ । त्यहाँ हुँदा सम्म त काममा कहिल्यै केही भएन सबै काम मीलेर गथिउ भान्साको काम, भाँडा माझ्ने काम, तालीम, देखि सबै काम मीलेर गर्यौं । त्यो देख्दा समाज अब परीवर्तन हुन्छ जस्तो लाग्थो तर शान्ति प्रकृया संग सँगै समाजमा आएपछि मेरो श्रीमान् ले भान्छाको कम गर्दा मलाई सघाउँदा समाजमा कुरा काट्ने, आइमाईको काम गर्छ जस्ता शब्द भन्ने जोईटीग्रिय जस्ता शब्दको प्रयोग हुन थाल्यो । त्यो हुनाले उहाँले नी गर्न छोड्नु भयो । यो परिवर्तनहरु कहिल्यै दिर्घकालिन हुन सकेन ।*

महिलाहरु सँग गरेको अन्तरवार्तामा अधिकांश महिलाहरुले जनयुद्धले लैङ्गिक परिवर्तनमा ठूलो भूमिका खेलेको तर परीवर्तनहरु दिर्घकालिन नभएको बताएका छन् । द्वन्द्वपछिको नेपालमा लैङ्गिक समानताका लागि कानुनी र राजनीतिक उपायहरूका सन्दर्भमा उल्लेखनीय उपलब्धिहरू भए तापनि लैङ्गिक सम्बन्धमा दिगोपन र गहिरो जरा भएका परिवर्तनहरू निरन्तर चुनौतीहरू छन । देशमा दिगो लैङ्गिक समानता हासिल गर्न लैङ्गिक असमानतालाई सम्बोधन गर्न र सामाजिक दृष्टिकोण र अभ्यासहरू परिवर्तन गर्न निरन्तर प्रयासहरू आवश्यक छ ।

### ५.६. महिलाहरूले भोगेका समस्या र चुनौतीहरु

जनयुद्धमा पूर्व लडाकु महिलाहरूले विभिन्न समस्याहरू र चुनौतीहरू भोगेको कुरा उतरदाताहरु  सुनाउछन । उनिहरु बताउछन महिला र बालिकाहरूका अपराधिक शोषणका मामिलाहरू, यौन शोषण र उत्पीडन, अन्यायपूर्ण व्यक्तिगत अनुभवहरू, पक्षपात, मानव अधिकार उल्लघंन, सुरक्षा र निरंकुशता, विकास र आर्थिक स्थिति एवं अन्य सामाजिक औपचारिकता, आर्थिक राजनीतिक र मानसिक सहभागितामा पीडा, पारिवारिक र सामाजिक आक्रामकता, शिक्षा र दक्षतामा कमी, कामको सक्षमतामा आभाव, धन र आपूर्तिको पहुँच

नहुनु लगायत विभिन्न समस्याहरू भोगेको अनुभबउनिहरु ले सुनाए । महिलाहरु कथित रुपमा गैरकानुनी हत्याका पीडित थिए भने तिनीहरूले यौन हिंशा, बलात्कार जस्ता थप खतरहरुको सामना गर्नुपरेको उनिहरु बताउछन् ।

३६ वर्षीया उतरदाताले आफ्नो व्यक्तिगत अनुभव लाई व्यक्त गर्नु भएको छ ।

> *उतरदाता (नाम गोप्य) ले आफुले प्रतक्ष भोगेको घटना व्यक्त गर्नु भएको छ । आफू स्कूल बाट घर आउनी क्रममा बाटोमा भेटिएका शाही नेपाली सेनाका मान्छेहरुले आफूलाई बलात्कार गरेको उहाँले रुँदै मलाइ  सुनाउनु भएको छ ।*

यो त एउटा प्रतिनिधि गर्ने घटना मात्र हो त्यो समयमा महिलाहरु लाई सबैभन्दा डर भनेको बलात्कार को थियो । यस्ता घटनामध्ये अधिकांश घटना पीडितको आवासक्षेत्रको छेउछाउमा भएको कुरा उनिहरुले बताए । सुरक्षा कर्मचारीको कुनै समूह राति पीडितको घरमा गई पीडितलाई घरबाट गोठ जस्तो एकान्त ठाउँमा लगेर बलात्कार वा सामूहिक बलात्कार गर्दथ्य । अन्ततः उनीहरूलाई गोली हानेर मारिन्थ्यो । सामान्यतः यौन हिंसाबारे यस्तै घटना भएको उतरदाताहरु ले सुनाए ।

सामाजिक तथा साँस्कृतिक वर्जनाहरूका कारण लाजले वा आरोप लगाइएला भन्ने डरले गर्दा पीडितहरू आफ्ना व्यथाहरू बाँड्न हिच्किचाएको उनिहरुबताउ छन । अरूको साथ नपाउनाले र द्वन्द्वकालमा संरक्षण तथा न्यायिक उपचार संयन्त्रहरूको अभावका साथै पीडकहरूबारे उजुरी गरेमा बदला लिइने वा थप पीडित भइने डरले पनि यो स्थिति झन खराब भयो र धेरै घटना भौगोलिक रूपमा दुर्गम ठाउँहरूमा भएको उनिहरु ले बताए त्यसबाहेक, द्वन्द्वकालीन समयमा पीडकहरूका बारेमा उजुरी गरेमा बदला लिइने वा थप पीडित भइने डर व्यापक रहेको थियो भन्दै उत्तरदाताहरु ले सुनाए ।

उत्तरदाताहरु बताउँछन जनयुदको वातावरणमा लामो समयसम्म बस्नुपर्दा महिलाहरूले मानसिक तथा मनोरोगी समस्याहरू भोग्दै आएको कारणले उनीहरूलाई डिप्रेसन, तनाव, चिन्ता, जस्ता मानिसिक समस्याहरू भएको उनीहरु बताउँछन् । त्यस्तै उनीहरू के पनि दाबी गर्दछन् भने जनयुद्धको समयमा, महिलाहरूले खानपिनमा ध्यान दिन गार्हो भएको ले उनीहरूलाई पोषणको अभाव हुन गई पुर्ब लडाकु महिलाहरुले स्वस्थमा समस्याहरू भोगेको उत्तरदाताहरु बताउछन् ।

## ५.७. माओवादी पार्टी प्रति वितृष्णा आउनु

उत्तरदाताहरु बताउछन् शान्ति सम्झौतापछि माओवादी सरकारमा आयो । सरकारमा आफ्नो पार्टी पुग्दा, अब दुःखका दिनहरू गयो, हाम्रो सम्मानका साथ राज्यले व्यवस्थापन गरिदिन्छ, हाम्रो मेहनत, त्याग, बलिदान खेर नजाने भो भनेर खुसि भएका थिए तर त्यो केही महिना नवित्दै चकनाचुर भयो ।

३९ वर्षीया बटाला थरकि उत्तरदाता बताउछिन

> *समाजमा सबैले ताना मार्दछन खुबै जनयुद्ध लडेको हैनस के दियो तेरो पाटीले भनेर धेरैले मजाक उडाउँछन, सुनाउँछन, महिला भएर धेरै उफ्रेको राम्रो हुँदैन भन्ने बुझियो होला, जस्ता कुरा सुनाउँदा किन बेकारमा जनयुद्धमा गए जस्तो लाग्छ ।*

पार्टीका नेताहरूले चिन्न छोडे । हिजो देख्दा गर्वले छाति फुन्छ भन्ने नेता आज ठोकिन खोज्दा पनि नचिने जस्तो गर्दा मन भाचिएको र हिजो बुर्जुवा शिक्षा काम छैन रोजगारको व्यवस्था मिलाउछु भन्नेहरू आफै सामन्ती बने । हामी सामान्ती विरुद्ध लडेको मान्छे हौ, हामीलाइ तिनीहरूको सेवा सुबिधा केहि चाहिदैन भन्नेहरूले उपेक्षा गरे । तिनीहरूको कार्यदलमा टिपोट भएन ।

## ५.८.लैङ्गिक सम्बन्धमा जनयुद्धले ल्याएको दिगोपना

उत्तरदाताहरु बताउछिन् मानिसहरूका बीचमा लिङ्ग, जातीय उद्‌गम, रङ, राजनीतिक आस्था वा धार्मिक झुकाव वा यौनिक झुकाव जस्ता कुनै पनि आधारमा विभेद गर्न नपाइने कुरालाई आधारभूत मानव अधिकारको रूपमा स्वीकार गरिसकेको र महिला पुरुष दुवैलाई राज्यद्वारा प्रदत्त हक अधिकार उपभोग गर्ने र समान रूपमा कानुनी संरक्षण प्राप्त हुने व्यवस्था नेपालको संविधान मा रहेको कूरा बताए ।

उत्तरदाताहरु बताउँछन् की संविधान, नीतिनियम, ऐन कानुन, स्थानीय निकाय विभिन्न ठाउँ मा आफ्नो स्थान सुनिश्चित गर्यौ । हामीले आफ्नो लागी लडेको लडाईको सकारात्मक पक्ष भनेको हरेक स्तर, ठाउँमा ३३% हक अधिकार पाएका छौ भन्दै सुनाए ।

आफूले जनयुद्ध लडेर परिवर्तन गरेको व्यवस्थामा आफू उपमेयर भएर देश, समाज, नगर र गाउँको प्रतिनिधित्व गर्न पाउदा को कुरा ३९ वषिया कामी थरकी उत्तरदाता ले बताइन् ।

उनीहरू बताउँछ संवैधानिक रूपमा नै सकारात्मक विभेदको माध्यमबाट सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक प्रदान गरिएकाले राज्यका सबै निकायमा महिलाको प्रतिनिधित्व बढेको कुरा सुनाए ।

## अध्याय : छ

## सारांश र निष्कर्ष

### ६.१ सारांश

बि.स. २०५२ साल फाल्गुन १ गते देखि बि.स. २०६३ साल मङ्सिर ५ सम्म जनयुद्ध चलेको थियो । यो जनयुद्द एक दशक चलेको थियो । सर्वहारा वर्गको अधिनायकत्व अर्न्तगत निरन्तर क्रान्तिको सिद्धान्तका आधारमा सांस्कृतिक क्रान्तिको माध्यमले लगतै समाजवादतर्फ लम्किनु र समस्त मानव जातिको सुनौलो भविष्य अर्थात साम्यवादी समाजतर्फ अघि बढ्नु मूल उद्देश्य रहेको थियो । राजतन्त्रको अन्त्य गरी गणतन्त्र स्थापना, राज्यसत्ता कब्जा गरेर "नौलो जनवाद" को स्थापना गर्नु हो । सम्भ्रान्त वर्ग र सर्वहारा वर्ग विचको असमानता हटाउने, उत्पीडन, पिछडीएको वर्गको हातमा पहुँच र राजनीतिक शक्ति हस्तान्तरण गर्ने, जात-जनजाती, लिङ्ग, धर्म, क्षेत्र, पेशा र विपन्नताको आधारमा पछाडी पारिएको वर्गहरूको मुक्तिको लागि, संघीय लोकतान्त्रिक गणतन्त्र राज्य प्रणाली निर्माण गर्दै वैज्ञानिक साम्यवाद तर्फ उन्मुख हुने जस्ता उदेश्यहरु रहेका थियो । यसलाई "नेपाल संघर्षको नवयुग" पनि बनाउन थालिएको थियो ।

महिलाहरु आफ्नो मुक्तिको लागी जनयुद्धमा सहभागी भए तापनि अहिले उनीहरूको अबस्था जटिल रहेको देखिन्छ । उनीहरू कतिपय ठाउँमा तिरस्कृत, अपहेलनाको साथै गाउँबाट बहिस्करणमा परेको कुराहरू सुनिन्छ । यस अध्ययनमा जनयुद्धले लैङ्गिक भुमिका र मुल्य मान्यतामा कस्तो परिवर्तन ल्यायो ? शान्ति सम्झौता सँगसँगै ती परिवर्तनहरु कत्तिको दीर्घकालीन र निरन्तरतामा आए भन्ने कुरा बुझ्नलाई यो अध्ययन गरिएको हो । यो अध्ययन मैले नितान्त माओवादी पक्षका पूर्व लडाकु महिलाहरुको अध्ययन गरेकी छु । यस अध्ययनको लागी २५ जना पुर्ब लडाकु महिलाहरु लाई अनुसन्धान गर्न उत्तरदाताको रूपमा लिएकी छू । यसमा मैले गुणात्मक विधिको प्रयोगले आठविसकोट नगरपालिकाको पूर्वलडाकु महिलाहरु को अन्तरवार्ताको माध्यमबाट अनुसन्धान अगाडि बढाएकी छू । उनीहरु जनयुद्ध पश्चातको जीवन कसरी ब्यतित गर्दैछन । उनीहरूको अबस्था कस्तो रहेको छ आफ्नो मुक्तिको लागि जनयुद्धमा सामेल भएका उनीहरू यो पृतिसत्तात्मक समाजमा के त्यो कायम रह्यो त भन्ने जस्ता कुराहरु बुझ्नको लागि यो अध्यन गरिएको हो ।

यस अनुसन्धानमा अध्ययन गर्दा उत्तरदाताहरुको अनुसार माओवादी जनयुद्धमा सामेल हुनुको बिभिन्न कारण देखाएका छन् । ती मध्य पनि महिलाहरु माओवादीमा सहभागी हुनुको मुख्य कारणहरु लैङ्गिक असमानता, राजनितिक सशक्तिकरण, सामाजीक उत्पीडनहरु रहेका छन् । लैङ्गिक विभेदको रूपमा महिलाहरुलाई चार भित्तामा सीमितता, महिला अधिकार हनन, कहिल्यै विधवाको नाममा, कहिल्यै बोक्सिको नाममा, कहिले छाउपडिको नाममा महिलाहरु उत्पीडनमा परेका छन् । आफू महिला भएकै कारणले समाजमा दोहोरो मारमा परेको हुनाले त्यसको अन्त्यको निमित दलित, जनजाति महिलाहरु उल्लेखनीय रुपमा प्रवेश गरेका थिए । विशेषगरि महिला दलित, उत्पीडन र सिमान्तकृत समुदाएको उत्थानको लागि लडीएको लडाईमा तिनै वर्गको सुनुवाई भएको छैन । राजनीतिक पहुच र सम्भ्रान्त वर्गको प्रभुत्व रहेको देखिन्छ अझ युद्मा लडेका योद्दाहरूको पुनःस्थापानामा समस्या देखिएको छ ।

उत्तरदाताहरुको अनुसार महिलाहरू माओवादी आन्दोलनमा सहभागीहुनु मध्येको मूख्य कारण लैङ्गिक सम्बन्धमा आएको परिवर्तन एउटा मुख्य कारण रहेको थियो । जनयुद्धले समाजमा बौद्धिक जागरण गराएको र जातीय असमानता परिस्थितिलाई उजागर गर्नुका साथै लैङ्गिक सम्बन्धमा पनि बद्लाव गरयो र माओवादी आन्दोलनले महिलाहरूको भूमिका महत्वपूर्ण बनाएको र यसको परिणामस्वरूप कति महिलाहरूले सार्वजनिक जीवनमा प्रमुख भूमिकामा पनि पाएको कुरा गर्दछन् । यसैगरी, लैङ्गिक सम्बन्धमा पनि परिवर्तन आएको र जसले महिलाहरूको समाजमा समानता र अधिकारको सुनिश्चितता बढाएको थियो ।

घरायसी कामबाट मुक्ति प्राप्त गर्नका लागि माओवादी आन्दोलनले विभिन्न कार्यक्रमहरू चलाएको थियो । महिलाहरूलाई कृषि, उद्योग, व्यापार, व्यवसाय र अन्य क्षेत्रको अवसरहरूमा समावेशी भूमिका खेलेका थिए । माओवादी आन्दोलनले गर्दा महिलाहरूले घरायसी कामबाट छुटकारा प्राप्त गरेका थिए । यो आन्दोलनले सामाजिक परिवर्तनको लक्ष्यबाट उत्पन्न भएको थियो । माओवादी आन्दोलनले सशक्तीकरण, सामाजिक न्याय, बराबरी र जनवादका मूल्यहरूलाई प्रतिष्ठान दिएको थियो ।

सुरुवाति चरणमा पीएलएमा थोरै मात्र महिलाहरू रहेको र महिला सहभागिताका लागि प्रत्येक डिफेन्स स्क्वाडमा कम्तीमा दुई जना महिला अनिवार्य गर्ने निर्णय रहनुको साथै यो साहसी निर्णयले पीएलएमा ठूलो संख्यामा महिलाहरूको सहभागितालाई पनि निम्त्याएको

थियो । पीएलएमा महिलाहरू संलग्न भएकाले उनीहरूलाई समूहको नेतृत्व गर्ने र नेतृत्वको क्षमता विकास गर्नुभन्दा फरक जिम्मेवारी दिइएको थियो ।

महिलाहरू केही गर्न सक्दैनन् भन्ने मानसिकता बोकेको सामाजमा महिलाहरूले बन्दुक बोकेर जनयुद्ध लडेर देखाएका थिए । अवसर नदिएर महिलाहरू कमजोर हुन्छन् भन्ने सोच थियो तर माओवादी आन्दोलनले त्यो कुराहरू परिवर्तन गरिदियो । अहिले महिलाहरू आफ्नो आवाज उठाउन सक्छन कसैसँग दबेर बस्दैनन । माओवादी आन्दोलनले तल्लो तहमा महिलाहरूलाई सशक्तीकरण गर्ने, परिचालन गर्ने, सामजिक समस्याहरू र महिलाहरूले उनीहरूको दैनिक जीवनमा सामना गर्ने, अन्यायहरू बारे चेतना जगाउने काम गरेको थियो ।

माओवादी आन्दोलनहरूले महिलाहरूलाई पितृसत्ता र उत्पिडित विरुद्धको सङ्घर्षमा समर्थन र ऐक्यवद्धता खोज्न, एक अर्का सँग जोडिन र सञ्जाल बनाउन अवसर प्रदान गरेको थियो । माओवादी आन्दोलनको क्रममा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले महिला सशक्तीकरणको महत्वलाई बुझ्रेर उनीहरूलाई सञ्जालका अवसरहरू उपलब्ध गराएको थियो । महिलाहरूलाई आफ्ना अनुभवहरू साझा गर्न, साझा चुनौतीहरू छलफल गर्न र सामूहिक कार्यको लागि रणनीति बनाउन नेटवर्किंगको अवसरहरू प्रदान गरेको थियो । अखिल नेपाल महिला संघ क्रान्तिकारी मार्फत महिलाहरूले समान विचारधारा भएका व्यक्तहरूसँग जोडिन, गठनबन्धन निर्माण गर्न र सहयोगी सञ्जालहरू बनाउन सक्षम भए यी सञ्जालहरूले विचार, स्रोत र सीपको आदानप्रदानलाई सहज बनाउने, जसले महिलाहरूलाई बल प्राप्तगर्न र परिर्वतनको लागि परिचालन गर्न सक्षम बनायो । यो आन्दोलनले महिलाहरूलाई समाजिक, राजनीतिक र आर्थिक अवस्था र विषयमा जागरुक गराएको थियो त्यसैको फलस्वरूप महिलाहरूले समाजिक राजनीतिक बिषयहरूमा आफ्नो मत र अवधारणा ल्याउन सकेका थिए । यसले महिलाहरूलाई उन्नती र व्यक्तिगत आवश्यकताहरूको बारेमा ध्यान दिन धेरै महत्वपूर्ण भुमिका खेल्नुको साथै यसले महिलाहरूलाई प्रशासनिक पदमा र न्यायिक तथा राजनीतिक संगठनमा पनि अधिक संख्यामा पहुँच गर्न धेरै महत्वपूर्ण भुमिका खेलेको थियो ।

माओवादी आन्दोलनहरूले महिलाहरुलाइ जीवनमा आइपर्ने जस्तो सुकै समस्या सँग पनि सँगर्ष गरेर जीबन चलाउन सक्ने बनाएको छ । महिलाहरु लाई नेतृत्वमा पुग्न जनयुद्धले ठूलो भूमिका खेलेको छ । त्यतिबेला शाही नेपाली सेनाले महिला लाई सेनामा भर्ती नगर्दा

माओवादीमा महिलाको सहभागीता बाक्लो देखिनुले महिलाहरु घरेलु काममा, चुलो चौकोमा मात्र आबद्ध नरहेर उनीहरू समाजमा आफ्नो अस्तित्व चाहन्थे भन्ने बुझिन्छ । युद्धले गर्दा पुरुषले घर छोडेर जानु पर्दा पुरुषहरुको अनुपस्थितिमा घरको सबै जिम्मेवारी महिलाले उठाउँदा उनीहरू घरको प्रमुख बन्ने लगायत घर भित्र र वाहिर दुवै काममा आफू अब्बल रहेका थिए । जनयुद्धले परम्परागत लैङ्गिक मान्यतामा महत्वपूर्ण परिवर्तन ल्याएको थियो । युद्धले सामाजिक मान्यताहरू र परम्परागत लिङ्ग भूमिकाहरूलाई बाधा पुऱ्यायो किनभने धेरै पुरुषहरू यात घाइते भए वा महिलाहरूलाई परम्परागत रूपमा पुरुषहरूलाई दिइएको नयाँ जिम्मेवारी र भूमिकाहरू लिन छोडेर विस्थापित गरियो । यसले महिलाहरूलाई हेर्ने दृष्टकोणमा परिवर्तन आएको थियो ।

पितृसत्तात्मक समाजमा नारीलाई उत्पादनको साधनको रूपमा मात्र लिइन्छ भने समाजको सबै पक्ष पुरुषहरुको कब्जामा रहेको हुन्छ । समाजमा महिलाहरुको अवस्था वस्तु जस्तै रहेको छ । पितृसत्तात्मक व्यवस्थामा आधारित समाजले महिलालाई दोस्रो लिङ्गि, कायर, भावनात्मक र नाजुकको रूपमा वर्गीकरण गरेको छ । विभिन्न स्टिरियोटाइपलाई हटाउँदै महिलाहरूले माओवादी आन्दोलन मार्फत आवाजविहीन महिलाहरुको आवाज उठाएको, पितृसत्तात्मक सामन्ती ढाँचालाई मेटाउन महिलाहरूले सङ्घर्षका विभिन्न मोर्चाहरूमा सक्रिय भूमिका खेलेको र आफ्नो घरेलु बाधा तोड्न महिलाहरु रुढीवादी पहिचानबाट बाहिर आएर माओवादी विद्रोहमा सामेल भएका थिए । जनयुद्धले लैङ्गिक भूमिका र मूल्य मान्यतामा विभिन्न परिवर्तनहरू ल्याउनुको साथै यी परिवर्तनहरूका मध्यमबाट महिलाहरुको सामाजिक, राजनीतिक, आर्थिक र सांस्कृतिक मूल्यमा परिवर्तनगर्न समर्थ भएको थियो ।

नेपालमा चलेको माओवादी विद्रोह राजनीतिक र सामाजिक उथलपुथलको महत्वपूर्ण अवधि थियो जसले देशका लाखौं मानिसहरूलाई असर गरेको थियो । महिलाहरू विशेष गरी विद्रोहको समयमा र त्यसपछि दुवै गहिरो तरीकामा द्वन्द्वबाट प्रभावित भए नेपालमा माओवादी युद्धपछिको महिलाको राजनीतिक, सामाजिक र आर्थिक सङ्घर्षमा केन्द्रित भए । माओवादी विद्रोहको समयमा, महिलाहरूलाई यौन दुव्यवहार, अपहरण, जबरजस्ती भती गने गरेका थिय । द्वन्द्व पछि, महिलाहरूले भेदभाव, सीमान्तीकरण र हिंसा लगायतका सामाजिक बाधाहरूको सामना गरिरहेको थिए । त्यस्तै घरेलु दुर्व्यवहार र यौन हिंसाको उच्च स्तरको साथ लिङ्गमा आधारित हिंसा व्याप्त रहनुको साथै विशेष गरी ग्रामीण क्षेत्रहरूमा जहाँ शिक्षा

र अन्य सेवाहरूमा पहुँच सीमित र त्यहाका महिलाहरूले आफ्नो जीवन र परिवार पुनर्निर्माण गर्न संघर्ष गरिरहेको छन ।

माओवादी विद्रोहले नेपाली अर्थतन्त्रमा गहिरो प्रभाव पारेको थियो, जसका कारण व्यापक रूपमा पूर्वाधारको विनाश भयो र मानिसहरू आफ्नो घरबाट विस्थापित भए, विशेषगरी सीमान्तकृत समुदायका महिलाहरू द्वन्द्वपछिको आर्थिक कठिनाइबाट असमान रूपमा प्रभावित रहेको थिए । द्वन्द्वका क्रममा धेरै महिलाहरूले आफ्नो घर, सम्पत्तिको विनाश र आफ्नो परिवारको जबरजस्ती विस्थापित भएको सुनाए । आर्थिक रूपमा झनै चपेटाको शिकार बन्दै गएका थिय । घर परिवारको अर्थिक अबस्था सुधार गर्नुपर्ने अवस्थामा दशबर्षे महत्वपूर्ण समय माओवादीमा बिताएको राज्य स्वंय गृहयूद्धमा फसेको कारण आर्थीक वृद्धि को क्षेत्र पनि कमजोर देखिएको थियो ।

नेपालमा विशेष गरी द्वन्द्वपछिको राजनीतिक बहसलाई आकार दिनमा महिलाहरूले महत्वपूर्ण भूमिका खेलेको तर औपचारिक राजनीति र निर्णय प्रक्रियामा उनीहरूको सहभागितामा बाधाहरू आइरहेको छ । देशमा गृह युद्ध ले गर्दा आर्थिक संकट रहेको जस्ले गर्दा सहतापूर्वक काम पाउन गार्हो भएर आफू र आफ्ना जनयुद्धकालका थुप्रै महिला लडाकूहरु वैदेशिक रोजगारीमा जान बाध्य भएका थिए । जतिबेला नेपाली समाज चरम जनयुद्धको मारमा परेको थियो त्यति बेला डर ले हो के ले हो समाजमा केही समय जातीय विभेद सकिए जस्तै भयको थियो, तर अहिले सुक्ष्म रूपमा हेर्ने हो भने त्यो जातिय विभेद कायमनै रहेको छ ।

जनयुद्धले गर्दा लैङ्गिक सम्बन्धमा भएका परिवर्तनहरू शान्ति सम्झौतापछि केही हदसम्म जारी रहेता पनि यी परिवर्तनहरूको परिमाण र दिगोपन बहसको विषय बनेको छ । दशक लामो जनयुद्धमा महिलाहरूले लडाकु, नेता र कार्यकर्ताको रूपमा महत्वपूर्ण भूमिका खेलेको र द्वन्द्वले महिलाहरूलाई परम्परागत लैङ्गिक भूमिकालाई चुनौती दिने र राजनीतिक र सामाजिक गतिविधिहरूमा संलग्न हुने अवसरहरू सिर्जना गरेको थियो । जनयुद्धमा पूर्व लडाकु महिलाहरूले विभिन्न समस्याहरू र चुनौतीहरू भोगेको थिए । महिला र बालिकाहरूका अपराधिक शोषणका मामिलाहरू, यौन शोषण र उत्पीडन, अन्यायपूर्ण व्यक्तिगत अनुभवहरू, पक्षपात, मानव अधिकार उल्लघंन, सुरक्षा र निरंकुशता, विकास र आर्थिक स्थिति एवं अन्य सामाजिक औपचारिकता, आर्थिक राजनीतिक र मानसिक सहभागितामा पीडा, पारिवारिक र सामाजिक आक्रामकता, शिक्षा र दक्षतामा कमी, कामको

सक्षमतामा आभाव, धन र आपूर्तिको पहुँच नहुनु लगायत विभिन्न समस्याहरू भोगेको छन । महिलाहरु कथित रुपमा गैरकानुनी हत्याका पीडित थिए भने तिनीहरूले यौन हिंशा, बलात्कार जस्ता थप खतरहरुको सामना गर्नुपरेको थियो ।

## ६.२ निष्कर्ष

शान्ति सम्झौतामा हस्ताक्षर भएपछि नेपालमा माओवादी जनयुद्धले ल्याएको लैङ्गिक सम्बन्धमा आएको परिवर्तनले त्यसरी नै निरन्तरता पाउन सकेन । द्वन्द्वकालमा जनमुक्ति सेना र राजनीतिक गतिविधिमा महिलाको सहभागिता उल्लेख्य रूपमा रहेको थियो । महिलाहरूलाई समान लडाकू र क्रान्तिकारी कार्यमा योगदानकर्ताको रूपमा हेरिएको थियो, परम्परागत लैङ्गिक मान्यताहरूलाई चुनौती दिएको थियो तर शान्ति सम्झौता पछिको पुनर्निर्माण र राजनीतिक संक्रमणमा सर्यो, जसले गर्दा युद्धको समयमा प्राप्त लाभहरू प्रतिगमन भयो । राजनीतिक नेतृत्वमा महिलाको सहभागिता र दृश्यता घट्यो र निर्णय प्रक्रियामा उनीहरूको प्रतिनिधित्व घट्यो । यो आंशिक रूपमा प्रभावशाली पितृसत्तात्मक संरचनाहरूको कारण थियो जसले शान्ति प्रक्रिया पछि पुनः जोड दियो ।

उनीहरू एकातिर तथाकथित सामाजिक व्यवस्थालाई रूपान्तरण गर्न र अर्कोतर्फ समानता, र स्वतन्त्रतामा आधारित मुक्ति र नयाँ जीवन शैलीको सपना साकार पार्न विद्रोहमा सामेल भए । तर, पितृसत्तात्मक संकीर्ण विचारका कारण उनीहरु पुरानै अवधारणाको सिकार बनेका छन् । पितृसत्तात्मक समाजमा महिलाको भूमिका पुरुष प्रधान मानसिकताले निर्धारण गर्छ । नारीहरू घरपरिवारमा तथाकथित मूल्य र मान्यतामा थुनिएका छन् ।

महिलाहरु जुन हिसाबले संरचना बिरुद्ध लडेका थिए । जनयुद्द पछि महिला पुर्व लडाकूहरु दोहोरो सीमान्तिकरणमा परेका छन् । माओवादीमा प्रवेस गर्नुका कारण हेर्यो भने अधिकाश गरिवी, जातीय उत्पीडन, लैंगिक असमानता, वर्गीय उत्पीडन र बेरोजगारी समस्याबाट गुज्रेको सीमान्तीकरण वर्गहरू थिए । उनीहरू झन् युद्द पछि समाजमा पुनःसमायोजन हुँदा आर्थिक, मानसिक, मनोवैज्ञानिक र सामाजिक परिणामहरूबाट दोहोरो सीमान्तीकरण परेका छन् ।

महिला पूर्व लडाकुको अवस्था  केही सत्तामा पुगेका बाहेक अरुको अवस्था हेर्ने हो भने एकदमै दयनीय अवस्थामा छन् । उनीहरू जनयुद्द पुर्व पनि अधिकांस सीमान्तीकरण अवस्थामा थिए । सरकारले र पार्टीले पनि ध्यान दिन सकेको छैन । उनीहरू एकदम दयनीय

अवस्थामा बाचिरहेका छन् । आर्थिक रूपले हेर्दा गरिव र वर्गको हिसावले कामदार वर्गमा स्थापित भएका छन् । जातीय हिसाबले जनजाती र दलितहरू र लैंगिक हिसाबले महिला अझ दलित महिला दोहोरो सीमान्तीकरण भएका छन् । महिला भयर द्विन्दमा सहभागी भएको कारणले समाजमा विभिन्न लान्छना सहेर बस्नु परेको छ । युद्द लड्दा अधिकास सीमान्तीकरण वर्ग नै भाग लिएका थिय । तिनै वर्ग दोहोरी मार परेका छन् । जनयुद्दले केहि आंसिक परिवर्तन ल्यायो तर यस जनयुद्दले सम्भ्रात वर्गलाई केहि टाठाबाठा, उच्चवर्गका, उच्च जातिलाइ मात्र फाइदा पुगेको देखिन्छ । जो पिधमा रहेर साच्चिकै त्याग गरेका थिए । तिनिहरूनै दोहोरो सीमान्तीकरणमा परेको छन् ।

माओवादी आन्दोलनले पूर्णरूपमा बिजय प्राप्त गर्न नसक्नु र पुरानै संसदीय दलमा मिसिनु, सामाजिक संरचनाको उपरीसंरचनामा उच्च वर्ग र सम्भ्रान्त वर्ग प्रभुत्वहुनु,स्वास्य प्रणालीमा सामाजिक स्तरीकरण हुनु, समाजमा रहेको महिला लडाकु प्रतिको हेराइको इतिहासमा जवरजस्त कायम हुनु नेपालमा आएको सामाजिक परिवर्तन, भौगोलिक विकटता महिला मैत्री वातावरण नहुनु, जनयुद्दका कारण हानिहुदा बनेको नकारात्मक दृष्टिकोणहरू मानव अधिकार उल्लघनका विषयबस्तुले न्याय नपाउनु लैंगिकताको सवालमा पितृसत्तात्मक प्रणाली हाबी हुनु र विश्वव्यापिकरणमा आएको परिवर्तनले माओवादी उद्देश्य गौण बनाउनु जस्ता कारणहरूले लैङ्गिक भुमिका मा परिवर्तन र दीर्घकालीन हुनु मा चुनौती निर्माण गरेको छ ।

# सन्दर्भ सामग्रीहरु

एभलिन, रिड(२०६०), महिलामुक्ति आन्दोलनको सम्बन्धमा काठमाडौं:बिबेक सृजनशील प्रकाशन ।

क्लारा, जेटकिन(२०६०), महिलाहरुको मुक्ति को बारेमा(मार्क्स, एँगल्स, लेनिन्, स्टालिन, माओ) काठमान्डौ : प्रगति पुस्तक प्रकासन ।

के.सी., सुरेन्द्र, (२०६३), "नेपाल कम्युनिष्ट पार्टीको इतिहास" काठमाण्डौ :बिधार्थी पुस्तक भण्डार ।

महिला सचिवालय (२०७५), संम्सदमा महिला । संद्दिय सम्सद सचिबालय,सफ्सेट प्रेस सम्सद भवन, सिहदरबार ।

लामा, गंगाबहादुर, (२०७६), "दसवर्षे स्मृतिका डोबहरू" काठमाण्डौ : सहिद र बेपत्ता समिति प्रतिष्ठान ।

Allen, A. (2014). *Feminist Perspectives on Power. Journal of Social Philosophy 32(4), 512–531.*

ANMS, (2059), http://www.nepaknol.org.np.

ANMS, (2060), http://www.nepaknol.org.np

Batliwala, S. (2007). Taking the Power out of empowerment- an experimental account," Development in Practice. vol. 17 (4), pp 557-565

Beauvoir, S. d. (1949). The data on biology, Chapter 1. In *The Second Sex* (pp. 33-64). Penguin Modern Classics.

Bryson, Valerie. Feminist Political Theory. New York: Pragon House Publisher, 1992.

Candace W. & Don H. Z. (1987). Doing Gende. *Gender and Society, vol. 1(2),* pp.125-51.

Cockburn, Cynthia. 2013. "War and Security, Women and Gender : An Overview of the Issues War and Security, Women and Gender: An Overview of the Issues." Gender & Development 21 (3): 433–452. Taylor & Francis. doi:10.1080/13552074.2013.846632. [Taylor & Francis Online], [Google Scholar]

Cooke, M. (1996*). Women and the war story*. Berkeley: University of California Press.

Engels, Frederick.( 1877), Principles of Communism, (Online) http://marxists.org/archieve/marx/works/1877-ad/pd.html.

Engels, Friedrich.( 1942). The Origin of the Family, Private Property and the State. New York: International Publishers.

Eagly, Alice and Wendy Wood.2003.The Origins of Sex differences in hunam behaviour: evolution, gender and rape.Cheryl Brown Travis.ed.pp.265-304.cambridge, MA: MIT Press.

Gautam, Shobha, Amrita Banskota, and Rita Manchanda. 2001. "Where There Are No Men Women in the Maoist Insurgency in Nepal.*" In Understanding the Maoist Movement in Nepal, 1st* ed., edited by Thapa Deepak, 93–124. Kathmandu: Martin Chautari.

Gautam, Shobha, Amrita Banskota, and Rita Manchanda. 2001. Where there are no men: women in the Maoist insurgency in Nepal. In R. Manchanda (Ed.), *Women, war and peace in South Asia: Beyond victimhood to agency* (pp. 214-251). New Delhi: Sage Publications India.

Goldstein, J. (2001). *War and gender. How gender shapes the war system and vice versa*.Cambridge: Cambridge University Press.

J. Pettiqrew, S. Shneiderman (2004), Women and the maobadiMideology and agency in nepalÚs Maoist movement MPolitical Science

Karki, A. & Seddon, D. (Eds). (2003*). The people's war in Nepal: Left perspectives*. Delhi: Adroit Publishers.

K.C., Luna, Gemma Van Der Haar, and Dorothea Hilhorst. 2017. "Changing Gender Role: Women's Livelihoods, Conflict and Post-Conflict Security in Nepal." *Journal of Asian Security and International Affairs* 4 (2): 175–195.doi:10.1177/2347797017710743.

K.C., Luna. (2011), *Securing Livelihoods: Reintegration of Former Maoist Mother Combatants with Children in Post Conflict Nepal*. Wageningen: Wageningen University.

Little, W. & McGivern, R. (2013). “The Difference between Sex and Gender.” *Introduction to Sociology-1st Canadian addition, British Columbia:* OpenStax College, Chapter 12.

Luxemburg, Rosa. (1951). *The Accumulation of Capital*. New York: Monthly Review Press.

Marx, K. & Engel, F. (1846). *The German Ideolog*. London: published for the first time in 1932 by David Riazanov through the Marx-Engels Institute in Moscow.

Mies, M. (1981*). The Social Origins of the Sexual Division of Labor: Institute of Social Studies.* The Hague—The Netherlands

Mies, M. (2014). *Patriarchy and Accumulation on a World Scale: Women in the International Division of Labor*. London: Zed Books.

Millet, K. (1969). *“Theory of sexual politics,” Sexual Politics, Chapter 2*. Granada Publishig.

OHCHR (2012): Nepal Conflict Report 2012EXECUTIVE SUMMARY an analysis of conflict-related violations of international human rights law and international humanitarian law between Eebruaw 196 and 21 November 2006.

Onesto, Li. (2005). Dispatches from the People's War in Neapl. Pluto Press, London.

sapkota, D. (2010): Ten years of upheaval Report of the ducade long Maoist people's war in Nepal, Indreni Offset Press, Anamnagar, Kathmandu, Nepal.

Seddon, David and Arjun Karki. The People's War in Nepal: The Left Perspective.

Sharma, M & Rita. (2004). Maoist insurgency in Nepal radicalizing gendered narratives. *Cultural Dynamics*, *16*(2/3), 237–258. http://journals.sagepub.com/doi/10.1177/0921374004047750

Sharma, M & Rita. (2001). Women, War and Peace is South Asia: Beyond victimhood to Agency. Sage Publication

Yami, H. (2003)."women's participation in the people's war."*In The People's war in Nepal left Perspectives*, edited by Arjun karki, and David Seddon,165-182. New Delhi; Adroit publishers.

Yami, H. (2007*). People's war & women's liberation in Nepal*. Kathmandu: Janadhwani Publications.

Yami, H.  A Collection of Articles by Comrade Prachanda and other Leaders of the CPN (Maoist). Kathmandu: Janadisha Publication, 2004.

## प्रश्नावली

तथ्याङ्क संकलनका लागि प्रश्नावली

उत्तरदाताको सामाजिक पारिवारिक विवरण

फारम नं.:.......................... मिति :..........................

१. नामः........................... सम्पर्क नं.......................

२. इमेल..........................

३. शिक्षा

क) निरक्षर ख) आधारभूत तह ग) माध्यमिक तह घ) स्नातक वा सोभन्दामाथि

४. उमेर

क) १५-२४ ख) २५-३४ घ) ३५ भन्दा माथि

५. वैवाहिक अवस्था

क) विवाहित ख) अविवाहित ग) छुट्टिएको घ) सम्बन्ध विच्छेद

६. धार्मिक आस्था

क) आस्तिक ख) नास्तिक

७. पेशा

क) कृषि ख) व्यापार ग) राजनीति घ) जागीर

८. तपाईंको परिवारमा कति जना सदस्यहरू हुनुहन्छ ?

क) महिला ख) पुरुष

९. तपाई कुनै राजनीतिक दलमा आवद्ध हुनुहुन्छ ?

क) छ ख) छैन

१०. कुन पार्टीमा हुनुहन्छ भन्न सक्नुहुन्छ ?

११. तपाईले कहिलेदेखि राजनीति गर्न शुरु गर्नु भयो ?

क) २०३६ साल ख) २०५२ साल ग) २०६२ पछि

१२. तपाईंलाई राजनीतिमा लाग्न कसले प्रेरित गर्‍यो ?

क) परिवार, नेतादार  ख) राजनीतिक दलका नेता  ग) साथीभाई  घ) आफै (राजनीति बुझेर अध्ययन गरेर)

**जनयुद्दमा समावेस हुनु पूर्व को अवश्था**

१) तपाई जनयुद्द पूर्व के काम गर्नुहुन्थ्यो ?

२) तपाई जनयुद्दमा समावेस हुदा कति वर्ष को हुनुहुन्थ्यो ?

३) त्यसवेला तपाइको घरको अवस्था कस्तो थियो ?

४) त्यसवेला जग्गा जमिन कति थियो ? वर्ष भरि खाना पुग्थ्यो वा पुग्दैनथ्यो ?

५) कृषि र पशुपालन बाहेक खाध्यान्नकोलागि अन्य स्रोतहरू के के थिए ?

६)तपाइको घरमा कतिजना रोजगारी हुनुहुन्थ्यो ?

(७) समाजमा भएका सामाजिक क्रियाकलापमा तपाईं सहभागी हुनुहुन्थ्यो?

८) तपाई जनयुद्दमा किन र कसरी जोडिनु भयो ?

९) माओवादीमा समावेस हुन् दवाव दिएका थिय वा आफ्नो मनले जानु भयो ?

१०) त्यो बेला जनयुद्दलाई कसरि बुझनु हुन्थ्यो ?

११) गाउँमा सबै भन्दा धेरै र कम कति जग्गा थियो ?

**माओवादी जनयुद्ध सम्बन्धि केही जानकारीहरु**

१. तपाईंको गाउँमा माओवादी जनयुद्ध कहिलेबाट र कसरी सुरुभयो, केही बताइदिनु हुन्छ ?

२. यो गाउँबाट माओवादी जनयुद्धको पहिलो भूमिगत मान्छे को हुनुहुन्छ थाह छ की ?

३. उहाँ कसरी प्रेरित हुनुभयो भूमिगत हुन ?

४. जनयुद्धका क्रममा यो गाउँबाट कति मान्छे मारिए भन्न सक्नुहुन्छ ?

५. तपाईंले माओवादीहरूलाई कसरी सहयोग गर्नु हुन्थ्यो ?

६. तपाईं युद्धमा कुनै लाडाईमा प्रत्यक्ष सहभागी हुनुभयो ? हुनुभयो भने कुनै अनुभव सुनाउन सक्नुहुछ ?

७. समग्रमा माओवादी जनयुद्धका केही सम्झनाहरू भए सुनाइदिनु हुन्छ की ?

## तथ्याङ्क संकलनका लागि प्रश्नावली

१. महिला र पुरुष ले समाजमा के कस्ता कामहरु गर्छन ?

२. किन महिला र पुरुष भएकै कारणले समाजमा काम पनि फरक फरक हुन्छन्न ? तपाईंलाई किन जस्तो लग्छ ?

३.पुरुषले गर्ने भनीएका कामहरु तपाईं आफू ले गर्न सक्छु जस्तो लाग्छ किनाई ?(हलो जोत्न,खन्ना, उत्पादनमूलक कार्य हरु)

४.तपाई जनयूद्धमा होमिदा तपाईंलाई परिवारबाट कत्तिको साथ र सहयोग मिल्यो ?

५. जनयूद्ध मा लाग्दा समाज ले कुन रूप मा हेरर्थियो ?

६. शान्तिप्रकृया पश्चात समाज मा पुनर समायोजन हुन कत्ति को गारो भयो ?

७. समाज मा तपाईं ले आफ्नो पुरुष साथि लाई गर्ने व्यवहार र आफू लाई गर्ने व्यवहार मा के फरक पाउनु भयो ?

८.घरको आयआर्जनमा कसको बढी भूमिका रहेको पाउनुहुन्छ ?

९.तपाईंको घरको पुरुष सदस्य र महिला सदस्य को कमाइ मा कत्तिको फरक छ ?

१०.तपाईं घरायसी निर्णय प्रक्रिया मा सहभागी हुनुहुन्छ ?

११.के तपाईंको स्वामित्वमा कुनै जग्गा/जमीन छ ? यदि छ भने त्यो कसरी प्राप्त गर्नु भयो ?

१२.यूद्ध पहिलेको जीवनयापन र अहिलेको जीवनयापनमा के फरक देख्नुहुन्छ ?

१३.समाजमा हुनि समाजिककार्यहरुमा कसको बढी सहभागिता हुने गर्दछ पुरुष या महिला ?

१४.राजनीतिक पार्टीको सदस्यता लिन तपाईं आफू लाई स्वतन्त्र महसुस गर्नुहुन्छ ?

१५.तपाईंले अहिले के गरेर जीवनचलाइरहनु भएको छ ?

१६.जनयूद्ध पहिला र अहिलेका सासुबुहारीको सम्बन्धमा कस्तो फरक पाउनु हुन्छ ?

१७.तपाईं महिला भएकै कारणले पुरूष सँग दबिने, हिंशा सहने जस्ता कार्यहरु हुन्छन् भोग्नु भएको छ कि छैन ?

१८.घरायसी काम कसले बढी गर्दछ ?

१९.महिलाले गर्ने काम र पुरुषले गर्ने काम भनेर छुटाउनु हुन्छ कि जसले जे सक्नु हुन्छ त्यही गर्नु हुन्छ ?

२०.पैतृक सम्पत्तिमा छोरा र छोरी बीच कस्तो भेदभाव पाउन सकिन्छ ?

२१.के तपाईंले आफ्नो छोरीलाई सम्पति दिनु भएको छ ?

२२.महिला र पुरुष बीच कत्तिको दुरी रहेको छ ?

२३.बच्चा बच्चीहरुको पालनपोषणको मूख्य जिम्मावारी कसले लिनेगरेको छ ?

२४.जनयुद्धको क्रममा पारिवारिक संरचना कस्तो थियो ?

२५.ती पारिवारिक संरचनाहरु कत्तिको दिगोबन्न सक्य ?

२६.जनयूद्धको बेलामा महिला र पुरुषले अभ्यास गरेका कार्यहरू र अहिले गर्ने कामहरुमा के भिन्नता पाउनु हुन्छ ? (महिला र पुरुष ले गर्ने काममा समानता जस्तै भान्साको काम)

२७.सासुससुराले छोरी र बुहारी बीच गर्ने व्यावहार कस्तो रहेको छ ?

२८.लडाकू महिला र महिलाहरुको बीचको सामाजिक सम्बन्ध कस्तो रहेको छ ?

२९.जनयुद्धको क्रममा महिला, पुरुष बीच  स्थापित सम्बन्धलाई स्थानीय नेत्रीत्वोले कसरी लिने गरेको छ ?

३०.जनयूद्धमा स्थापित पारिवारिक संरचना कत्तिको स्थाइ बन्यो ?

३१.जनयूद्धमा पारिवारीक मूल्य मान्यताहरु लाई कसरी लिइन्थियो ?

३२.यूद्ध पछि धर्म संस्कृतिमा के परिवर्तनहरु आए ?

## अध्ययन क्षेत्रमा अनुसन्धान कर्ता र उत्तरदाताहरुको स्थलगत तस्विरहरु























